वर्ष : १७, अंक : २०, काठमाडौं, २०७८ भाद्र ११ गते शुक्रबार, 27 August 2021, Friday पृष्ठ : ८, मूल्य रू : १०

राष्ट्रिय एकता, राष्ट्रियता र मधेशवादप्रति समर्पित www.madheshvani.com

राष्ट्रिय साप्ताहिक

मधेशवाणी

The Voice of Madhesh

पत्रकार सम्मेलन, सभा, गोष्ठी वा बैठक गर्नुपरेमा हामीलाई सम्झनुहोस् ।

कुनै सभा, गोष्ठी, सम्मेलन, बैठक वा पत्रकार सम्मेलन गर्नुपरेमा ६० देखि ७० जनासम्म अटाउने क्षमता भएको हल मधेश मिडिया हाउसमा सम्पर्क राख्नुहोस् ।

| शुल्क | सेवा |
|---|---|
| रू. ५०००।- (पाँच हजार मात्र) | फोन, फ्याक्स, इमेल |

मधेश मिडिया हाउस

हनुमानस्थानचोक, अनामनगर, काठमाडौं

फोन नं. : ०१-५७०६१४१, ९८०८१२५०२४

ई-मेल : madheshmediahouse @gmail.com

## लोसपाले पायो दल दर्ता प्रमाणपत्र

काठमाडौं । महन्थ ठाकुर नेतृत्वको लोकतान्त्रिक समाजवादी पार्टी नेपालले निर्वाचन आयोगबाट दल दर्ताको प्रमाणपत्र प्राप्त गरेको छ । लोसपा नेपाल दर्ता गराइएपछि सनाखतका लागि आयोगले बुधबार बोलाएको थियो । सो दलमा रहेका सांसद तथा केन्द्रीय कार्यकारिणी समितिका सदस्यहरुले बुधबार निर्वाचन आयोग पुगेर सनाखत गरेका छन् । कार्यकारिणी समितिका ५१ मध्ये १७ जनाले सनाखत गरेको जानकारी दिदै उनले आफ्नो दल हिमाल, पहाड र तराइमा क्रियाशील रहने र समाबेशी लोकतन्त्र आफूहरुको मूल्य र मान्यता रहेको बताए ।

## 'छिट्टै सरकारमा जान्छौं'

काठमाडौं । जनता समाजवादी पार्टी, नेपालको संघीय परिषद्का अध्यक्ष डा. बाबुराम भट्टराईले जसपा एक हप्ताभित्रै सरकारमा सहभागी हुने दाबी गरेका छन् । तराई-मधेश र पहाडको प्रतिनिधित्व हुनेगरी समावेशी आधारमा पार्टी सरकारमा जाने उनले जानकारी दिए । जसपाले सात वटै प्रदेशमा आव्हान गरेको पार्टी सुदृढीकरण एवं जनजागरण अभियानअन्तर्गत बागमती प्रदेशलाई समेटेर बुधबार काठमाडौंमा आयोजना गरिएको अभिमुखिकरण कार्यक्रमलाई सम्बोधन गर्दै पूर्व प्रधानमन्त्री समेत रहेका नेता भट्टराईले जसपा नयाँ विचार र एजेण्डासहितको वैकल्पिक शक्तिको उदयमान भएको दाबी गरे ।

महन्थ ठाकुरले प्रतिगमनको मतियार बन्दा प्रधानमन्त्री बन्ने अवसर गुमाएको टिप्पणी गर्दै डा. भट्टराईले ठाकुर-महतोलाई खानेबेलामा अभागीलाई रिस उठे जस्तै भएको व्यंग्य गरे ।

# कांग्रेसले मधेशको माग सम्बोधन गर्ला ?

**नेपाली कांग्रेसको नेतृत्वले सुरुदेखि नै मधेशसँग विभेदको राजनीतिक गर्दै आएको विभिन्न कालखण्डमा भएको सहमति–सम्झौताले पुष्टि गर्दै आएको छ । कांग्रेसकै विभेदका कारण तराई कांग्रेसदेखि मधेशका नाममा थुप्रै राजनीतिक दलहरु जन्मियो । वि.सं. २०५० सालमा नेपाली कांग्रेस नेतृत्वको सरकारसँग तत्कालीन नेपाल सद्भावना पार्टीले सम्झौता गरेको थियो । त्यसपछि पनि कांग्रेसकै नेतृत्वको सरकारले मधेशी शक्तिसँग तीन वटा सम्झौता गर्‍यो । तर मधेशको समस्या जहाँको त्यहीं छ । तालिका हेर्नुस्:**

**मधेशवाणी डेस्क**

काठमाडौं । जनता समाजवादी पार्टी नेपालका दुई अध्यक्षहरु उपेन्द्र यादव र बाबुराम भट्टराइको पछिल्लो अभिव्यक्तिले उक्त पार्टी एक हप्ताभित्रै शेरबहादुर देउवा नेतृत्वको गठबन्धन सरकारमा जाने छ ।

पार्टी सुदृढीकरण एवम् जनजागरण अभियान अन्तर्गत बागमती प्रदेशको काठमाडौंमा बुधबार आयोजना गरिएको अभिमुखिकरण कार्यक्रममा भट्टराईले अबको एक हप्तामै पार्टी सरकारमा जाने बताएका थिए । त्यस्तै विराटनगर-१४ स्थित जिल्ला पार्टी कार्यालयमा बिहीबार आयोजित पत्रकार सम्मेलनमा यादवले पनि उही प्रकृतिको अभिव्यक्ति दिदै एक हस्तामै गठबन्धन सरकारमा सहभागी हुने बताए ।

पार्टीका यी दुई शीर्ष नेताहरुले सरकारमा पार्टीको सहभागिता सुनिश्चित भएको बताइरहँदा कुन उद्देश्य र एजेन्डा बोकेर जाने त्यसबारे केही उल्लेख गरेनन । जसपाको औपचारिक विभाजनको प्रतीक्षामा रहेको उक्त पार्टीले आफना पूर्व अध्यक्ष महन्थ ठाकुरको दल दर्ता हुने बित्तिकै सरकारमा जाने अभिव्यक्तिले खासै तरगं नल्याए पनि सरकारमा सहभागिताको रोडम्याप के हुने भन्ने प्रश्न टड्कारो रुपमा उब्जिएको छ ।

किनभने जसपा अध्यक्ष उपेन्द्र यादव मधेशको माग सम्बोधन गराउने भन्दै तत्कालीन केपी ओलीको सरकारमा सहभागि भएका थिए । १८ महिनासम्म सरकारमा रहँदा उनले मधेशको माग पूरा गराउने सवालमा पूर्णत असफल रहे । त्यसअघि पनि मधेशको मागकै नाममा उनीसहित थुप्रै मधेशी दल र नेताहरु विगतको सरकारमा







यो पनि हेक्का राख्नु पर्छ कि पहिलाको सम्झौता लागू हुन नसकेको अवस्थामा नयाँ सम्झौता र सहमतिको अर्थ कति रहन्छ ?

विगतमा उपेन्द्र यादव नेतृत्वको संघीय समाजवादी फोरम नेपाल र महन्थ ठाकुर नेतृत्वको राष्ट्रिय जनता पार्टी नेपालले तीन बुँदे सम्झौता गरेर प्रधानमन्त्री शेरबहादुर देउवालाई पनि मत दिएका थिए ।

त्यसको पछाडि संविधान संशोधन गराउनु नै उद्देश्य थियो । मधेशी दलले यसरी नै १० वर्षदेखि विभिन्न प्रधानमन्त्रीसँग सहमति गर्दै माग पूरा गराउन संघर्ष गर्दै आएका छन् । उनीहरूको

### नेपाल सरकार र मधेशी दलबीच भएका सम्झौताहरू

| क.सं. | मिति | सम्झौता | प्रथम पक्ष | दोस्रो पक्ष | परिणाम | प्रधानमन्त्री |
|---|---|---|---|---|---|---|
| १. | २०  ० पुस | ४ बुँदे | श्री  को सरकार | नेपाल सद्भावना पार्टी | समस्याको निरन्तरता | गिरिजाप्रसाद कोइराला |
| २. | २०  कार्तिक २६ | ३ बुँदे | श्री  को सरकार | नेपाल सद्भावना पार्टी | समस्याको निरन्तरता | गिरिजाप्रसाद कोइराला |
| ३. | २०६४ भाद्र १३ | २२ बुँदे | नेपाल सरकार | मजफो नेपाल | समस्याको निरन्तरता | गिरिजाप्रसाद कोइराला |
| ४. | २०६४ फागुन १६ | ८ बुँदे | नेपाल सरकार | संयुक्त लोकतान्त्रिक मधेशी मोर्चा | समस्याको निरन्तरता | गिरिजाप्रसाद कोइराला |
| | २०७ फागुन २४ | ११ बुँदे | नेपाल सरकार | स्वतन्त्र मधेश गठबन्धन | विखण्डनवादी राजनीतिको विश्राम | केपी शर्मा ओली |

सहभागी भएकै हुन तर मधेशको एउटा पनि मुद्दा सम्बोधन गराउन उनीहरु सकेनन ।

अहिले नेपाली काँग्रेससहित माओवादी केन्द्र, जसपा, माधव कुमार नेपाल र राष्ट्रिय जनमोर्चासम्मिलत गठबन्धनको सरकार छ । यो सरकारमा सहभागी हुन जसपामाथि अन्य दलबाट राजनीतिक दबाक पनि छ । तर सरकारमा जान हतार गरिरहेको जसपाले के उद्देह्य लिएर जाने हो त्यसको बारेमा पार्टी भित्र र अन्य दलहरुसँग छलफल नै गरेको छैन ।

अहिले देउवा पाँचौ पटक प्रधानमन्त्री बनका छन् । प्रधानमन्त्री बन्दा उनले हरेक पटक मधेशको माग पूरा गर्ने सपथ पनि खाएका हुन । तर आफनो कार्यकालभरि उनले मधेशको एउटा पनि माग पूरा गरेको रेकर्ड छैन । तर पनि मधेशी दलहरु काँग्रेस होस् वा एमाले अथवा माओवादी, सबै दलको नेतृत्वमा बन्ने सरकारमा सहभागी भएकै हुन । यी ठूला दलहरुले मधेशलाई अपमानित गर्दा, मधेशको माग पूरा गर्न/गराउन चासो नदिँदा पनि मधेशी दलहरु लाइनमा बसे झैं केही थान सहमति गरी मन्त्री पद पाउन लालायित हुन्छन् । अहिले पनि देउवाको सरकारमा जान जसपा सम्झौताको प्रतीक्षामा छन् तर उनीहरूले सबै माग यथावत छ र सम्बोधन भइरहेको छैन ।

२०६३ माघ १ गतेदेखि पहिलो मधेश आन्दोलन शुरू हुँदा गिरिजाप्रसाद कोइराला प्रधानमन्त्री थिए । मधेश आन्दोलन चर्केपछि उनले दुई-दुई पटक मधेशलाई सम्बोधन गरे । मधेशको आन्दोलनलाई शान्त पार्नका लागि २२ बुँदे सम्झौता पनि गरेका थिए तर त्यो सम्झौता कार्यान्वयन नभएपछि

*बाँकी अन्तिम पृष्ठमा*

## महन्थलाई भेटेका चौथाइवालेले किन गरे उपेन्द्र-बाबुरामलाई वेवास्ता ?



काठमाडौं । सत्तारुढ नेपाली काँग्रेसको निमन्त्रणामा नेपाल आएका भारतको सत्तारुढ भारतीय जनता पार्टीका विदेश विभाग प्रमुख विजय चौथाइवाले आफ्नो पाँचदिने यात्रा नवगठित नेकपा एकीकृत समाजवादीका अध्यक्ष माधवकुमार नेपालसँग भेट गरी टुंग्याएका छन् । दिल्ली फर्किनुअघि उनले नेपालकै निवास कोटेश्वर पुगेर भेट गरे । जब नेपालले नेकपा एकीकृत समाजवादीको दल दर्ताको प्रमाणपत्र पाए त्यसपछि संसदको चौथो ठूलो दलको अध्यक्षको हैसियतमा नेपालले पहिलो विदेशी पाहुनसँग भेटवार्ता गरे ।

भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीका दूत पनि मानिएका चौथाइवाले नेपाल बसाइका क्रममा सबै दलका शीर्ष नेताहरुसँग भेटघाट गरे ।

उनले संसदको सबैभन्दा ठूलो दल नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओली,उपमहासचिव बिष्णु पौडेल, दोस्रो ठूलो दल कांग्रेसका सभापति तथा प्रधानमन्त्री शेरबहादुर देउवासहित दोस्रो तहका नेताहरु विमलेन्द्र निधि, शेखर कोइराला, शशांक कोइराला प्रकाशमान सिंहदेखि प्रकाशशरण महतसम्मलाई भेटे ।

यस्तै तेस्रो ठूलो दल माओवादी केन्द्रका अध्यक्ष प्रचण्ड तथा वर्षमान पुन र जनार्दन शर्मालाई भेटे भने चौथो ठूलो दलका अध्यक्ष माधव नेपाललाई अन्तिममा भेटे ।

छैटौं ठूलो दल लोकतान्त्रिक समाजवादी पार्टीका अध्यक्ष महन्थ ठाकुरसँग समेत भेटेका चौथाइवालेले पाँचौ दल जनता समाजवादीका अध्यक्षहरु उपेन्द्र यादव र बाबुराम भट्टराइलाई भने भेटेनन् ।

नेपाली नेताहरुसँगको सबै भेट आपसी सम्बन्ध विस्तार गर्ने र आफ्नो दल भाजपा र नेपालका राजनीतिक दलबीचको सम्बन्ध विस्तार गर्ने रहेको चौथाइवालेले बताउँदै गए । जसपाबाट फुटेर दलको आधिकारिकता नपाउँदै महन्थ ठाकुरलाई भेट्न पुगेका भाजपा नेताले यादव र भट्टराईलाई भने बेवास्ता गरे ।

प्रधानमन्त्री शेरवहादुर देउवालाई भेटेर शुरु भएको उनको राजनीतिक दौडाहा माधव नेपाललाई भेटेपछि सकियो तर पाँच दिन काठमाडौंमा बस्दा यादव र भट्टराइलाई भेट [illegible]

*बाँकी अन्तिम पृष्ठमा*

## ठाकुर समूहबाट मधेशको मुद्दा पार लाग्छ भन्नु भ्रम मात्र हो : उपेन्द्र यादव



विराटनगर । जनता समाजवादी पार्टी नेपालका अध्यक्ष उपेन्द्र यादवले लोकतन्त्रको रक्षाको लागि गठबन्धनले सार्वजनिक गरेको न्यूनतम साझा कार्यक्रमको आधारमा जसपा चाडै नै सरकारमा सहभागी हुने बताएका छन् ।

जसपाको सात वटै प्रदेशमा आव्हान गरिएको प्रदेश स्तरीय पार्टी सुदृढीकरण एवं जनजागरण अभियान अन्तर्गत बुधबार विराटनगरमा आयोजित कार्यक्रमलाई सम्बोधन गर्दै अध्यक्ष यादवले भने,- 'संघीय गणतन्त्र, सामाजिक न्याय, जनताको आधारभूत आवश्यकता, न्यूनतम साझा कार्यक्रम र जसपाको एजेन्डालाई मुख्य आधार बनाएर आगामी हप्ताभित्रै सरकारमा सहभागी हुन्छौं ।'

नेकपा एमाले अध्यक्ष केपी शर्माओली हिटलर जस्तै निर्वाचित तानाशाह बन्न खोजेकोले उनको पतन भएको अध्यक्ष यादवले टिप्पणी गरेका छन् । 'लिपुलेक र कालापानीसहितको नक्सा जारी गरेर ओलीले ढोँगी राष्ट्रवादको खोल ओढेका थिए । तर त्यसको केही दिनमै नक्कली राष्ट्रवाद उदांगियो ।'

संविधान संशोधनको लागि सहकार्य गरेको बताउँदै उनले संशोधन नगर्ने नियत बुझेपछि ओलीसँगको सहकार्य अन्त्य भएको उनले बताए ।

'ओलीको तानशाही सपना चकनाचूर पारेर संघीय लोकतान्तिक गणतन्त्रलाई दिगो बनाउने काम जसपाले गरेको छ । यो ओलीकै लागि पनि फाइदाको कुरा हो । उनको सांसद पद सुरक्षित छ,'- अध्यक्ष यादवले भने ।

केही बेइमानहरुले जसपाले थालेको लडाइँको मैदान छाडेर ओलीकै टाङ्गमुनि छिर्ने काम गरेको टिप्पणी गर्दै उनले भने, 'महन्थ ठाकुर एण्ड कम्पनी ओलीकै असंवैधानिक र अवैध कदमको साथ लागेर मन्त्री हुन गए र समाप्त भए । हिजो पनि उनीहरुको दाउँ मन्त्री मात्र बन्ने थियो, आज पनि त्यही चरित्र देखिँदैछ ।'

महन्थलाई प्रधानमन्त्री बनाउँछु भनेपछि मानेका थिए । कांग्रेस पनि सकारात्मक थियो । त्यो सम्भव थियो । तर महन्थ हस्ताक्षर गरेको २ घण्टामै सहमति तोडेर भागे ।

अरुको इशारामा ओलीपथमा लाग्दा आज बेहाल भयो । आज निर्वाचन आयोगमा गुट दर्ता गर्न पुगेका ठाकुर समूहबाट मधेसको मुद्दा पार लाग्छ भन्नू भ्रम सिवाय अरु होइन ।

जसपा अध्यक्ष यादवले निर्वाचन आयोगले दिएको आधिकारिताको हिबासले जसपा फुटेको नभई प्रतिगमनका केही मतियारहरु भागेको टिप्पणी गर्दै युद्ध र अभियानमा हिँड्दा केही कमजोरहरु बाटोमै छोडिएका छन् । पूर्व राजपाका ९०% नेता कार्यकर्ता आज पनि जसपामै छन् । '८०% केन्द्रीय सदस्य जसपाको बैठकमा सहभागी छन् । रुखको बोक्रा सुकेर उप्किएको मात्रै हो । पार्टी फुटेको छैन,- यादवले भने ।

कार्यक्रमलाई सम्बोधन गर्दै जसपाका वरिष्ठ नेता अशोक कुमार राईले नेपाली राजनीतिमा अन्तर्राष्ट्रिय राजनीतिक हस्तक्षेप बढेर गएकोले जनता समाजवादी पार्टीले नेपाली राजनीतिलाई केलाएर अघि बढ्नुपर्ने अवस्था रहेको बताए ।

जसपाका वरिष्ठ नेता राईले भने,- 'हिन्द-प्रशान्त रणनीतिको ज्वाराभाटले हामीलाई छुनेवाला छ । नेपालमा सहज राजनीति हुने छैन । नेपाली राजनीति अहिले फुकीफुकी पाइला चाल्नु पर्ने अवस्थाबाट गुज्रिरहेको छ ।

प्रतिगामी ओली कदमसँग आमनेसामने हुँदै आउँदा ओली प्रवृत्तिको पतन भएको भन्दै उनले नयाँ सरकार र नयाँ प्रवृत्तिको जन्म भएको छ, अब यसलाई अगाडि लिएर जाने जिम्मेवारी जसपाको काँधमा आएको बताए ।

'केही मानिस पार्टी बाहिर गएका छन्, पार्टीबाट कार्बाही गरेर निकालिएको हो । अब पार्टीलाई जनजनको मनमनमा पुर्याउने जिम्मेवारी हाम्रो

*बाँकी अन्तिम पृष्ठमा*

## मुख्यमन्त्री निवास अगाडि शहीद परिवार र घाइतेको प्रदर्शन




जनकपुरधाम । मुख्यमन्त्री र मन्त्रीहरुको निवास रहेको मधेश भवनअघि मधेश आन्दोलनका शहीद परिवार र घाइतेहरुले प्रदर्शन गरेका छन् । प्रदेश सरकारले कार्यालय सहयोगीमा दिएको करार नियुक्तिको म्याद थप नगरेको र कतिपय शहीद परिवारलाई नियुक्ति दिए पनि व्यवस्थापन नगरेको भन्दै उनीहरुले प्रदर्शन गरेका हुन् । सरकारलाई पटक-पटक ज्ञापनपत्र बुझाए पनि माग सम्बोधन नभएपछि बाध्य भएर प्रदर्शन गरेको सर्लाही मलंगवाका मधेश आन्दोलनका शहीद दिनेश राय यादवका भाई रामनरेश राय यादवले बताए । शहीद प्रतिष्ठान गठन गर्नुपर्ने, शहीद परिवारलाई दिएको जागिरको म्याद थप्नुपर्ने, नियुक्ति पाएकालाई व्यवस्थापन गर्नुपर्ने र कार्यालय सहयोगीमा मात्र नभएर योग्यताअनुसार जागिर दिनुपर्ने लगायतक उनीहरुको माग छ ।

## 'आफ्नो घरलाई आगोमा झोसेर खरानी दल्ने'



**जयप्रकाश गुप्ता**

राजेन्द्र महत्तो जी तथा अन्य मुर्धन्य नेताहरूले लोकतान्त्रिक समाजवादी पार्टी ( लोसपा) गठन गरेको र सो नयाँ दललाई निर्वाचन आयोगले मान्यता दिएको प्रमाण पत्र बडो खुशीका साथ पोष्ट गरिरहनु भएको छ ।

एक समाचारमा महतो जी ले 'भद्रगोल पार्टी' बाट मुक्ति पाइएको टिप्पणी गरेको पनि छापिएको छ। यस नव गठित पार्टीले प्रम शेर बहादुर देउवाको सरकारलाई संसदमा 'समर्थन गरिरहने' र माँगहरू पुरा हुने 'देखिएमा' सरकारमा जाने कुरा पनि समाचारमा छ। उक्त दुबै कथ्यले सबै कुराहरू उजागर गरेको छ ।

पुग नपुग एक बर्ष पुराना समाचारहरूको यथेष्ट अभिलेख छ। उपेन्द्र जी का पार्टीसंग एकिकरण गर्न महत्तो जी सर्वाधिक हौसिनु भएको थियो। यो एकिकरण टिक्दैन र स्वभाविक होईन भनेर कतिपयले यसो न गर्न सुझाव दिदां महत्तो जी ले यसो सोच्नेहरू "मधेशलाई यौटा ठूलो शक्ति बनेको देख्न न चाहनेहरू" भनी हुर्मत लिनु भएको थियो।

उहाँहरूमा मधेश भित्र नै 'मित्र शक्ति' र 'सहकार्य योग्य' पक्षको चयनमा किन निरन्तर बिचलन आई रहेको छ ?

उपेन्द्र जी र महत्तो-महन्थ जी का बीच सतहमा आएको पच्छिल्लो बिवादको जरो भनेको तत्कालिन प्रम ओलीलाई समर्थन गर्ने कि बिकल्पमा शेर बहादुर देउवाले नेतृत्व गर्ने संभाव्य सरकारको पक्षलाई समर्थन गर्ने ? यही बिवादको बिषय थियो। महत्तो-महन्थ ठाकुर पक्षले ओलीलाई समर्थन गरेपनि त्यो सरकार टिक्दैन-तेस बेला प्रष्टै थियो। यसका बावजूद पनि उहाँहरूले ओलीलाई समर्थन गरेर पार्टीमा बिखण्डन स्वीकार्ने बाटो रोज्नु भयो। उही महत्तो-महन्थ पक्ष अहिले उही देउवा जी लाई समर्थन गर्न पुग्नु भयो । किन यसो गर्नु भयो ?

> उही महतो-महन्थ पक्ष अहिले उही देउवाजीलाई समर्थन गर्न पुग्नु भयो । किन यसो गर्नु भयो ? संभवतः मधेशमा उहाँहरूले यस प्रश्नको सामना गर्नु पर्ने छैन ।

संभवतः मधेशमा उहाँहरूले यस प्रश्नको सामना गर्नु पर्ने छैन। यिनीहरूको यस बिवादको पछाडी रहेको अन्तर्कथाको मूल कारण जान्ने र यस बारे प्रश्न सोध्ने सामर्थ्य मधेशमा देखिन्। यसर्थ, यिनीहरू प्रश्नको घेराबाट बाहिर छन् । अहिले मधेशमा यिनको यो बिभाजन नयाँ रूप ग्रहण गरिरहेको छ, त्यो हो आत्मघाती जातीय समिकरणको निर्माण। दुबै पक्षले गंभीर खतरनाक रूपमा मधेशका जातीय आधारमा संगठनको निर्माण गर्न लागेर चुनावी स्वार्थलाई सुरक्षित गर्ने तिर लागेका छन् ।

यौटा उखान "आफ्नो घरलाई आगोमा झोसेर खरानी दल्ने"। पहिलो पटक यो उखान चलाउने पक्कै पनि भाषा वा साहित्य क्षेत्रका विद्यावारिधी थिएनन् होला !

## सम्पादकीय

# जसपा, लोसपा र मधेश

चार वटा मधेशी दल एकीकृत भएर बनेको जसपा शीर्ष नेताहरुको सिद्धान्तविहीन कारणले अन्नतः फुटेको छ । जसपाका अध्यक्ष महन्थ ठाकुरले विभाजित भएर लोकतान्त्रिक समाजवादी पार्टी ( लोसपा) गठन गरेका छन् । निर्वाचन आयोगमा दर्ता भएको लोसपाको दर्ता नम्बर १६७ रहेको छ । सरकारले राजनीतिक दल विभाजनका लागि केन्द्रीय समिति वा संसदीय दलमा २० प्रतिशत सदस्य संख्या भए पुग्ने अध्यादेश ल्याएपछि महन्थ ठाकुर पक्षले भदौ २ गते लोसपा दर्ताका लागि निर्वाचन आयोगमा निवेदन दिएको थियो । लोसपाले तत्कालिन जसपाको केन्द्रीय समितिको नभई संसदीय दलको २० प्रतिशत संख्या पु¥याई दल विभाजन गरेको हो ।

राष्ट्रपतिबाट जारी दलसम्बन्धी अध्यादेशअनुसार नियमावली निर्माण गरेर आयोगले यी जसपाको फुटलाई औपचारिकता दिएको छ ।

सामान्यतया लोकतन्त्रमा कुनै पनि विचार समूहले आफ्नो कार्यसूची जनतामाझ लैजाने गरी राजनीतिक दल निर्माण गर्नु या अर्को दल बनाउनु अन्यथा होइन, तर सत्ता छिनाझपटी र स्वार्थको बेमेलकै

तराई कांग्रेसको विरासत बोकेको सद्भावना पार्टी र नेसपाको विरासत बोकेको जनता समाजवादी पार्टी उपेन्द्र र राजेन्द्र पक्षले जति जनतालाई दिएका छन्, त्योभन्दा बढी देश र मधेशले उनीहरूलाई भुक्तानी गरेको यथार्थ पनि स्वीकार गर्दैपर्छ ।

कारण दलहरू फुट्नुलाई भने उचित मान्न सकिन्न । २०४६ सालको परिवर्तनले अपेक्षित उपलब्धि हासिल गर्न नसक्नु र पछि व्यवस्था नै विफल हुनुको एउटा कारण ५० को दशकमा देखिएको दल विभाजनको विकृति पनि हो । किनभने उक्त अवधिमा देशका दुई ठूला दल कांग्रेस र एमाले मात्रै विभाजित भएका थिएनन्, तेस्रो ठूलो दल राप्रपा पनि यही नियतिबाट गुज्रिएको थियो । अहिले जसपासँगै एमाले पनि विभाजित भएको छ । यी विभाजनको पछाडि कुनै गम्भीर सैद्धान्तिक-वैचारिक कारण भने छैन । यो परिस्थिति कुनै नीतिगत मनोमालिन्यका कारण निम्तिएको पनि होइन ।

नेपालको राजनीतिमा मधेशी दलहरुको विभाजन पहिलो होइन । सद्भावना पार्टीका संस्थापक अध्यक्ष गजेन्द्रनारायण सिंहले जीवनकालमा दुईपटक फुट व्यहोर्नु प¥यो । त्यत्तिकै अवधिमा उनका शिष्यहरूले आठ पटकसम्म नेपाल सद्भावना पार्टीलाई चिराचिरा पारे । यसरी विभाजन गर्दा दर्शन, सिद्धान्त र विचारले कहिल्यै प्रमुखता पाएन । पद, पैसा र प्रतिष्ठा नै विभाजनको मुख्य कारक तत्व बनेको थियो । तराई कांग्रेसको विरासत बोकेको सद्भावना पार्टी र नेसपाको विरासत बोकेको जनता समाजवादी पार्टी उपेन्द्र र राजेन्द्र पक्षले जति जनतालाई दिएका छन्, त्योभन्दा बढी देश र मधेशले उनीहरूलाई भुक्तानी गरेको यथार्थ पनि स्वीकार गर्दैपर्छ ।

विगतमा मधेशी जनअधिकार फोरमफो बढ्दो लोकप्रियतामा लगाम लगाउन तराइ मधेश लोकतान्त्रिक पार्टीको जन्म भयो । यहीँबाट फोरम र तमलोपामा टुटफूटको प्रक्रियाको थालनी भयो ।

# राष्ट्रिय योजना, मौद्रिक नीति र कृषिक्षेत्र

**विचार-विश्लेषण** भाग-१०५



उपेन्द्र झा

देशको आर्थिक क्षेत्रको तेस्रो खम्बाको रुपमा रहेको सहकारी क्षेत्रसँग सर्वसाधारण जनताको अत्याधिक पहुँच रहेकोले कृषिक्षेत्रलाई उकास्न सरकारले कृषि सहकारीलाई बढी प्रोत्साहन दिएर अगाडि बढायो । अर्थ क्षेत्रमा व्याप्त बेथितिका कारण सहकारी अभियानले पनि अपेक्षित उपलब्धि दिन सकेन । यसरी बेथितिमै लड्खडाउँदै सबै कुरा चलि रहेकोले कुनै क्षेत्र प्रगति गर्न सकेको छैन ।

उत्पादन बढाउन कृषिक्षेत्रमा आमूल परिवर्तन गर्ने सरकारको संकल्पिक सिद्धान्तको कार्यान्वयन अवधि तीन दशकभन्दा छ । सरकार, राष्ट्रिय योजना तथा नेपाल राष्ट्र बैंकसम्म योजनाको कार्यान्वयन निष्पक्ष देखिए पनि त्यसपछिको अवस्था आलोच्य छ ।

विपन्न देशको राजनीतिकर्मी जतिसुकै क्रान्तिकारी देखिए पनि व्यक्ति दरिद्र मानसिकताका सबै रोगी छन् । राजतन्त्र होस् कि लोकतन्त्र, देश विकास गर्ने योजनाकै गर्भबाट “व्यक्ति पोस्ने” प्रवृत्तिको जन्म भएको हो । राजतन्त्रमा यो प्रवृत्ति सानो आकारमा देखिएको थियो भने लोकतन्त्र प्रणालीमा झाँगिदै यसले विशाल आकार ग्रहण गरेको छ । आर्थिक अनियमितताको सञ्जाल देशभरि फैलिएर हरेक क्षेत्रलाई आफ्नो ग्रास बनाएको छ । तीन दशकको आर्थिक प्रयासले कुनै क्षेत्रलाई प्रगतिशील बनाउन सकेको छैन ।

व्यक्ति पोस्ने प्रवृत्तिले आफ्नो अस्तित्व कायम राख्न संस्थागत किल्ला बनाएको जसको रेखदेख सरकारले नै गरेको छ । विकास कार्यका लागि विनियोजित बजेट मन्त्रालयबाट कमिशनको भरमा तल झर्छ । कार्यक्रम स्थलसम्म पुगेर कि त डीपीआरसम्म होइन भने आधी संरचनामा गएर बजेट रकम सिध्याइ दिने अर्को आन्तरिक योजनाले काम गरेको हुन्छ ।

बजेट कार्यान्वयनको यो अनौठो प्रक्रियामा माथिदेखि तलसम्म सरकारी संयन्त्रले कमिशनखोर, तस्कर, माफियाको ठूलो नेटवर्क बनाएको छ । सरकार यिनै नेटवर्कका कारिन्दा रहेकोले जीत प्रगतिशील उद्देश्य ल्याएपनि असफल हुँदै आएको छ । कुनै क्षेत्रको तथ्यांक माथि उठ्ने दिशातिर अग्रसर छैन ।

सरकारको योजनाले युवाहरुको गरिबी, बेरोजगारीलाई सम्बोधन गर्न नसकेका कारण झण्डै ७० लाख युवाहरु विदेश पलायन हुन बाध्य भए । अन्तर्राष्ट्रिय श्रम बजारमा नेपालको यति ठूलो श्रमशक्ति बेचिन बाध्य युवाहरुको पीडाबाट राजनीतिकर्मीहरु न त सम्वेदनशील भए न शर्मसार । बरु देशको बजेटको आधी रकम बमोजिम विप्रेषण पाएर अति नै रमाए । किनभने विप्रेषणले अर्थतन्त्रमा ३०% ले योगदान गरेको छ । जनताको क्रयशील बढेकाले विदेशी वस्तुको आयातबाट राजस्वमा वृद्धि हुन्छ । विदेशी मुद्राको संचिती बढाउनमा विप्रेषणको योगदान हुन्छ ।

०७८ बैशाखसम्म विप्रेषण गत यसै अवधिको तुलनामा १९.२% ले वृद्धि भई ८ खर्ब ९ अर्ब ८९ करोड भित्रिएको छ । ०७८/०७९ को बजेट १६ खर्ब ४७ अर्ब ५७ करोड रहेको छ । नेपालको अर्थतन्त्रमा विप्रेषणले ३०% योगदान गरेपनि यसको स्थायित्व भने छैन । विप्रेषण बाढी जस्तै छ पनि छैन पनि । अर्थतन्त्रमा यसको योगदानलाई कसरी स्थिर गर्ने भन्ने सरकारको कुनै नीति छैन ।

श्रमशक्तिको पलायनबाट उत्पादनको महत्वपूर्ण कृषिक्षेत्रको अवस्था दयनीय छ । हरेक पञ्चवर्षीय योजनामा कृषिक्षेत्रलाई प्राथमिकतामा राख्नु, बजेट विनिमय गर्नु, कृषि विकासको उत्कट चाहना सरकारले राखेको कुरा प्रशंसनीय रहेपनि कृषिमा अपेक्षित उपलब्धि आउन नसक्नु व्यक्ति पोस्ने नीति हो भन्ने कुरा नस्वीकार्नु आलोचनाको विषय हो । आव ०७६/०७७ मा कूल गार्हस्थ उत्पादनमा कृषिक्षेत्रको योगदान ३०.७% रहेकोमा आ.व. ०७७/७८ मा २०.२% मा झरेको छ ।

पञ्चवर्षीय योजनामा कृषि विकासको नियमित कार्यक्रमभन्दा कृषिमा द्रूत फड्को मार्न अतिरिक्त २० वर्षे कार्यक्रम पनि राखेको छ । २०१५ देखि सुरु भएर २०९५ सम्म सञ्चालित कृषि विकास नीतिको चौथो २० वर्षे नीति सञ्चालित छ । तर पनि कृषिको प्रगति सूचकांक शून्य अवस्थामा रहेको छ ।

०७७ साउनदेखि मंसिरसम्म पाँच महिनामा १७ अर्ब १८ करोड ८६ लाख ९ हजारको चामल आयात गर्ने तथ्यांकले नेपालको अर्थतन्त्रको दुर्बलता त्यसै प्रष्ट हुन्छ । तीन अर्ब ६३ करोड ५७ लाखको चामल मासिक रुपमा आयात गर्ने अवस्था कति भयावह छ । आयातको दर गत वर्षको तुलनामा ६५.३% ले बढी हो ।

गत वर्षको तुलनामा यो वर्ष १.०५% धान उत्पादन कम भएको छ । गत वर्ष ५६ लाख १० हजार मेट्रिक टन धान उत्पादन भएको थियो भने चालू आ.व.मा ५५ लाख ५१ हजार मेट्रिक टन धान भयो । दुई दशक अघिको व्यापार घाटाको तुलनामा अहिलेको व्यापार घाटा ४ गुणाले वृद्धि भएको देखाउँछ ।

देशको आर्थिक क्षेत्रको तेस्रो खम्बाको रुपमा रहेको सहकारी क्षेत्रसँग सर्वसाधारण जनताको अत्याधिक पहुँच रहेकोले कृषिक्षेत्रलाई उकास्न सरकारले कृषि सहकारीलाई बढी प्रोत्साहन दिएर अगाडि बढायो । अर्थ क्षेत्रमा व्याप्त बेथितिका कारण सहकारी अभियानले पनि अपेक्षित उपलब्धि दिन सकेन । यसरी बेथितिमै लड्खडाउँदै सबै कुरा चलि रहेकोले कुनै क्षेत्र प्रगति गर्न सकेको छैन ।

बेथितिमा आर्थिक अनियमितता बढेकोले यसले हरेक क्षेत्रमा नकारात्मक प्रभाव पारेकाले विकासका आयोजनाहरु परिणाममुखी हुन सकिरहेको छैन । विकास आयोजनाको कार्यान्वयनमा नै आर्थिक अनियमितता निहीत रहेकोले यी प्रयासहरु निरन्तर चलिरहने स्वाभाविक हो ।

कृषक र विपन्न वर्गलाई पनि सम्बोधन गर्ने भनेर नेपाल राष्ट्र बैंकले मौद्रिक नीति सार्वजनिक गरेको छ । परियोजना धितोमा राखी २० लाखसम्म कृषि व्यवसाय सञ्चालन गर्ने असल कृषक तथा विपन्नवर्ग लाभान्वित हुने कृषि कर्जा लगानी गर्ने तथा यस्तो कर्जालाई बीमा गर्नुपर्ने नीति ल्याएको छ ।

वाणिज्य बैंकले कूल कर्जाको ११%, १३% र १५% गरी ०७८ देखि ०८० सम्म कृषि क्षेत्रमा लगानी गर्ने नीति राखेकोमा ०७८ असारसम्म १३.२% को चार खर्ब २५ अर्ब ८३ करोड कर्जा प्रवाह भएको कुरा सार्वजनिक भएको छ । साना तथा मझौला उद्यम क्षेत्रमा वाणिज्य बैंकले ०७८ असार मसान्तसम्म ३ खर्ब २७ अर्ब ८० करोड कर्जा प्रवाह गरेको छ । कृषि तथा पशुपन्छी व्यवसायमा संलग्न ४६ हजार ऋषीलाई १ खर्ब ६ अर्ब ९८ करोड कर्जा प्रवाह भएको छ । ५५ हजार ५ सय ५१ महिला उद्यमीलाई ५० अर्ब ९८ करोड ऋण प्रवाह गरिएको छ । यी रेकर्डहरु सार्वजनिक हुँदा यो लगानीको उपलब्धि भने सार्वजनिक गरिँदैन ।

विकासका नाममा दिइने यी सहयोगहरु नक्कली कृषक र बिचौलियाहरुको पोल्टामा जाँदा उपलब्धि शून्य हुन्छ । सरोकारवाला अशली कृषहरुका लागि यो सहुलियत ऋण पाउने प्रक्रियाको जटिलताले शोकेसको मिठाई समान हेर्न मिल्ने खान नमिल्ने जस्तै भएको छ ।

janukjha24@gmail.com

# वन अभियन्ताहरूको आमरण अनशन स्थगित

जनकपुरधाम । चुरे तथा वन जंगल संरक्षण अभियन्ताहरुको आमरण अनशन नवौं दिनमा स्थगित भएको छ । प्रदेश २ सरकारका तर्फबाट भौतिक पूर्वाधार विकास मन्त्री रामसरोज यादव र आन्दोलनरत पक्षबीच सहमति भएपछि अनसनकारीहरुले आफ्नो अनशन तोडेका हुन् ।

मन्त्री यादवले जुस खुवाएर अनसनकारी चुरे तथा वन जंगल संरक्षण अभियानका केन्द्रीय सहसंयोजक रानी राय र धनुषा संयोजक अमन यादवको अनशन तोडाएका हुन् ।

मन्त्री यादवका स्वकीय सचिव धिरेन्द्र मोहन झाले सरकार र अनसनरत पक्षबीच भएको सहमतिको पाठ पढेर सुनाएका थिए । सिरहास्थित मारुती सिमेन्टले कब्जा गरेको वनको जग्गा फिर्ता हुनुपर्नेलगायत विभिन्न पाँचबुँदे माग राख्दै अभियन्ताहरु जनकपुरधामस्थित जनकचोकमा आमरण अनशनमा बसेका थिए ।

मन्त्री यादवले काठमाडौंमा रहेका मुख्यमन्त्रीलाई जनकपुरधाम आउन दुई चार दिन लाग्ने भएकाले आफुलाई फोन गरेर अनसनकारीको माग सम्बोधनका लागि छानबिन समिति बनाएर सत्य तथ्य पता लगाई माग सम्बोधनको एक हप्ता भित्रै पहलकदम लिने बताएकाले अनशन तोडन आग्रह गरेको थियो ।

तर अनशनकारी पक्षले मन्त्री यादवको कुरा मानेन । उनीहरुले मुख्यमन्त्री लालबाबु राउत आफुहरुको घटना र मागमा लापरबाही देखिएको र पटक पटक सम्बन्धित विषयमा जानकारी गराउदा समेत मुख्यमन्त्री अनसन गरेकाले उनैले आएर सम्बोधन गरे मात्र अनसन तोडिने आन्दोलनरत पक्षको माग थियो ।

चुरे विनाशकै कारण मधेसमा पानीको जलस्तर समेत घट्दै गइरहेको अवस्थामा चुरे विनाश हुनबाट बचाउनु सबैको कर्तव्य रहेको उनीहरुको भनाइ थियो । चुरे अभियन्तामाथि लगाइएको झुटा मुद्दा खारेज हुनुपर्ने, वन नियमावली २०५१ को दफा २२ लाई मिचेर डिभिजन वन कार्यालय सिरहाका प्रमुख सुभाष दासले आर्थिक कार्यक्रम सञ्चालन गरेको र सो कुन आधारमा गरेको हो त्यसको छानबिन हुनुपर्ने, गत आर्थिक वर्षमा डिभिजन वन कार्यालय सिरहाले कोटेसनमार्फत खरिद गरेको फलफूल बिरुवा खरिदमा गरेको अनियमितताको छानबिन हुनुपर्ने र आर्थिक वर्ष २०७६/७७ र २०७७/७८ मा डिभिजन वन कार्यालय सिरहाले गरेको कार्यमाथि छानबिन हुनुपर्नेलगायतका माग राख्दै उनीहरुले आमरण अनशन सुरु गरेका थिए ।

यसअघि पनि प्रदेश सरकारलाई ध्यानाकर्षण गराउँदै पटक-पटक ज्ञापनपत्र बुझाउँदासमेत कुनै सुनुवाइ नभएपछि बाध्य भएर आफूहरु आमरण अनशनमा बस्न परेको चुरे तथा वन जंगल संरक्षण अभियानका केन्द्रीय सहसंयोजक रानी रायले बताए ।

17-20, Madheshvani, Bhadra-11, 2078.pmd 2 8/27/2021, 10:54 AM

# जसपा विभाजनको कारण व्यक्तिवादी प्रवृत्ति हो

व्यक्तिवादी प्रवृत्ति हावी छ, त्यसकारण नेतृत्व दोषी छन् । यो आचरण र प्रवृत्तिलाई हामीले सच्याउनुपर्छ । अब नयाँ पार्टीको रुपमा हामी अगाडि बढ्दै जाँदा त्यो प्रवृत्ति र आचरणलाई त्याग्न सकेनौं भने जनताले जो कोहीलाई विश्वास गर्दैन । त्यसकारण, हाम्रा अगाडि ठूलो चुनौती पनि छ र अवसर पनि छ ।



## राजकुमार लेखी

### केन्द्रीय कार्यकारिणी समिति सदस्य
### लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) नेपाल

**० लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) नेपालले निर्वाचन आयोगबाट दल दर्ताको प्रमाणपत्र पाएको छ । लोसपा वैकल्पिक शक्ति बन्छ ?**

– नेपालका राजनीतिक दलहरु टुटफुटबाट अगाडि बढेको हामी सामु छर्लङ्गै छ । ठूला भनाउँदा एमाले, कांग्रेस, माओवादी लगायतका दलहरुले आफूलाई जनताकै बीचमा, जनताकै पार्टी र समाजवादकै कुरा गरिरहेका छन् । सबैले जनजीविका, सुशासन र रोजगारीकै कुरा गरिरहेका छन् । यसैबीच लोकतान्त्रिक समाजवादी पार्टी नेपाल भर्खरै जन्मेको एउटा पार्टी हो । भन्न त सबैले आफूलाई वैकल्पिक राजनीतिक शक्तिको रुपमा दाबी गरिरहेका छन् । सबैले आफूलाई वैकल्पिक शक्तिकै दाबी गरिरहँदा पनि ती सबै कुरा नारामा मात्रै सीमित देखिएको छ । त्यो वैकल्पिक शक्ति व्यवहारमै देखिनुपर्छ । त्यसकारण लोसपाको वैकल्पिक शक्ति नारामा मात्रै सीमित रहँदैन । आगामी दिनमा हाम्रो पार्टीको नीति, विचार र व्यवहारमा कस्तो हुन्छ, त्यस कुरालाई नै विश्वास गरेर जनताले आफ्नो जनमत दिने हो । हामी व्यवहारमा देखाउन सक्यौं भने जनताका बीचमा स्थापित हुन्छौं ।

**० तर जसपालाई वैकल्पिक शक्ति बनाउने भनेर लाग्नुभयो, किन विभाजन गर्नुभयो ?**

– जसपा विभाजनका कारण सबैका अगाडि छर्लङ्गै छ । एकले अर्कालाई दोषारोपण गर्ने, आरोप लगाउने कामहरु भइरह्यो । सरकारमा आफू गयो भने अग्रगमनकारी हुने, अरु व्यक्तिको नेतृत्वमा सरकारमा गयो भने प्रतिगमनकारी हुने । १९ महिनासम्म उपेन्द्र यादवजी दुई तीन वटा मन्त्री लिएर केपी ओलीको सरकारमा सहभागी हुँदा एउटा पनि माग र मुद्दा सम्बोधन गराउन नसक्दा त्यो अग्रगमन भयो । तर महन्थ ठाकुरजीको अगुवाईमा एक दर्जन मन्त्रालय, दर्जनौं झुठा मुद्दा खारेजी, थुप्रै साथीहरुको रिहाई र थुप्रै माग मुद्दा सम्बोधनार्थ प्रक्रियामा जाँदा त्यसलाई प्रतिगमन देख्ने आरोप-प्रत्यारोपका कारण यो अवस्थामा आएको हो । त्यसकारण दोषी त हामी सबै छौं ।

**० तर जसपा निर्माण भएको एक वर्षमै विभाजनको संघारमा पुग्यो, मत-मतान्तरका बारे पार्टीभित्र किन छलफल र बहस भएन ?**

– जसपाभित्र रहेका केही मुख्य नेतृत्वहरुमा आत्मकेन्द्रित प्रवृत्ति बढी देखिन्छन् । टीम वर्क र सामूहिक भावनाको अभाव देखिन्छ । जसपा नेपाल आजभन्दा एक वर्ष वा छ महिना अगाडिको अवस्थामा हुँदा त्यहाँ समाजवाद, सुशासन, प्रदेश २ को सरकारको कुरा गर्दा केही नेतृत्वले नजरअन्दाज गरेका थिए । जुन आन्दोलनको बलमा प्रदेश २ को सरकार निर्माण भएको छ, त्यही सरकार सुशासन, पारदर्शिता र समाजवादको बारेमा अनुभूति हुने खालका कुनै काम गर्न सकेन । बरु भ्रष्टाचारमा लिप्त, व्यक्तिवादी प्रवृत्ति, प्रदेश सरकार केवल आफ्नो निर्वाचन क्षेत्र मात्रै केन्द्रित रहेर समाजवादको कुरा गर्न सुहाउँदैन । त्यसकारणले यी सब कुराहरु नै प्रमुख कारण हो जसपा विभाजन हुनुमा । व्यक्तिवादी प्रवृत्तिका कारण जसपा विभाजन भएको हो ।

**० तपाईंहरुसँग त २० प्रतिशत मात्रै छ, उपेन्द्र यादवसँग ८० प्रतिशत नेता कार्यकर्ताहरु छन् नि ?**

– संख्याको कुरा गर्ने हो भने आजभन्दा केही दिन पहिला त त्यो संख्या हामीसँगै थियो । जति बेला हामी सरकारमा गइरहेका थियौं, त्यतिबेला त्यो संख्या हामीसँग थियो । अहिले उपेन्द्रजीहरुको सरकारमा जाने चर्चा चलेपछि त्यो संख्या उहाँसँग देखिएको छ । त्यसकारण, अवसरवादीहरुको ओहोर-दोहोर गर्ने प्रवृत्ति छ, यसले खासै महत्व राख्दैन । आज जुन संख्या उपेन्द्रजीसँग छ, त्यो संख्या भोलि महन्थ ठाकुर नेतृत्वको पार्टीसँग पनि हुनसक्छ ।

**० अवसरवादीहरुलाई नै पार्टीभित्र बढी स्थान दिइने गरिन्छ नि ?**

– व्यक्तिवादी प्रवृत्ति हावी छ, त्यसकारण नेतृत्व दोषी छन् । यो आचरण र प्रवृत्तिलाई हामीले सच्याउनुपर्छ । अब नयाँ पार्टीको रुपमा हामी अगाडि बढ्दै जाँदा त्यो प्रवृत्ति र आचरणलाई त्याग्न सकेनौं भने जनताले जो कोहीलाई विश्वास गर्दैन । त्यसकारण, हाम्रा अगाडि ठूलो चुनौती पनि छ र अवसर पनि छ । त्यसैले हामी अब सच्चिनुपर्छ, गलत र नकारात्मक प्रवृत्तिलाई त्याग्नुपर्छ ।

**० लोसपाको सनाखतका बेला सांसद रेशम चौधरीले पनि सनाखत गर्नुभएको थियो, अहिले उहाँ जसपामै छु भन्नुएको छ भन्ने कुरा आइरहेको छ त ?**

– सांसद रेशम चौधरीले सनाखतका लागि पठाएको पत्र हामीले निर्वाचन आयोगमा बुझायौं । त्यसपछि उहाँले के भन्नुभएको छ, हिजोबाट उहाँको धारणा के छ, त्यो हामीले बुझ्न सकेका छैनौं । हामीले दल दर्ता गराउने बेलामा, सनाखतका बेला आफू महन्थ ठाकुरकै पक्षमा सनाखत पठाउनुभएको थियो । उहाँले लिखितरुपमै महन्थ ठाकुर समूहमै छु भनेर भन्नुभएको थियो ।

**० टीकापुर घटनाको आरोपित भनेर रेशम चौधरी जेल जीवन बिताइरहेका छन्, लोसपाले अब के गर्छ ?**

– रेशम चौधरीजी तत्कालीन राजपाबाट आधिकारिकरुपमा उम्मेद्वारी दिनुभएको थियो, त्यहाँका जनताले उहाँलाई अत्याधिक मतले निर्वाचित गरे । उहाँले अहिलेसम्म एमाले, माओवादी, कांग्रेस वा अन्य दलमा आबद्ध हुनुभएको छैन । स्वाभाविकरुपमा जुन पार्टीमा उहाँ आबद्ध हुनुहुन्छ, त्यो पार्टीले उहाँको रिहाइका लागि पहल गरिरहेकै छ । तर त्यो पर्याप्त छैन । थरुहट आन्दोलनकारीहरुले पनि उहाँको रिहाइका लागि सडक संघर्ष गरिरहेकै छन् । त्यसैले रेशमजी आबद्ध भएको पार्टी र थरुहट आन्दोलनकारी शक्तिहरुले आफ्नो तर्फबाट पहल गरिरहेकै छन् । तर त्यसको खासै सुनुवाइ भएको हामीले पाउँदैनौं ।

**० देउवा सरकारले आफ्नो साझा न्यूनतम् कार्यक्रममा लाल आयोगको प्रतिवेदन सार्वजनिक गर्ने, मधेश-थरुहटको माग मुद्दा सम्बोधन गर्ने लगायतका प्रतिबद्धताहरु गरेको छ । यसबीचमा तपाईंका पार्टी अध्यक्षसँग पनि प्रधानमन्त्रीको छलफल भएको छ । के-के विषयमा छलफल भएको हो ?**

– प्रधानमन्त्री शेरबहादुर देउवासँग हाम्रा पार्टी अध्यक्ष महन्थ ठाकुरको सम्वाद भएको थियो । त्यो क्रममा मधेश-थरुहट, जनजाति आन्दोलनका बारेमा प्रधानमन्त्री देउवासँग छलफल भएको हो । सरकारमा आउनका निम्ति पनि छलफल र सम्वाद गर्छु भन्नुभएको छ । तर अहिले प्रमुख रुपमा प्रधानमन्त्रीसँग माग र मुद्दाकै सवालमा छलफल भएको थियो ।

**० देउवा सरकारमा जाने शर्तहरु के-के छन् ?**

– हामीले जुन माग र मुद्दा अगाडि बढाएका थियौं, तिनै विषयमा देउवा सरकारसँग छलफल गरेका छौं । अहिले सरकारमा जाने वा कति वटा मन्त्रालय पाउनेबारे कुनै कुरा भएको छैन । हाम्रो प्रमुख कुरा अहिले माग र मुद्दा नै हो । यदि हाम्रो माग र मुद्दाबारे सकारात्मक प्रक्रियाहरु अगाडि बढ्यो भने विचार गर्न सकिन्छ । तत्काल हाम्रो पार्टीका निम्ति प्राथमिकताको विषय माग र मुद्दा नै हो । तर सम्वादमा सकारात्मक कुराहरु आयो भने, माग र मुद्दाप्रति सरकार गम्भीर भयो भने सरकारको बारेमा पनि सोच्न सकिन्छ ।

**० लोसपाले विगतका के-कस्ता कमी कमजोरीहरु सच्याउनुपर्ने हुन्छ ?**

– नेपालको समकालीन परिवेशमा सबै दलभित्र एकै खालका गलत प्रवृत्ति हावी भएको देखिन्छ । सबै दलका मुख्य नेतृत्वहरु दलाल पुँजीपतिको चंगुलमा छन् । माफियाहरु सबै पार्टीमा हावी भएको हामी देख्छौं । सबभन्दा पहिला हाम्रो नेतृत्वको ध्यान त्यतातिर जान आवश्यक छ । अन्य दलहरुले जतिसुकै समाजवाद र जनवादको कुरा गरे पनि जनताको सबभन्दा चासो र प्राथमिकताको विषय शिक्षा र स्वास्थ्य हो । शिक्षा र स्वास्थ्यको क्षेत्रमा राज्यको तर्फबाट कमसेकम २५ प्रतिशत रकम छुट्याएर पनि जनताको बीचमा काम गर्न सक्यौं भने नेतृत्व र दलहरुप्रति जनताको विश्वास बढ्न सक्छ ।

**० पार्टीभित्र नीतिगत सुधार गर्नुपर्ने कुराहरु के-के छन् ?**

– नेतृत्व जसरी जनताप्रति जवाफदेही हुनुपर्ने हो, त्यसलाई आत्मसात गर्नुपर्छ । जनताको बीचमा पार्टीको नीति र कार्यक्रम जानुपर्ने हो । हामी आफ्नो घोषणापत्रमा जनताका कुराहरु लेख्छौं, आकर्षक र चर्का भाषण गर्छौं तर व्यवहारमा ती कुराहरु देखिँदैन । त्यसको मुख्य जिम्मेवार प्रमुख नेतृत्व नै हुन् ।

# लाल आयोगको प्रतिवेदन लोकप्रियताकै लागि प्रयोग भइरहेको छ



## सीएन थारु

### सदस्य, तराई मधेश राष्ट्रिय परिषद्

**० टीकापुर विद्रोहको ६ वर्ष पूरा भएको छ, यो अवधिलाई कसरी समीक्षा गर्नुहुन्छ ?**

– भाद्र ७ गते टीकापुर विद्रोहको ६ वर्ष पूरा भएर ७औं वर्षमा प्रवेश गऱ्यो । थारुहरु आफूलाई जतिबेला पनि न्यायको पक्षमा उभ्याउने कोशिस गरे । यद्यपि न्यायको पक्षमा उभिँदा उनीहरुले जे समर्थन प्राप्त गरेका थिए, त्यो विभिन्न पार्टीहरुमा बाँडिएको स्थिति छ । त्यो मनोविज्ञानलाई हामीले विश्लेषण गर्न सक्नुपर्छ । राज्यले थारुहरुप्रति एउटा षड्यन्त्र गरेकै छन् । यो छ वर्षलाई समीक्षा गर्दा मनोदशा बलियो भएर आएको पाइन्न । थरुहट आन्दोलन उठ्न कोशिश गरे पनि सकेको छैन । त्यसैले, निर्दोष राजबन्दीहरुको रिहाईसम्म हेर्दा थारु समुदायका माग मत्थर भएको देखिन्छ ।

**० टीकापुर घटना राजनीतिक घटना हो भनेर सबैले भनिरहेका छन्, तर पीडितहरुले अहिलेसम्म न्याय पाउन सकेका छैनन्, के कारण देख्नुहुन्छ ?**

– नेताहरुको बोलीमा हामी भर पऱ्यौं भने त्यसले वर्षौंवर्षसम्म बेवकुफ बनाउँदो रहेछ । टीकापुर विद्रोह राजनीतिक घटना हो भनेर सबैले भनिरहेका छन्, यसमा कसैको विमति देखिँदैन । पहिलो त आन्दोलनको स्प्रिट के थियो त भन्ने कुरा नै प्रधान हो । थारुहरुको आन्दोलन आत्मगौरवका लागि हो । आत्मगौरवलाई प्रधान विषय ठान्ने थारुहरु बाँकी विषयलाई गौणरुपमा बुझ्छे । अहिले नेताहरुको जुन बोली आउँदैछ, त्यो लोकप्रियताका लागि हो । तर आत्मगौरवलाई आत्मसात गर्ने गरी कुनै त्यस्तो व्यवहार देखिँदैन । यो यथार्थ हो कि टीकापुर विद्रोहको जग नयाँ संविधान जारी पश्चात् खप्टिएको छ । आफ्नो जग नै खप्टिएको अवस्थामा अहिले प्रपञ्च हावी भएको छ र इतिहास सम्झिने कोशिश हुन छाडेको देखिन्छ ।

**० थरुहट जनतालाई झुक्याउनका लागि मात्रै यस्ता कुराहरु गरिन्छ त ?**

– यो प्रपञ्च नै हो । राज्यको दृष्टिकोण हेर्ने हो भने टीकापुर विद्रोह हो भनेर स्वीकार गर्न सकिरहेको छैन । उनीहरु कुनै न कुनै रुपबाट यो अपराधिक घटना हो भन्ने उनीहरुको बुझाइ छ । २०७२ मा तेश्रो पटक टीकापुर विद्रोहको रुपमा संगठित भएर आयो । यसले थारुहरु अब इतिहासको निर्माण कसरी गर्ने हुन् हेर्न बाँकी छ । साँचिक्कै विगतका इतिहासको समीक्षा थारु आन्दोलनकारीले गर्न सके यो पटक पनि नयाँ इतिहासको रचना हुनेमा विश्वास गर्न सकिन्छ । लाल आयोगले त यो एउटा राजनीतिक घटना हो, यसलाई स्वीकार गर्न भनिसकेको छ । लडाइको वातावरण निर्माण गर्ने मुख्य कारक तत्व त्यहाँका सिडियो र एसपी हुन् । ती दुईटा उपर कारबाही हुनुपर्छ भनेर लाल आयोगले प्रतिवेदनमा सिफारिस गरेको अवस्था छ । त्यसैले यो सरकारले तत्काल लाल आयोग सार्वजनिक गर्दैन । अदालतलाई प्रमाणको रुपमा नआओस् भनेर यिनीहरुले प्रपञ्च रचेका छन् । लाल आयोग सार्वजनिक भएकै दिन अदालत सामु एउटा प्रमाणको रुपमा आउने हो । तर जब लाल आयोगको प्रतिवेदनलाई प्रमाणको रुपमा ग्रहण गर्छ, तब कानूनी कारबाहीहरु निष्क्रिय हुँदै जाने भएकोले उनीहरुले तत्काल त्यसलाई सार्वजनिक नगर्ने मनसाय देखिएको छ ।

**० यो सरकारले आफ्नो साझा न्यूनतम् कार्यक्रममै ल्याएको छ कि लाल आयोगको प्रतिवेदन सार्वजनिक गर्ने भनेर । किन सार्वजनिक गर्दैन त ?**

– यो सरकारले लाल आयोगको प्रतिवेदन सार्वजनिक गर्छ भन्ने कुराको विश्वास गर्ने आधार छैन । जुन मनोविज्ञानबाट अहिले पनि उनीहरु निर्देशित हुँदैछन्, तबसम्म उनीहरु सकारात्मक ढंगबाट सोच्नै सक्दैनन् । टीकापुर विद्रोहको विषयमा वर्तमान शेरवहादुर देउवा नेतृत्वको सरकारले समेत न्यूनतम साझा कार्यक्रम घोषणा गर्दा लाल आयोग प्रतिवेदन सार्वजनिक गर्ने विषय समेटेको छ । त्यसो त त्यसअघि संसदमा नै नेपाल सरकारको तर्फबाट केपी ओलीले लाल आयोग प्रतिवेदन सार्वजनिक गर्ने वाचा गरेको थियो तर अन्तकालसम्म त्यो लुकाइयो । यसले आशंका उत्पन्न गराएको छ नै, साथै टीकापुर थारु विद्रोह सल्टाउने सरकारको आश्वासन तथा सरकारमा सहभागी हुने अमूक दलहरूको लागि बहाना प्राप्त भइरहेको छ ।

**० भनेपछि सरकारले लिखितरुपमै प्रतिबद्धता गरेपनि लाल आयोगको प्रतिवेदन सार्वजनिक गर्दैन ?**

– अहिले महन्थ ठाकुर र उपेन्द्र यादव समूह यो सरकारलाई विश्वासको मत नै दिएका छन् । शेरबहादुर देउवा, प्रचण्ड, माधव नेपालसमेतको यो सरकारले जुन कुरा आफ्नो साझा न्यूनतम् कार्यक्रममा ल्यायो त्यो एउटा ढाँट्ने कुरा मात्र हो । यसअघिको केपी ओली नेतृत्वको सरकारले पनि संसदमा नै भनेको थियो । त्यसकारणले संसदलाई ढाँट्ने केपी ओली र जनतालाई ढाँट्ने शेरबहादुरको गठबन्धनबीच कुनै तात्विक अन्तर नै छैन । किनभने तिनीहरु कुनै न कुनै रुपमा शासक सम्भ्रान्तहरु हुन् । सम्भ्रान्त वर्गले आफ्नो शासन सत्तालाई भत्काउने काम गर्दैन ।

**० लाल आयोगको प्रतिवेदन पनि एउटा लोकप्रियताकै लागि प्रयोग भइरहन्छ त ?**

– हाम्रो निष्कर्ष त्यहीं नै हो । अझै उनीहरु भनिरहेका छन् कि यसलाई परिमार्जन गरेर सार्वजनिक गर्छौं । जस्ताको तस्तै सार्वजनिक गर्ने कुरालाई अहिलेसम्म पनि उनीहरु स्वीकार गरेकै छैन । पहिलो कुरा त उनीहरुले कहिल्यै पनि लाल आयोगको प्रतिवेदन सार्वजनिक नै गर्दैन । गर्नेपर्ने बाध्यता आयो भने आफ्नो शासन सत्ता जोगाउनका लागि थारुहरुलाई नै दोषी देखाउने गरी संशोधन गर्छन् ।

**० लाल आयोगका संयोजक पूर्वन्यायाधीश गिरिश चन्द्र लालले त यो प्रतिवेदन सार्वजनिक हुँदा सरकारलाई कुनै पनि घाटा हुँदैन, यसले राष्ट्रिय एकता मजबुत हुन्छ भन्नु भएको छ नि ?**

– लाल आयोगका संयोजक पूर्वन्यायाधीश गिरिश चन्द्र लालको भनाइ आफ्नो ठाउँमा ठिकै होला । यो प्रतिवेदन त नेपाल सरकारकै मातहतमा बनेको हो । सरकारले सो घटनाको छानबिनका लागि उच्चस्तरीय जाँचबुझ आयोग गठन गरेको थियो । आधुनिक राज्यमा चाहे जस्तोसुकै प्रतिवेदन तयार होस्, उसले आफ्नो फ्रेमलाई बिर्गान चाहँदैन । टीकापुर विद्रोहको माग के हो भने अहिलेको राज्यसत्ताको फ्रेम भत्किनुपर्छ । यदि नयाँ नेपाल बनाउने हो भने त्यो फ्रेममा अब सम्भव छैन ।

**० टीकापुर विऽोहको मूल मर्म के हो त ?**

– अन्य थप विकसित प्रक्रिया र प्रविधिको सहि उपयोग गर्दै थारुमा नयाँ विश्वास सिर्जना गर्ने हो भने स्वशासनको आधार बनाउन सकिन्छ । तब मात्र थारु राष्ट्रियताको स्वशासन र स्वायत्तताको जगमा उभिने थरुहट राज्यको भविष्य उज्यालो देखिने होला । त्यसैले, जगबाटै उठ्ने कोसिस गर्न सके मात्रै टीकापुर थारु विद्रोहको मर्म सही अर्थमा आत्मसात गर्न सकिने देखिन्छ ।

**० लाल आयोगको प्रतिवेदन सार्वजनिक गराउन तराई मधेश राष्ट्रिय परिषद्को भूमिका कस्तो हुनेछ ?**

– लाल आयोगको प्रतिवेदन सार्वजनिक गर्नुपर्ने कुरा जो-जोले समावेश गराए उसले आफ्नो भूमिका निर्वाह गरुन् । तराई मधेश राष्ट्रिय परिषद्को एजेण्डा के छ भने अब पूरानै ढाँचाबाट यो राज्यप्रति साझापन र अपनत्व ग्रहण गर्न सकिँदैन । त्यसैले परिषद्ले सुरुदेखि नै संविधान पुनर्लेखनको कुरोलाई उठाउँदै आएको छ । संविधान पुनर्लेखनको विधि आमरुपमै छलफल गरेर ल्याउनुपर्छ । हिजो एउटा विधि अपनाइयो, संविधानसभा भनेर । अब एउटा यस्तो विधि तय हुनुपर्छ कि जहाँ सबैको वास्तविक प्रतिनिधिहरु त्यहाँ उपस्थित होस् ।

# राजनीतिक प्रतिवेदन तथा प्रस्तावहरू

## जनता समाजवादी पार्टी, नेपालको २०७८ जेठ ८ र श्रावण ३२ गते काठमाडौँमा भएको केन्द्रीय कार्यकारिणी समितिको बैठकमा प्रस्तुत राजनीतिक प्रतिवेदन तथा प्रस्तावहरूलाई अद्यावधिक गरी २०७८ भाद्र १ र २ गते भएको केन्द्रीय समितिको प्रथम बैठकबाट पारित

**१. विषय प्रवेश**

सङ्घीय परिषद्का अध्यक्षज्यू, केन्द्रीय समितिका अध्यक्षज्यू, वरिष्ठ नेता तथा सम्पूर्ण साथीहरू, २०७७ बैशाख १० गते राष्ट्रिय जनता पार्टी, नेपाल र समाजवादी पार्टी, नेपालको एकीकरणबाट हामीले जनता समाजवादी पार्टी, नेपाल निर्माण गऱ्यौं । पार्टी एकीकरण भएको झण्डै सोह्र महिना बितिसकेको छ । यस अवधिमा विगतमा भए गरेका कामहरूको सिंहावलोकन गर्दै आगामी दिशा तय गर्न यो बैठक आयोजना भइरहेको छ । यस अवसरमा सर्वप्रथम सम्पूर्ण साथीहरूलाई हार्दिक स्वागत तथाअभिवादन । देश र जनताको मुक्तिका खातिर देशको लोकतान्त्रिक आन्दोलन, जनयुद्ध, ऐतिहासिक मधेस जनविद्रोह, आदिबासी जनजाति, खस, थारु, शिल्पी/दलित, महिला, मुस्लिमलगायतका सबै खाले आन्दोलनमा आफ्नो सुन्दर जीवन बलिदान गर्ने वीर सहिदहरूप्रति भावपूर्ण श्रद्धाञ्जली, वेपत्ता परिवारप्रति हार्दिक सम्मान तथा आन्दोलनमा अङ्गभङ्ग र घाइते भएका सम्पूर्ण योद्धाहरूको स्वास्थ्य लाभको कामना गर्दछौं ।

यसबिच देशमा केही उथलपुथलपूर्ण घट्नाहरू घटे । सङ्घीय संसदको बैठक चलिरहेकै बेला त्यसको सूचना टाँस गरी अन्त्य गर्नेदेखि दोस्रो पटक प्रतिनिधि सभा विघटनको काम समेत भए । त्यसको विरुद्ध सङ्घर्ष, प्रतिनिधि सभाको पुनर्स्थापना र पुनः भङ्ग, नेकपाको आधिकारिकतासम्बन्धी फैसला, अध्यादेशमार्फत शासन, सङ्घीय संसदको अधिवेशन, सम्मानित सर्वोच्च अदालतद्धाराप्रतिनिधि सभा दोस्रोपटक पुनर्स्थापना, त्यसपश्चात नयाँ सरकार गठन अहिले देशको राजनीतिक परिदृश्यमा घटिरहेका मुख्य घटनाहरू हुन् । देशमा क्रान्ति र प्रतिक्रान्ति तथा अग्रगमन र पश्चगमनको बिच ठूलो सङ्घर्ष चलिरहेको छ । २०७७ पुस ५ गते प्रतिनिधि सभाको विघटनसँगै देशमा चलिरहेको यो सङ्घर्ष नयाँ शक्ति सन्तुलनको अवस्थामा प्रवेश गरेको छ । सङ्घीयता, गणतन्त्र, समानुपातिक समावेशीकरण, धर्मनिरपेक्षता र समावेशी लोकतन्त्रविरोधी प्रतिगामी तथा यथास्थितिवादी शक्तिहरू सल्बलाउन थालेका छन् । उनीहरू विगतका प्राप्त उपलब्धीहरू उल्टाउने षड्यन्त्र गर्दै छन् । नेपालमा पटकपटकको आन्दोलन र राजनीतिक परिवर्तनको बाबजुद पूरानो राज्यसत्ता र त्यसका संयन्त्रहरू परिवर्तन नहुनुले नै क्रान्तिका उपलब्धीहरू समयक्रमसँगै समाप्त हुने गरेको छ । साढे तीन वर्षसरकारको नेतृत्व गरेको पार्टी नेकपा (एमाले)को गतिविधि नै यस दिशामा केन्द्रित हुन पुग्यो । त्यसैले यस परिस्थितिको गम्भीरताका साथ विश्लेषण गर्दै देशलाई अग्रगामी परिवर्तनको दिशामा लान हाम्रो पार्टीको काँधमा गम्भिर जिम्मेवारी आएको छ । यो जिम्मेवारी पूरा गर्न हाम्रो पार्टीले स्पष्ट राजनीतिक कार्यदिशाका साथ अघि बढनै पर्छ ।

अहिलेको हाम्रो पार्टीको राजनीतिक कार्यदिशा प्राप्त उपलब्धीहरूको रक्षा गर्दै थप उपलब्धीका लागि सङ्घर्ष गर्नु तथा विकासको समाजवादी बाटो अवलम्बन गर्दै समतामूलक समृद्धि र सुशासनको दिशामा देशलाई अगाडी बढाउनु हो । नयाँ शक्ति सन्तुलनले आकार लिइरहेको परिप्रेक्ष्यमा हामीले सतर्कताका साथ प्रतिगमनविरोधी सबै राजनीतिक शक्तिहरूसँग सहकार्य गर्दै अगाडी बढ्ने नीति लिएका छौँ । मुलुकमा देखा परेका यी घट्नाहरूको विश्लेषण गर्दै राजनीतिक प्रतिस्पर्धा र पहलको माध्यमबाट पार्टीलाई राजनीतिक, आर्थिक, सामाजिक तथा साँस्कृतिक हरेक क्षेत्रमा आफ्नो अग्रगामी विकल्प भएको देशको पहिलो राजनीतिक शक्तिको रूपमा स्थापित गर्नु आजको हाम्रो मुख्य कार्यभार हो । यीनै कुराहरूलाई ध्यानमा राख्दै बैठकसमक्ष यो राजनीतिक प्रतिवेदन तथा प्रस्तावहरू प्रस्तुत गरिएको छ ।

**२. पार्टी एकीकरणको ऐतिहासिक महत्त्व**

जनता समाजवादी पार्टी, नेपाल निर्माण निश्चय नै एक दुरगामी महत्त्वको घटना हो । आफ्नो अलग ऐतिहासिक पृष्ठभूमिसहित राष्ट्रिय मुक्ति, पहिचानसहितको सङ्घीयता र समतामूलक समृद्धिलाई आफ्नो गन्तव्य बनाई अलग अलग रूपमा अगाडि बढिरहेका राष्ट्रिय जनता पार्टी र समाजवादी पार्टीबिचको एकीकरणले नेपालका उत्पीडित राष्ट्रियताहरू तथा श्रमजीवी जनतामा ठूलो उत्साह पैदा गरेको थियो । यो एकीकरण आदिवासी जनजाति, मधेसी, खस, शिल्पी/दलित, मुस्लिम, पिछडा वर्ग लगायत सबै उत्पीडित वर्ग, क्षेत्र, लिङ्ग एवम् समुदायहरूले सदियौँदेखि चलाइ आएको मुक्ति आन्दोलनको एकीकरण पनि हो । यसले नेपाली समाजमा विद्यमान सामन्ती वर्णव्यवस्थामा आधारित एकल जातीय राज्यको अन्त्य गरी नेपाललाई बहुराष्ट्रियतामा आधारित सङ्घीय राज्यमा रूपान्तरित गर्ने र नयाँ आधारमा राष्ट्रिय एकताको प्रवर्द्धन गर्ने लक्ष्य राखेको छ । यस एकीकरणले नयाँ संविधान जारी भएपछि देशमा यथास्थितिवादी पार्टीहरूको वर्चश्व अन्त्य तथा परिवर्तनकारी जनताको पक्षमा देखा परेको राजनीतिक रिक्ततालाई पूरा गर्नुका साथै देशको राज्य व्यवस्थाको नेतृत्व दिन सक्ने भरपर्दो वैकल्पिक राष्ट्रिय शक्ति निर्माण हुने छ । त्यसैले यस एकीकरणले उत्पीडित वर्ग, क्षेत्र, लिङ्ग र समुदायहरूको मुक्ति आन्दोलनलाई ठूलो बल प्रदान गरेको छ । देशैभरी जनतामा उत्साहको लहर सृजना भएको छ ।

राष्ट्रिय जनता पार्टी र समाजवादी पार्टीबिचको एकीकरणले नेपालको राष्ट्रिय स्वाधिनता, लोकतन्त्र र सामाजिक न्यायको आन्दोलनमा भरपर्दो शक्ति निर्माण गरेको छ । यसले नेपालको समाजवादी आन्दोलनमा नयाँ बैचारिक प्रवाहको रूपमा समुन्नत सङ्घीय समाजवादलाई अगाडी सारेको छ भने सङ्गठनात्मक रूपमा सङ्घीय ढाँचाको पार्टी निर्माण गर्ने सङ्कल्प गरेको छ । हाम्रो विचारले वहुल राष्ट्रिय राज्यको नेपालको विशिष्ट स्थितिलाई सम्बोधन गर्ने समाजवादको बाटो तय गर्ने छ भने सङ्घीय ढाँचाको पार्टीले पार्टीको शक्तिलाई केन्द्र र प्रदेशहरूमा बाँडफाँटका साथै पार्टीमा नियन्त्रण र सन्तुलन कायम हुने छ । पार्टीको विधानमै सामुहिक नेतृत्व र समावेशी प्रतिनिधित्वको नेतृत्व प्रणाली हुने व्यवस्था गरेको छ । नेपालमा पार्टी परिचालनका सन्दर्भमा अध्यक्षात्मक र महासचिवीय प्रणालीहरूलाई बढी प्रयोग गरेको पाइन्छ । हामीले ती दुबै भन्दा भिन्न सामुहिक र समावेशी नेतृत्व प्रणाली विकास गरेका छौं । पार्टीलाई श्रृङ्खलाबद्ध समिति प्रणालीहरूमा अगाडी बढाउने स्पष्ट व्यवस्था भएको छ । त्यसरी नै यसले नेपाली राष्ट्रियताको नाममा एकल नश्लीय राष्ट्रियताको विरोध गर्दै वहुलतायुक्त राष्ट्रियताको पक्षपोषण गरेको छ । यसले नेपाललाई सबै जाति, भाषा, क्षेत्र र लिङ्गको अपनत्व भएको साझा घर बनाउने छ ।

**३. समायोजनको कामलाई गति दिनेबारे**

हामीले २०७७ मङ्सिर मसान्तभित्र आधारभूत रूपमा पार्टी एकीकरणको काम सक्ने योजना बनाएका थियौं । यस अवधिको पार्टीको मुख्य काम नै पार्टी र भातृ सङ्गठनहरूको समायोजन हुनु पर्थ्यो । पार्टीको अन्तरिम विधान र समायोजन निर्देशिका- २०७७ले यस सन्दर्भमा स्पष्ट मार्गदर्शन गरेको छ । तर पार्टी एकीकरणको १६ महिना बितिसक्दा पनि हालसम्म समायोजनको कामले गति लिन सकेको छैन । पछिल्लो पदाधिकारीहरूको बैठकले पार्टीको प्रदेश, जिल्ला समन्वय समिति, पालिका समिति र वडा समितिहरूको समायोजनका लागि समय नै तोकेर पठाए पनि अपवादबाहेक त्यसको कार्यान्वयन भएन । हालसम्म केही जिल्लाको मात्र समायोजन भएको छ । प्रेस मञ्च नेपालबाहेक जनवर्गीय सङ्गठनहरू पनि कुनै समायोजन भएको छैन । यसको कारण के हो यस बैठकले निर्क्योल गरी समयोजनको कामलाई गति दिन जरुरी छ । यदी पार्टीको अन्तरिम विधान बाधक भएको हो भने पार्टी विधानको धारा ५७ ले व्यवस्था गरे बमोजिम यथासिघ्र विधान अधिवेशन गरेर अन्तरिम विधानलाई प्रतिस्थापन वा केन्द्रीय समितिको बैठक बसी संशोधन गर्नु पर्दछ भने पार्टीका नेता वा पूर्व पार्टीको स्वार्थ मात्र बाझ्केको कारणले हो भने पार्टीको परिपत्र र समायोजन निर्देशिकालाई कडाइका साथ पालना गर्न निर्देशित गर्नु पर्दछ । पार्टी एकीकरण र समायोजनको काम निश्चय नै जटिल प्रक्रिया हो । सबैका आआफ्ना अपेक्षाहरू हुन सक्छन् । तर यसलाई पार्टी विधान र निर्देशिकाबमोजिम सकेर अधिवेशनहरूमार्फत लोकतान्त्रिक विधिबाट हल गर्नु पर्दछ । साथै पार्टीका प्रत्येक नेता कार्यकर्ताहरूले आफ्नो व्यक्तिगत अपेक्षा र चाहनाभन्दा पार्टीको नीति, सिद्धान्त र विचारलाई प्राथमिकतामा राख्नु पर्दछ । अतः ढीलो नगरी पार्टी र भातृ सङ्गठनहरूको समायोजन गरी पार्टीको कार्यभार पूरा गर्न अग्रसर हुनु पर्दछ र पार्टी विस्तार र सुदृढीकरणका लागि वैचारिक अभिमुखीकरण, प्रशिक्षण तथा जनजागरणको अभियान लिएर अगाडी बढ्नु पर्दछ ।

**४. वर्तमान राजनीतिक परिस्थिति**

ओली नेतृत्वको सरकारले संसदलाई सत्तास्वार्थको बन्दी बनाएको थियो । पटकपटक संसद विघटन र अध्यादेश शासन यसको ज्वलन्त उदाहरण हो । सरकारको सिफारिसमा राष्ट्रपतिद्वारा दोस्रोपटक गरेको प्रतिनिधि सभा विघटनलाई २०७८ साल असार २८ गते सम्मानित सर्वोच्च अदालतले बदर गरी प्रतिनिधि सभा पुनर्स्थापना गरेपश्चात् नेपालको राजनीतिमा नयाँ सम्भावनाका ढोका खुलेको छ । हाम्रो पार्टी एकीकरणदेखि हालसम्मको नेपाली राजनीतिका केही परिघट्नाहरूलाई यहाँ सङ्क्षिप्तमा विवेचना गरिएको छ ।

**४.१ सङ्घीय संसदलाई सत्तारुढ दलभित्रको विवादको छायाँ बनाउने दुष्प्रयत्न**

नेपाल कम्युनिष्ट पार्टी (नेकपा)को सरकार बनेको केही समयपछि देखि नै त्यस पार्टीभित्र सत्ता सङ्घर्ष चल्यो । हुनत सत्ता साझेदारीकै लागि आलोपालो प्रधानमन्त्रीको सम्झौताको आधारमा यो पार्टी एकीकृत भएको थियो । पार्टीभित्र सङ्घर्ष चुलिएपछि संसदीय परम्पराअनुरूप संसदीय दलभित्र अविश्वासको प्रस्ताव राखेर नेकपाको प्रचण्ड-नेपाल समूह अगाडी बढ्नु पर्थ्यो । तर त्यस प्रकृयामा नगई प्रधानमन्त्रीलाई सत्ता छोड्न दवाव सृजना गरिरहे । वर्तमान प्रधानमन्त्री केपी शर्मा ओलीले पनि पार्टीभित्र असहयोग भएको भन्दै पटकपटक सङ्घीय संसदलाई त्यसको अचानो बनाए । सङ्घीय संसदमा बजेट अधिवेशन चलिरहेको बखत सभामुख र संसदको कार्यव्यवस्था समितिलाई जानकारी नै नगराई सूचना टाँस गरेर अधिवेशनको अन्त्य गरे, जुन प्रतिनिधि सभा नियमावलीको नियम ३ विपरीत थियो । हिउँदे अधिवेशन नजिक आइसकेपछि २०७७ पुस ५ गते प्रतिनिधि सभा विघटन गरी देशलाई प्रतिगमनको दिशामा लाने षडयन्त्र गरे । यसलाई तुरुन्तै राष्ट्रपतिले स्वीकार गरे । यो सर्वथा अलोकतान्त्रिक, असंवैधानिक र सर्वसत्तावादी कदम हो । राष्ट्रपति र प्रधानमन्त्री मिलेर संविधानमाथि गरिएको प्रहार हो । वास्तवमा लोकतन्त्रमा पार्टीभन्दा माथि उठेर संसदमा बहस हुने गर्दछ । देशको नीति र विधि निर्माणमा सांसदहरूले स्वतन्त्रतापूर्वक काम गर्ने गर्दछ । तर पार्टीभित्रको सत्ता सङ्घर्षको अभिव्यक्ति संसदमा हुन गयो । राजनीतिक स्थिरताको नारा दिई सत्तामा आएको नेकपा (एमाले) र नेकपा (माओवादी केन्द्र)को गठबन्धन पार्टी एकीकरण गरी नेपाल कम्युनिष्ट पार्टी (नेकपा) को रूपमा एकीकृत पार्टी बन्यो र संसदभित्र झण्डै ६४ प्रतिशत बहुमत भएको पार्टीको नेताको रूपमा ओलीले सरकारको नेतृत्व गरे । तर त्यही पार्टी देशमा राजनीतिक अस्थिरता र अराजकताको पर्याय बन्न गयो । कोरोनाको कहरले १२ लाखभन्दा बढी श्रमजीवीहरूले रोजगारी गुमाएको बेला ३० अरबभन्दा बढी खर्च हुने गरी २०७८ जेठ ७ गते दोस्रो पटक मध्यावधी निर्वाचन घोषणा भयो । संसदलाई प्रधानमन्त्रीले आफ्नो तुष्टीकरणको साधन बनाउने प्रयत्न पटकपटक गरे । यो संसदको मात्र होइन, संविधान नै खारेज गरी देशलाई अधिनायकवादतर्फ डोऱ्याउने प्रधानमन्त्रीको षडयन्त्र थियो, जसलाई नेपाली जनताले राजनीतिक तथा कानुनी सङ्घर्षको माध्यमबाट पराजित गर्न सफल भएका छन् ।

**४.२ संसद विघटन र पुनर्स्थापनाका लागि भएको सङ्घर्ष**

प्रधानमन्त्रीले संसद विघटन गर्दा संविधानको धारा ७६ र ८५ तथा अन्तर्राष्ट्रिय संसदीय परम्पराको उल्लेख गर्दै संसद विघटनलाई प्रधानमन्त्रीको विशेषाधिकार भएको उल्लेख गरे । तर नेपालको संविधानमा संसदभित्र वैकल्पिक सरकार बनाउने सम्भावना रहेसम्म संसद विघटन गर्न नपाउने स्पष्ट व्यवस्था छ । संविधानको धारा ७६(१) बमोजिमको बहुमतको, ७६(२) बमोजिमको संयुक्त र ७६(३) बमोजिमको संसदको सबैभन्दा ठूलो दलले पनि सदनमा बहुमत प्राप्त गर्न नसके त्यस्तो अवस्थामा समेत विघटन गर्न नपाउने गरी संविधानमा धारा ७६ को उपधारा ५ को व्यवस्था गरिएको छ । त्यसमा संविधानको धारा ७६(२) बमोजिमको कुनै प्रतिनिधि सभा सदस्यले प्रतिनिधि सभामा विश्वासको मत प्राप्त गर्न सक्ने आधार प्रस्तुत गरेमा त्यस्तो व्यक्तिलाई राष्ट्रपतिले प्रधानमन्त्री नियुक्ति गर्ने व्यवस्था छ । त्यस्तो सरकारले पनि ३० दिनभित्र संसदको विश्वास प्राप्त गर्न नसके मात्र संविधानको धारा ७६(७) बमोजिम संसद विघटन गरी नयाँ निर्वाचनको घोषणा हुन सक्ने स्पष्ट व्यवस्था छ । संविधानको धारा ७६ को उपधारा १, २ र ३ अनुरूप बनेको प्रधानमन्त्रीलाई संसद विघटन गर्ने अधिकार छैन । यस्तो परिस्थितिमा संसद विघटनको घट्नालाई हाम्रो पार्टीले अलोकतान्त्रिक, असंवैधानिक र प्रतिगमनकारी कदम ठहर गर्दै सबैभन्दा पहिला जनसङ्घर्षको कार्यक्रम घोषणा गऱ्यो । विस्तारै नेपाली काङ्ग्रेस र नेपाल कम्युनिष्ट पार्टी (नेकपा)को प्रचण्ड-माधव समूह पनि सडकमा आए । त्यसरी नै बौद्धिक पेसाकर्मी, नागरिक समाज, पत्रकार जगत सबै नै ओलीगमनको रूपमा चर्चित यस कदमको विरुद्ध सडकमा आए । यसको परिणामस्वरूप प्रतिगमनको विरुद्ध व्यापक जनमत सृजना भयो र उक्त कदमलाई सम्मानित सर्वोच्च अदालतले असंवैधानिक ठहर गरी २०७७ फागुन ११ गते प्रतिनिधि सभा पुनर्स्थापित गऱ्यो । तर ओली सरकारले संसदप्रति पूर्वाग्रह राखेर कुनै बिजिनेस नदिई संसदलाई गतिहिन बनाउने काम गरे ।

**४.३ प्रतिनिधि सभा पुनर्स्थापना, नेकपासम्बन्धी विवादको निरूपण र नयाँ शक्ति सन्तुलन**

प्रधानमन्त्री ओलीले विघटन गरेको प्रतिनिधि सभा फागुन ११ गते संवैधानिक इजलासको फैसलापछि पुनर्स्थापना भएपछि संविधान पुनः लिकमा आएको थियो । अदालतले राजनीतिक निर्णयहरूको आधारमा होइन संविधानको आधारमा निर्णय गर्छ भन्ने कुरा यो विघटित संसदको पुनर्स्थापनासम्बन्धी ऐतिहासिक निर्णयले जनतामा विश्वास बढ्यो । तर प्रधानमन्त्रीले आफैँले विघटन गरेको प्रतिनिधि सभा पुनर्स्थापना हुँदा पनि राजिनामा गरेनन् । बरु अझै टिक्नका लागि विभिन्न हत्कण्डाहरू प्रयोग गरे । संविधानको धारा ७६ को उपधारा १, २ र ३ को सरकार मात्र होइन धारा ७६ को उपधारा ५ को सरकारसमेत आफ्नै नेतृत्वमा गठन गर्न दाबी प्रस्तुत गरे । यो राजनीतिमा अनैतिकताको पराकाष्ठा हो । स्वेच्छाचारी ढङ्गले अधिनायकवादी शैलीमा शासन चलाउने, विधिको शासन नमान्ने र नीति नमान्नेहरू कहिल्यै नैतिक हुँदैन भन्ने कुरा यसले प्रमाणित गरेको छ । चरा नाङ्गै हिंड्छ तर लाज हुँदैन, ओली पनि नाङ्गै छन् तर लाज छैन । उत्कृष्ट संविधान बनाएँ भनेर ढ्वाङ फुक्दै हिड्नेहरूका लागि यो लाजमर्दो विषय हो ।

प्रतिनिधि सभाको पुनर्स्थापनाको लगतै नेपाल कम्युनिष्ट पार्टीको नामसम्बन्धी विवादको पनि सर्वोच्च अदालतले फैसला गरेको छ । अस्वाभिक रूपमा ढिलो, करिब तीन वर्ष लगाएर सुनाएको यो फैसलाले भने सर्वोच्च अदालतलाई पुनः विवादमा तानेको छ । नेकपासम्बन्धी विवादमा रिट निवेदकले पार्टीको नाम मात्र दाबी गरेर रिट दिएको थियो । तर रिट निवेदकले माग दाबी नै नगरेको विषयमा प्रवेश गरेर सर्वोच्च अदालतले पूर्वपार्टी नेकपा (एमाले) र नेकपा (माओवादी केन्द्र)लाई बिउँताउने निर्णय गऱ्यो । यस निर्णयले वर्तमान राजनीतिक गतिरोधलाई अन्त्य गर्नुको सट्टा देशलाई झन अन्योलता, दिशाहिनता र अस्थिरतातर्फ धकेलेको छ । अदालतले संविधान र कानुनको व्याख्या भूतप्रभावित हुने गरी गर्न मिल्दैन । यस सम्बन्धमा धेरैजसो कानुनबेत्ताहरूको धारणा एकीकरणलाई 'स्टाटस को' मा राखेर अर्को नाम छान्न आदेश हुनुपर्थ्यो भन्ने रहेको छ । संसद पुनर्स्थापनासम्बन्धी मुद्दामा संवैधानिक इजलासले ओली सरकारलाई ६४ प्रतिशत बहुमत प्राप्त संसदीय दलको नेताको रूपमा संविधानको धारा ७६(१) अनुसारको सरकार भनेको छ । यसको अर्थ नेपाल कम्युनिष्ट पार्टी (नेकपा)ले मान्यता पाएको ठहर्छ । त्यसैले पछिल्लो निर्णय कानुनतः अल्ट्राभाइरस देखिएको छ । तर सर्वोच्च अदालतको निर्णय मान्न बाध्य हुने भएकाले अब त्यही अनुरूप स्वीकारेर पार्टीहरू अगाडि बढिसकेका छन् ।

सर्वोच्च अदालतको यी दुई निर्णयपश्चात् संसदको राजनीतिक शक्ति सन्तुलन पनि परिवर्तन भएको छ । एकीकृत भइसकेको नेकपा दुई पार्टीमा विभाजित हुनु र तिनीहरूबिचको शक्ति सङ्घर्षले सदनमा सत्तापक्ष कमजोर भएको थियो । यस्तो स्थितिमा हाम्रो पार्टीले आफ्नो तात्कालिक माग र मुद्दामा मात्र होइन नीति, सिद्धान्त र विचारकेन्द्रित राजनीति गर्नु पर्दथ्यो । तर पार्टीभित्रबाटै ओलीको प्रतिगामी तथा स्वेच्छाचारी कदमलाई सघाउने गतिविधी सुरु भयो । २०७७ पुस ७ गते भएको केन्द्रीय कार्यकारिणी समितिको बैठकले दुबै अध्यक्षको हस्ताक्षरमा प्रतिगमनविरुद्ध आन्दोलनको घोषणा भएको सर्वविदितै छ । तर त्यसको केही समयपछि नै हाम्रो पार्टीका लागि काङ्ग्रेस, एमाले, माओवादी सबै प्रतिगामी भन्दै नेकपा (एमाले)को ओली गुटसँग गोप्य साँठगाँठ हुन थाल्यो र पार्टीलाई ओलीको सत्तास्वार्थको साधन बनाए । यसले गर्दा पार्टीभित्रै अग्रगमन र प्रतिगमनको बिच सङ्घर्ष सुरु भयो । त्यसको परिणामस्वरूप पार्टीभित्र अनुशासनहिन र अराजक गतिविधी गर्ने अध्यक्ष महन्थ ठाकुर, वरिष्ठ नेता राजेन्द्र महतो, कार्यकारिणी सदस्यद्वय लक्ष्मणलाल कर्ण र सर्वेन्द्रनाथ शुक्ल ४ जनालाई पार्टीले अनुशासनको कारबाही गर्न बाध्य भयो ।

**४.४ ओली सरकारसँग भएको वार्ता तथा हाम्रा माग र मुद्दाहरू**

हाम्रो पार्टीको कार्यकारिणी समितिको बैठकले सबै दलहरूसँग वार्ताको ढोका खुला राख्दै वार्ताका लागि ५ सदस्यीय पदाधिकारीहरू रहेको वार्ता टोली गठन गरी वार्ता अगाडि बढाउने निर्णय गरेको थियो । तर पार्टीलाई कुनै जानकारी नदिई त्यसभन्दा अगाडि नै प्रधानमन्त्री ओलीसँग साँठगाँठ गरी पार्टीको तर्फबाट भन्दै लक्ष्मणलाल कर्ण र सर्वेन्द्रनाथ शुक्ललाई अध्यक्ष महन्थ ठाकुरले जिम्मेवारी दिएको कुरा हामीले संसदीय दलको बैठकमा थाहा पायौँ । यो पार्टीको विधि र पद्धतिविपरीतको काम थियो । त्ससलाई सच्याउनका लागि नै पार्टीले ५ जना पदाधिकारीहरूलाई यो जिम्मेवारी सुम्पेको थियो । तर पार्टीभित्रको महन्थ ठाकुर पक्षले यसलाई बेवास्ता गरी कार्यदलको नाममा वार्ता जारी राख्यो । त्यो कार्यदल ओलीको प्रतिगामी कदमलाई सघाउने मतियार बन्यो । हामीले संविधान संशोधन, माननीय रेशम चौधरीलगायत मधेस आन्दोलन र थरुहट आन्दोलनका सम्पूर्ण राजबन्दी रिहाई, लाल आयोगको प्रतिवेदनको सार्वजनिकीकरण तथा झुठा मुद्दाहरूको खारेजीको कुरा विगतदेखि नै उठाउँदै आएका थियौँ । विगतमा संविधान संशोधनका लागि रूपान्तरित संविधानसभामा लगेको संविधान संशोधनसम्बन्धी प्रस्ताव, त्यसरी नै सङ्घीय समाजवादी फोरम, नेपालसँग भएको दुईबुँदे सम्झौताको कार्यान्वयनमा विश्वासघात तथा हालसम्म हामीले दर्ता गरेको गैरसरकारी विधेयकलाई छलफलमा ल्याउन समेत अनिच्छुक रहेको परिप्रेक्ष्यमा हामीले ओली सरकारबाट हाम्रा केही प्रशासनिक माग मुद्दाहरू सम्बोधन भए पनि मूलतः राजनीतिक माग मुद्दाहरू सम्बोधन हुन्छ भनेर सोच्नु हानिकारक हुन्छ । ओली सरकारले संविधान संशोधनका हाम्रो माग मुद्दाहरू पूरा गर्नुको सट्टा पुनः २०७८ जेठ ७ गते मध्यरातमा पुनः संसद भङ्ग गर्ने कदम चालेको घट्नाबाट उनले आफ्नो सत्ता सङ्कट टार्ने अस्त्रको रूपमा मात्र वार्तालाई प्रयोग गरेको कुरा स्पष्ट भएको छ ।

**४.५ तेइस बुँदे संविधान संशोधनसम्बन्धी गैरसरकारी विधेयक**

वर्तमान नेपालको संविधान जारी गरेकै वखत राष्ट्रिय पहिचानको मान्यता, समानुपातिक समवेशीकरण, धर्मनिरपेक्षता जस्ता विषयहरूमा तत्कालीन अन्तरिम संविधानभन्दा पश्चगामी संविधान जारी भएको थियो । यस काममा वर्तमान नेपाली काङ्ग्रेस, नेकपा (एमाले) र नेकपा (माओवादी केन्द्र) तीनवटै पार्टी संलग्न रह्यो । हामीले त्यतिबेलै त्यसको विरोध गरेका थियौँ । तर यसमा उदार लोकतन्त्रको दृष्टिले विश्वका लोकतान्त्रिक मुलुकमा भएका वाक, प्रेस, सभा, सङ्गठन स्वतन्त्रता, जनताका आधारभूत मानव अधिकार, मौलिक हक जस्ता धेरै लोकतान्त्रिक मूल्य मान्यताहरू समेटिएका छन् । पहिचान र अधिकारसहितको सङ्घीयता, समावेशी लोकतन्त्र, समानुपातिक प्रतिनिधित्वको दृष्टिले भने यसमा धेरै कमजोरीहरू छन् । त्यसैले २०७७ साल जेठ १९ गते हामीले भाषिक एकाधिकार र विशेषाधिकारको अन्त्य, सबै मातृभाषाहरूको संविधानमा सूचीकरण, बैबाहिक अङ्गिकृत नागरिकताको सम्बन्धमा पूर्ववत व्यवस्था कायम गर्ने, विदेशमा भर्ती भएका गोर्खा सैनिकको नागरिकताको निरन्तरता, सबै समुदायका महिलालाई समानुपातिक समावेशीको हक, स्थानीय तह प्रदेशको क्षेत्राधिकारमा ल्याउने, त्यसलाई सङ्घीय एकाईको रूपमा गरेको व्यवस्था खारेजी, संविधानमा उल्लेख नभएको अवशिष्ट अधिकारहरू प्रदेशलाई दिनुपर्ने, राष्ट्रिय सभाको इलेक्टोरल कलेज, सभामुखको अनुपस्थितिमा उपसभामुखको अधिकार, संवैधानिक अदालतको व्यवस्था, सङ्घीय प्रणालीअनुरूप न्यायालयको संरचना, प्रदेशहरूको सङ्ख्या र सीमाङ्कनको लागि प्रभावित प्रदेशहरूमा मात्र परामर्श लिने व्यवस्था र त्यसका लागि सङ्घीय आयोग गठन, संवैधानिक आयोग, राजदूत लगायतको नियुक्तिमा समानुपातिक समावेशीकरण, जनलोकपालको व्यवस्था आदि समेटेर संविधान संशोधनका लागि २३ बुँदे संविधान संशोधनसम्बन्धी गैरसरकारी विधेयक दर्ता गरेका थियौँ । तर हालसम्म यसलाई संसदमा टेबल गर्न दिएको छैन । संविधान संशोधनलगायत हामीले उठाएका माग र मुद्दाहरूको सम्बोधन गराउन वर्तमान राजनीतिक शक्ति सन्तुलनको आधारमा नेपाली काङ्ग्रेस, नेकपा (माओवादी केन्द्र) र नेकपा (एमाले)को माधव-झलनाथ समूहलगायत सबै समूहसँग सहकार्य गरी अगाडी बढ्नु पर्दछ । यसका लागि पार्टीले वार्ताको पहल गर्नु पर्दछ र हाम्रा आधारभूत मागहरू नछोडी अधिकतम लचकताका साथ प्रस्तुत हुन सक्नु पर्दछ ।

**४.६ ओली सरकारका सङ्घीय लोकतान्त्रिक गणतन्त्रविरोधी कृयाकलापहरू**

के. पी. ओली नेतृत्वको सरकार सङ्घीय लोकतान्त्रिक गणतन्त्रको स्थापना र नयाँ संविधान बनेपछि बनेको पहिलो निर्वाचित सरकार हो । तर ऐतिहासिक जनआन्दोलन, जनयुद्ध, मधेस जनविद्रोह तथा उत्पीडित समुदायहरूले गरेको आन्दोलनको राप र ताप कमजोर भएको बेला भएको निर्वाचन हुँदा यसमा यथास्थितिवादी शक्तिहरू हावी भए, परिणामस्वरूप महेन्द्रीय चिन्तन बोकेका रायमाझीको अर्को ब्राण्ड कम्युनिष्ट नामधारी केपी ओली सत्तारुढ भए । ओली नेतृत्वको सरकारले एकपछि अर्को गर्दै प्राप्त उपलब्धीहरूलाई समाप्त गर्ने षडयन्त्र गरे । उनले अन्तर्राष्ट्रिय क्षेत्रमा नेपालको नामबाट सङ्घीय लोकतान्त्रिक गणतन्त्र हटाउन निर्देशित गरे । प्रदेशहरूलाई बाइपास गरी केन्द्रको मातहत स्थानीय तहलाई राखेर प्रदेशलाई पङ्गु बनाउने कसरत गरे । आदिवासी जनजाति, मधेसी, शिल्पी/दलित, थारु र मुस्लिम समुदाय आदिले पाइरहेकोसमावेशी कोटा सकेसम्म हटाउने र नसके घटाउने जालसाजी गरे । नेपालको संविधानको धारा २८२ मा समावेशी सिद्धान्तबमोजिम राजदूतहरू नियुक्ति गर्नुपर्ने व्यवस्था भएकोमा पटकपटक राजदूतहरू लगायत अन्य राजनीतिक नियुक्ति गर्दा समावेशी आधारमा नगरेको र त्यसको मापदण्ड समेत उल्लङ्घन गरिएको छ । राज्यका अन्य अङ्ग, तह र निकायहरूमा भएका राजनीतिक नियुक्तिहरूमा पनि समानुपातिक समावेशी मान्यता तथा त्यससम्बन्धी मापदण्डको विपरीत उत्पीडित समुदायहरूलाई न्यून प्रतिनिधित्व गराई उपेक्षा र विभेद गरेको छ । आफू सत्ताच्यूत हुनु अगाडिसम्म पनि उनले धर्मनिरपेक्षताको अपव्याख्या मात्र होइन त्यसलाई खारेज गर्ने षडयन्त्र समेत गरे ।

प्रदेश सरकारलाई अधिकार हस्तान्तरण गर्न पनि ओली सरकार अनिच्छुक रह्यो । संविधानमा प्रदेशको काम, कर्तव्य र अधिकार धारा ५७ को अनुसूची- ५ मा उल्लेख गरिएको छ । त्यसमा दिइएका अधिकारहरू अन्य सङ्घीय मुलुकहरूको भन्दा धेरै नै कम रहेको छ । त्यसलाई पनि प्रदेशलाई हस्तान्तरण गर्न अस्विकार गरे । प्रदेश सरकार सञ्चालनका लागि आवश्यक भौतिक पूर्वाधारहरू तथा स्रोत साधनहरू र जनशक्ति पनि उपलब्ध गराइएको छैन । प्रदेशको राजकीय सत्ता र शासन प्रशासन प्रदेशको क्षेत्राधिकारभित्र आउनुपर्नेमा सङ्घीय लोकतान्त्रिक प्रणालीको मूल्य र मान्यताविपरीत केन्द्रले नै शासन प्रशासन सञ्चालनका लागि अधिकारीहरू खटाउने काम गरे । सुरक्षा निकाय तथा कर्मचारीतन्त्रको असहयोगको कारण हामीले सरकार सञ्चालन गरिरहेको प्रदेश नं २ मा पनि समस्याहरू आएका छन् । प्रदेश सरकार र प्रदेश सभा अस्तित्वमा आई सकेपछि पनि ओली सरकारले त्यसलाई स्विकार्न र प्रदेश सरकारको रूपमा डिल गर्नुको सट्टा केन्द्रकै प्रशासनिक एकाइको रूपमा व्यवहार गरे । सङ्घीय प्रणालीमा प्रदेशहरू केन्द्रका एकाई नभई सावैभौमसत्ता र विकासका साझेदार हुन्छन् । प्रदेशहरूले केन्द्र अर्थात् सङ्घमा साझेदारी र प्रदेशमा स्वशासन प्राप्त गर्दछन् । तर ओली सरकारले प्रदेशहरूको सार्वभौमिकतालाई स्विकार्नुको सट्टा प्रदेश सरकार भङ्ग गर्ने सम्मको अभिव्यक्ति दिए । यी ओली सरकारका सङ्घीय लोकतान्त्रिक गणतन्त्र विरोधी कृयाकलापहरू हुन् ।

**४.७ संसद अधिवेशनको अन्त्य र अध्यादेशहरूमार्फत शासन गर्ने सर्वसत्तावादी प्रवृत्ति**

विघटित संसदको पुनर्स्थापनासँगै सम्मानित सर्वोच्च अदालतले म्यादै तोकेर संसद अधिवेशन बोलाउन निर्देशित गऱ्यो । तर प्रतिनिधि सभा पुनर्स्थापनाको घट्नाबाट आक्रान्त प्रधानमन्त्री ओलीले यसलाई बदलाको भावनाले कुनै विधेयक नै प्रस्तुत नगर्ने षडयन्त्र गरे । ओली सरकारले प्रतिनिधि सभा पुनर्स्थापनापछि भएको हिउँदे अधिवेशनलाई असफल पार्न प्रयत्न गऱ्यो । त्यसको परिणामस्वरूप पुनर्स्थापित प्रतिनिधि सभामा संसद विघटनको बेला जारी भएका कुनै पनि अध्यादेश प्रतिनिधि सभामा पेस नै नगरी २०७८ वैशाख ६ गते नै सूचना टाँस गरी पुनः बैठक अन्त्य गर्ने अलोकतान्त्रिक एवम् स्वेच्छाचारी काम भयो । वैशाख ७ गते प्रतिनिधि सभाको बैठक राखिसकेको अवस्थामा यसरी प्रतिनिधि सभाको अधिवेशन अन्त्य गर्नु नेपालको संविधानको धारा ९३ तथा प्रतिनिधि सभा ऐन २०७४ को दफा ३ विपरीतको छ । त्यसपश्चात् २०७८ वैशाख २१ गते राष्ट्रपति भण्डारीले पुनः मन्त्रिपरिषद्को सिफारिसमा नेपालको संविधानको धारा ११४ को उपधारा (१) बमोजिम संवैधानिक परिषद् (काम, कर्तव्य, अधिकार र कार्यविधि) सम्बन्धी पहिलो संशोधन अध्यादेश, २०७८, यौन हिंसा विरूद्धका केही ऐनलाई संशोधन गर्ने अध्यादेश, २०७८, फौजदारी कसुर तथा फौजदारी कार्यविधि सम्बन्धी केही ऐन संशोधन गर्ने अध्यादेश, २०७८, औषधी तेस्रो संशोधन अध्यादेश, २०७८, सामाजिक सुरक्षा (पहिलो संशोधन) अध्यादेश, २०७८, नेपाल प्रहरी र प्रदेश प्रहरी (कार्य सञ्चालन, सुपरिवेक्षण र समन्वय) पहिलो संशोधन अध्यादेश र तेजाब तथा अन्य घातक रासायनिक पदार्थ नियमन अध्यादेश, २०७८ गरी एकैपटक ७ वटा अध्यादेश जारी गरे । त्यसको भोलीपल्टै रेल्वे अध्यादेश, २०७८ पनि जारी भयो । निर्वाचित सरकारले संसद छलेर अध्यादेशबाट शासन गर्नु भनेको स्वेच्छाचारिता मात्र होइन निरङ्कुश र अधिनायकवादी कदम पनि हो । शपथग्रहण प्रकरणमा प्रधानमन्त्रीले राष्ट्रपतिले वाचन गरेको देशको संविधान र कानुनबमोजिम प्रतिज्ञा गर्नुको सट्टा 'त्यो पर्दैन' भन्दै विश्वसामु असंवैधानिक र राजनीति संस्कारहिन हरकत देखाए । त्यसपछि २०७८ जेठ ६ गते शपथग्रहण सम्बन्धी व्यहोरा नै सच्याएर शपथसम्बन्धी अध्यादेश, २०७८ र कोभिड-१९ सङ्कट व्यवस्थापन अध्यादेश, २०७८ जारी गरे । दोस्रोपटक संसद विघटनपश्चात् पनि यसरी नै अध्यादेश जारी गर्दै शासन सञ्चालन गरे । संसद विघटन गरी आफूखुसी अध्यादेश ल्याएर शासन गर्ने प्रधानमन्त्रीको यो कदम स्वेच्छाचारिताको पराकाष्ठा हो । यसले वर्तमान प्रधानमन्त्रीमा सदन फेस गर्ने हिम्मत नभएको पुष्टि गर्दछ ।

**४.८ प्रधानमन्त्रीको पुनर्नियुक्ति, मन्त्रीमण्डलको गठन र विवादास्पद शपथग्रहण**

प्रधानमन्त्री ओलीले २०७८ वैशाख २७ गते विश्वासको मत प्राप्त गर्न असफल भएपछि राष्ट्रपतिले नेपालको संविधानको धारा ७६ को उपधारा २ अनुसार नयाँ सरकार गठनका लागि आह्वान गरे । तर कुनै पनि दलले संयुक्त सरकार गठनका लागि दाबी पेस नगरेपछि पुनः केपी शर्मा ओलीलाई नै प्रतिनिधि सभामा सबैभन्दा बढी सदस्यहरू भएको संसदीय दलको नेताको हैसियतमा २०७८ जेठ ३१ गते प्रधानमन्त्री नियुक्त गरे र पूरानै मन्त्रीमण्डललाई निरन्तरता दिए । पूरानै मन्त्रीमण्डलको निरन्तरताको नाममा सांसद नरहेका व्यक्तिहरूलाई एकपटकका लागि ६ महिनासम्म मात्र मन्त्री बनाउन सक्ने संविधानको धारा ७८ को उपधारा ३ विपरीत पुनः मन्त्री बनाए । यो पनि प्रधानमन्त्रीको असंवैधानिक कदम हो, जसलाई सम्मानित सर्वोच्च अदालतले पनि उल्टाइ सकेको छ । प्रधानमन्त्रीमा पुनर्नियुक्तिपश्चात् गरिएको शपथग्रहण नेपालकै इतिहासमा लज्जाको विषय बनेको छ । प्रधानमन्त्रीजस्तो गरिमामय पदमा रहेको व्यक्तिले राष्ट्रपतिले उच्चारण गराएको शब्द उच्चारण नगर्नुले पदको मर्यादा र गरिमामा गम्भिर आँच पुगेको छ । हाम्रो पार्टीले उक्त शपथग्रहण बदर गरी पुनः शपथग्रहण गराउन माग गऱ्यो । तर यसबारे सम्मानित सर्वोच्च अदालतमा परेको मुद्दामा अदालत समेत मौन रहेको छ । प्रधानमन्त्रीको शपथग्रहणमा राष्ट्रपतिले वाचन गरेको सत्यनिष्ठापूर्वक यो प्रतिज्ञा गर्दछु भन्ने वाक्यांशमा प्रधानमन्त्रीले यो प्रतिज्ञा गर्दछु नभनी 'सत्यनिष्ठापूर्वक त्यो पर्दैन' भनेर शपथग्रहण गरेकाले यो वदरभागी छ । तर राष्ट्रपतिले प्रधानमन्त्री ओलीले गरेको गल्तिलाई सच्याउन पुनः शपथग्रहण गराउनुको सट्टा त्यसलाई अध्यादेश ल्याएर वैधता दिने प्रधानमन्त्रीको कदमलाई साथ दिए । दुधको साक्षी बिरालो बसेजस्तो गरी राष्ट्रपतिले शपथग्रहण सच्याइएको अध्यादेश जारी गर्न पुगे ।

**४.९ संविधानको धारा ७६ (५) बमोजिम सरकार गठनको आह्वान र संसदको पुनः विघटन**

नेपालको संविधानको धारा ७६ को उपधारा ३ अनुसार गठन भएको सरकारले पनि उपधारा ४ अनुसार अनिवार्य रूपमा ३० दिनभित्र प्रतिनिधि सभामा विश्वासको मत लिनु पर्दछ । त्यसरी नियुक्ति भएको प्रधानमन्त्रीले विश्वासको मत लिन नसकेमा मात्र संविधानको धारा ७६ को उपधारा ५ अनुसारको सरकारका लागि आह्वान गर्ने व्यवस्था छ । सम्मानित सर्वोच्च अदालतको २०७७ फागुन ११ गतेको निर्णयले पनि यो कुराको सुस्पस्ट व्याख्या गरिसकेको छ । तर प्रधानमन्त्रीले धारा ७६ को उपधारा ४ अनुसार विश्वासको मत नै नलिई उपधारा ५ अनुसारको सरकार बनाउन सिफारिस गरे र त्यसलाई राष्ट्रपतिले तुरून्त स्विकार गरी नयाँ सरकारका लागि दाबी पेस गर्न आह्वान गरे । यो राष्ट्पति र प्रधानमन्त्री मिलोमतोमा पटकपटक गरेको संविधानको उल्लङ्घन हो । राष्ट्रपतिले नयाँ सरकारका लागि दाबी पेस गर्न आह्वान गर्दा २०७८ वैशाख २७ गते प्रधानमन्त्री ओलीले विश्वासको मत पाउन नसक्नुको स्थितिभन्दा अहिलेको अवस्थामा तात्विक अन्तर नदेखिएको, मुलुकलाई अन्योलमा राख्न उचित नभएकाले वैकल्पिक सरकार गठनका लागि मार्ग प्रशस्त गर्न उपयुक्त देखिएको र मन्त्रिपरिषद्ले अर्को सरकार गठनको प्रक्रिया प्रारम्भ गर्न सिफारिस गरेको तिनवटा आधार दिइएको छ ।

बाँकी पृष्ठ ५ मा

17-20, Madheshvani, Bhadra-11, 2078.pmd 4 8/27/2021, 10:54 AM

# राजनीतिक...

यस सम्बन्धमा पहिलो कुरा संविधानको धारा ७६ को उपधारा ३ अनुसार नियुक्त प्रधानमन्त्रीले विश्वासको मत पाउने अवस्था नदेखिएको हो भने गत वैशाख २७ गते नै संसदको विश्वास गुमाइसकेको प्रधानमन्त्रीले संविधानको धारा ७६ को उपधारा ३ को सरकार गठन गर्नु नै अनैतिक कुरा हो । अहिले यस्तो तर्क दिने व्यक्तिले त्यसैबखत नेकपा (एमाले)को संसदीय दलको नेता पदबाट राजिनामा दिई एमालेकै अर्को व्यक्तिलाई प्रधानमन्त्री बनाउन सक्थ्यो, तर बनाएन । किन बनाएन त भन्दा यी सबै संसद विघटनको योजनासँग जोडिएका छन् । दोस्रो कुरा संसदको विश्वास छ कि छैन भन्ने कुरा प्रधानमन्त्री र राष्ट्रपतिले भन्ने होइन । यो संसदले भन्ने कुरा हो । प्रधानमन्त्री भइसकेको अवस्थामा उनले त्यो अवस्था नदेखेको वा वैकल्पिक सरकार गठनका लागि मार्ग प्रशस्त गर्न उपयुक्त देखेको हो भने प्रधानमन्त्रीले राजिनामा दिएर मार्ग प्रशस्त गर्नु पर्थ्यो तर त्यसो गरिएन । तेस्रो कुरा, प्रधानमन्त्रीले राजीनामा दिएको वा विश्वासको मत नपाएर प्रधानमन्त्री पदमुक्त भएको अवस्था नभएसम्म संविधानतः राष्ट्रपतिले अर्को सरकार गठनका लागि आह्वान गर्नु हुँदैनथ्यो । तर प्रतिनिधि सभा विघटन गर्ने एकसुत्रीय योजनामा अगाडि बढेका प्रधानमन्त्रीले गरेका प्रत्येक कामहरूलाई उनको लाचार छायाँ जस्तो गरी लालमोहर लाउँदै गए । त्यस्तो स्थितिमा यो असंवैधानिक कदमलाई अस्वीकार गरे पनि संवैधानिक व्यवस्थाको ओभरल्यापलाई पुनः लिकमा ल्याउन प्रतिपक्षमा रहेका हाम्रो दलसहित नेपाली काङ्ग्रेस, नेकपा (माओवादी केन्द्र), एमालेभित्रकै माधव-झलनाथ समूह र राष्ट्रिय जनमार्चाले १४९ जना सांसदहरूको हस्ताक्षरसहित संविधानको धारा ५ अनुसार प्रतिनिधि सभाका सदस्य, नेपाली काङ्गेसका सभापति तथा संसदीय दलका नेता शेरबहादुर देउवालाई प्रधानमन्त्रीमा समर्थन गरी २०७८ जेठ ७ गते राष्ट्रपति कार्यालयमा नयाँ सरकार गठनका लागि दाबी प्रस्तुत गऱ्यो । तर, जुन प्रधानमन्त्रीले आफूले विश्वासको मत प्राप्त गर्न नसकेको वैशाख २७ गतेको अवस्थाभन्दा संसदको सन्तुलनमा तात्विक अन्तर नआएको भन्दै अर्को सरकार गठन गर्नका लागि मार्ग प्रशस्त गर्ने भनेर राष्ट्रपतिसमक्ष ७६(५) को सरकार बनाउन सिफारिस गरे उसैले आफ्नो पक्षमा ३ पार्टीको १५४ जनाको समर्थन रहेको परस्परविरोधी दाबी गर्दै पुनः प्रधानमन्त्रीको दाबी गर्न पुगे । अझ आश्चर्यको कुरा त सोही दिन दिउँसो आयोजना गरेको पत्रकार सम्मेलनमा 'म सँग सरकार बनाउने बहुमत छैन, बैकल्पिक सरकार बनाउनु होस, मेरो रचनात्मक सहयोग हुने छ' भन्ने समेत बेहोरा अभिव्यक्त गरी आफ्नो पुनः दाबी नहुने कुरा गर्ने प्रधानमन्त्रीले पत्रकार सम्मेलन सकेर सिधै राष्ट्रपति भवन गएर दाबी प्रस्तुत गर्न जानुराजनीतिमा अनैतिकताको पराकाष्ठा नै हो । यस्तो परिस्थितिमा विधिसम्मत ढङ्गले प्रस्तुत गरेको माग दाबीलाई बेवास्ता गरी राष्ट्रपतिले दुबैको माग दाबी नपुगेको भन्दै प्रधानमन्त्रीको सिफारिसमा मध्यरातमा संसद भङ्ग गरे । संविधानतः बहुमतको सरकार, संयुक्त सरकार र सबैभन्दा ठूलो दलको सरकारसमेत असफल भएको स्थितिमा प्रतिनिधि सभामा बहुमत प्राप्त गर्न सक्ने प्रतिनिधि सभा सदस्यले दाबी प्रस्तुत गर्ने संवैधानिक व्यवस्था नै ७६ (५) हो । यस धाराले दललाई होइन व्यक्तिलाई चिन्दछ । हामीले बहुमतको दस्तखतसहित दाबी प्रस्तुत गर्दा समेत अस्विकार गर्नु र प्रधानमन्त्रीको सिफारिसमा पुनः संसद विघटन गर्नुले राष्ट्रपतिजस्तो गरिमामय संस्था विवादास्पद बन्न पुगेको छ ।

**४.१० संसद पुनर्स्थापनाका लागि कानुनी तथा राजनीतिक सङ्घर्ष**

संसदको दोस्रो पटक विघटनपश्चात् हाम्रो पार्टीले सबै परिवर्तनकारी पार्टी, शक्ति र व्यक्तिहरूसँग सहकार्य गरी संसद पुनर्स्थापनाका लागि कानुनी तथा राजनीतिक सङ्घर्ष गर्ने नीति लियो । पार्टीले विभिन्न राजनीतिक दलहरूसँग भेटघाट गरी संयुक्त सङ्घर्षका लागि पहलकदमी लियो । फलस्वरूप ५ राजनीतिक दलहरूबिच राजनीतिक तथा कानुनी सङ्घर्ष गर्ने सहमति भयो । २०७८ जेठ १० गते ५ राजनीतिक दलहरूले प्रतिनिधि सभामा हाल कायम रहेको सदस्य सङ्ख्याको अत्यधिक बहुमत अर्थात् २७१ मध्ये १४६ जना सशरीर उपस्थित भई प्रतिनिधि सभाको पुनर्स्थापना गरी नेपाली काङ्ग्रेसका सभापति तथा संसदीय दलका नेता शेरबहादुर देउवालाई प्रधानमन्त्री नियुक्तिका लागि परमादेश जारी हुनुपर्ने माग गरी सर्वोच्च अदालतमा रिट दर्ता गर्ने काम भयो । रिटमा हस्ताक्षर गर्ने सांसदहरूमा नेपाली काङ्ग्रेसका ६१, नेकपा माओवादी केन्द्रका ४९, जनता समाजवादी पार्टी, नेपालका १२, नेकपा एमालेको माधव-झलनाथ समूहका २३ र राष्ट्रिय जनमोर्चा नेपालका १ सांसद थिए । हामीले रिट निवेदनमा प्रधानमन्त्री ओलीले गरेको दाबी वदनियतपूर्ण रहेको र निजको त्यस्तो दाबी लिने हकदैया नै पुग्दैन भन्ने कुरालाई उजागर गर्दै केपी ओली स्वयंबाट प्रतिनिधि सभाको विश्वास प्राप्त हुँदैन भनी स्वीकार गरी सकेपछि त्यसको एकमात्र बाटो प्रधानमन्त्री ओलीबाहेकको प्रतिनिधि सभाको अन्य सदस्यको दाबीलाई मात्र राष्ट्रपतिले दृष्टिगत गर्नुपर्ने हो । त्यसैले प्रधानमन्त्रीको एक मात्र दाबेदार शेरबहादुर देउवा भएकाले निजलाई प्रधानमन्त्री नियुक्ति गर्न सम्मानित सर्वोच्च अदालतबाट परमादेश जारी हुनुपर्ने माग दाबी प्रस्तुत गऱ्यौँ । तर प्रधानमन्त्री ओली भने २०७७ फागुन ११ गतेको फैसलाको मर्म र भावना तथा त्यस अवधिमा सरकारले गरेका निर्णयहरू सम्मानित सर्वोच्च अदालतले बदर गरेको कुरालाई समेत बेवास्ता गरी मनमौजी ढङ्गले सत्ता चलाउन थाले ।

प्रधानमन्त्री ओलीले यसपटक पनि असंवैधानिक ढङ्गले अध्यादेश ल्याउने र कामचलाउ भइसकेको भए पनि मन्त्रिपरिषद पुनर्गठन गर्ने र आफ्ना आसेपासेहरूलाई राजनीतिक नियुक्ति दिने काममा नै लागे । प्रतिनिधि सभाको दोस्रो पटक विघटनपश्चात २०७८ जेठ ९ गते नेपाल नागरिकता (पहिलो संशोधन) अध्यादेश, २०७८, जेठ १५ गते बजेट सम्बन्धी अध्यादेश, आर्थिक अध्यादेश, २०७८, विनियोजन अध्यादेश, २०७८ र राष्ट्र ऋण अध्यादेश, २०७८ र जेठ २३ स्वास्थ्यकर्मी तथा स्वास्थ्य संस्थाको सुरक्षा सम्बन्धी (पहिलो संशोधन) अध्यादेश, २०७८ जारी गरे । अध्यादेशबाट बजेट जारी गर्दा राष्ट्रिय सभालाई समेत गुमराहमा राखे । संविधान विपरीत संसद जिवित हुँदासम्म कुनै विधेयक प्रस्तुत गर्न नदिने अनि अलोकतान्त्रिक र सर्वसत्तावादी ढङ्गले अध्यादेश ल्याएर शासन गर्ने काममा किर्तिमान नै खडा गरे । कामचलाउ सरकारले २०७८ जेठ २१ गते हाम्रो पार्टीका तत्कालीन वरिष्ठ नेता राजेन्द्र महतो लगायत १२ जना र पछि १ जना गरी १३ जनालाई सामेल गरी मन्त्रीपरिषद् पुनर्गठन गरे, जसलाई सर्वोच्च अदालतले २०७८ असार ८ गते असंवैधानिक ठहर गरी बदर गरी दियो । संसद विघटनको प्रतिगामी कदमको विरोधसँगै यस्तो स्वेच्छाचारी प्रवृत्तिको पनि हामीले विरोध गऱ्यौँ र राजनीतिक सङ्घर्षका लागि तयारी गऱ्यौँ । काठमाडौँमा नागरिक समाज, बुद्धिजीवी, पत्रकार लगायतकाहरूलाई प्रतिगमनको विरुद्ध उभिनका लागि बैठकहरू आयोजना गर्नुका साथै कानुन व्यवसायीहरूसँग कानुनी सङ्घर्षका लागि तयारी गऱ्यौँ । प्रतिगमनविरुद्ध देशका विभिन्न भागहरूमा मसाल जुलुश र सभाहरू भए । नागरिक समाजले पनि जनप्रदर्शन गरे । यसरी कानुनी र राजनीतिक सङ्घर्षको फलस्वरूप २०७८ असार २८ गते दोस्रोपटक प्रतिनिधि सभा पुनर्स्थापना भयो ।

**४.११ सम्मानित सर्वोच्च अदालतको फैसला र संयुक्त सरकारको गठन**

सम्मानित सर्वोच्च अदालतको असार २८ गतेको फैसला ऐतिहासिक र दूरगामी महत्त्वको रहेको छ । सङ्घीय लोकतान्त्रिक गणतन्त्र स्थापनापछि राजनीतिक स्थिरताको नारा दिई जनादेश प्राप्त गरेको पहिलो निर्वाचित सरकारले नै आफ्नो पाँचवर्षे कार्यकालमा असंवैधानिक रूपमा दुईदुई पटक संसद् विघटन गरेको र अदालतले पुनर्स्थापना गरेको पहिलो वर्ल्ड रेकर्ड यहि नै हो । सम्मानित सर्वोच्च अदालतले संविधानको धारा ७६(५) ले मुलकमा वैकल्पिक सरकार दिनको लागि र प्रतिनिधि सभालाई ५ वर्षे कार्यकालभरी कायम राखी राजनीतिक स्थायित्व दिने समेत मनसाय रहेको कुराको स्पष्ट व्याख्या गर्नुका साथै यसलाई प्रतिनिधि सभाका सदस्यहरूको सरकार बनाउने विशेषाधिकार भएको उल्लेख गरेको छ । यस फैसलाले अब उप्रान्त कुनैपनि प्रधानमन्त्रीले आफूले चाहँदैमा प्रतिनिधि सभा विघटन गर्न नसक्ने नजिर स्थापित हुनुका साथै अब उप्रान्त सङ्घीय लोकतान्त्रिक गणतन्त्र, नेपाल र यहाँका राजनीतिक दलहरू संवैधानिक ट्र्याकमा चल्न बाध्य हुने र कुनै पनि प्रधानमन्त्रीले आफ्नो सनकको भरमा प्रतिनिधि सभा विघटन गर्न नसक्ने कुरा स्पष्ट भएको छ । नेता बन्न खोज्दा जसरी ज्ञानेन्द्र शाह गद्दीच्युत भए, त्यसरी नै प्रधानमन्त्री र पार्टी प्रमुख हुनाका मर्यादा, कर्तव्य र सीमा बुझ्न नसक्दा ओलीले पनि सत्ता गुमाए । यस फैसलाले ओलीको सर्वसत्तावादको अन्त्य गरी विधिको शासन स्थापना गरेको छ । सम्मानित सर्वोच्च अदालतको फैसलापछि २०७८ असार २९ गते नै राष्ट्रपतिबाट शेरबहादुर देउवालाई प्रधानमन्त्री नियुक्ति गरियो । तर नियुक्तिपत्रमा कुन धाराबमोजिम प्रधानमन्त्री नियुक्ति भएको हो भन्ने कुरा उल्लेख नगरी नयाँ षडयन्त्रको जालो बुन्न खोजियो । ५ राजनीतिक दलले त्यसलाई नसच्याई शपथग्रहण हुन नसक्ने अडान लिएपश्चात राष्ट्रपति त्यसलाई सच्याउन बाध्य भए र शेरबहादुर देउवाले संविधानको धारा ७६(५) बमोजिम प्रधानमन्त्रीको शपथ लिए । त्यसपश्चात सानो आकारको मन्त्रीमण्डल गठन भई हाल कार्यरत रहेको छ । वर्तमान सकार प्रतिगमनविरूद्धको सङ्घर्षको उपज भएकाले हाम्रो पार्टीले पनि संयुक्त सरकारमा सामेल हुने निर्णय गरिसकेको छ ।

**४.१२ संयुक्त सरकारको साझा न्युनतम कार्यक्रम, सरकार सञ्चालन कार्यविधि र आचारसंहिता**

संयुक्त सरकार गठन भएपश्चात त्यसलाई संयुक्त सरकारको भावना र गठबन्धनको संस्कृतिअनुरूप सञ्चालन गर्नका लागि हामीले ५ दलको बैठकमा संयुक्त सरकारको साझा न्युनतम कार्यक्रम, संयुक्त सरकार सञ्चालन कार्यविधि र मन्त्रीहरूले पालना गर्नुपर्ने आचारसंहिता जारी हुनुपर्ने प्रस्ताव गऱ्यौँ । हामीले यो प्रस्ताव विगतमा संयुक्त सरकार दिगो हुन नसक्नु, गठबन्धनमा मतभिन्नता हुँदा त्यसको निराकरण गर्न नसक्नु तथा गठबन्धनमा रहेका दलहरूबिच सौहाद्रपूर्ण सम्बन्ध विकास हुन नसक्दा गठबन्धन नै टुट्नु जस्ता समस्याहरूलाई समाधान गर्नका लागि नीतिगत विषयहरूमा साझा सहमति हुनुपर्ने कुरा राखेका थियौँ । यस प्रस्तावलाई सबै दलहरूले समर्थन गरे । संयुक्त सरकारको साझा न्युनतम कार्यक्रम प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयमा पत्रकार सम्मेलन गरी २०७८ श्रावण २४ गते सार्वजनिक भइसकेको छ भने संयुक्त सरकार सञ्चालनको कार्यविधि र मन्त्रीहरूले पालना गर्नुपर्ने आचारसंहिता पनि मन्त्रिपरिषद बैठकले पारित गरिसकेको छ । यो हाम्रो पार्टी पहलकद्मीको उपज हो । साझा नीति तथा कार्यक्रमले ओली सरकारको पालामा सम्पूर्ण प्रणाली नै तहसनहस गरी नेपाली जनताले पटकपटक गरेका ऐतिहासिक जनआन्दोलन, जनयुद्ध, मधेस जनविद्रोह तथा उत्पीडित समुदायले गरेका सङ्घर्षको फलस्वरूप प्राप्त सङ्घीय लोकतान्त्रिक गणतन्त्र, समानुपातिक समावेशिता, धर्मनिरपेक्षता जस्ता युगान्तकारी परिवर्तनका उपलब्धीहरूलाई समाप्त गर्ने षडयन्त्रलाई परास्त गरी त्यसको रक्षा र विकास गर्ने तथा समुन्नत सङ्घीय शासन प्रणालीको माध्यमबाट न्यायपूर्ण, विभेदरहित, समतामूलक, सबल र समृद्ध नेपालको निर्माण गर्ने सङ्कल्प गरेको छ । त्यसरी नै कोभिड-१९ को महामारीबाट उत्पन्न मानवीय सङ्कट समाधानलाई मुख्य प्राथमिकतामा राख्दै संविधानको सर्वोच्चता र विधिको शासन, विभिन्न पक्षहरूसँग भएका सहमतिहरूको कार्यान्वयन, संविधान संशोधन, सङ्घीयता कार्यान्वयन, सामाजिक-आर्थिक रूपान्तरण, उत्पादनमुखी अर्थतन्त्रको विकास, कोभिड-१९ प्रभावित श्रमजीवी, विपन्न, बेराजगार तथा व्यवसायीहरूका लागि बिशेष आर्थिक प्याकेजलगायत ११ बुँदै सरकारका प्राथमिकता घोषणा गरेको छ । यी प्राथमिकताहरूलाई पूरा गर्न १० बुँदे नीति तथा कार्यक्रम पनि घोषणा गरेको छ ।

१० बुँदे नीति तथा कार्यक्रममा केही दिर्घकालीन प्रकृतिका नीतिगत प्रस्तावहरूका साथै तात्कालिक रूपमा गर्ने कामहरूलाई व्यवस्थित गरिएको छ । नेपाललाई विकसित मुलुकको स्तरमा पुऱ्याउन सरकारी, सहकारी र निजी क्षेत्रको समन्वयात्मक तथा क्रियाशील भूमिकाका आधारमा विकास निर्माण; जल, जमिन, जङ्गल, जडीबुटी र जनशक्ति (पाँच ज) जस्ता महत्त्वपूर्ण स्रोत साधनहरूको उच्चतम सदुपयोग, वित्तीय सङ्घीयताको मान्यता अनुरूप स्रोत साधनको बाँडफाँट, मुलुकको मध्यभागमा पर्ने गरी हाईटेक सिटीको सम्भाव्यता अध्ययन, एकीकृत सामाजिक सुरक्षा प्रणालीको विकास आदि दीर्घकालीन प्रकृतिका छन् भने आगामी असोजसम्ममा एक तिहाई नागरिकलाई र चैत्र मसान्तसम्ममा खोप लगाउन योग्य सबै नेपालीलाई निःशुल्क खोपको व्यवस्था, नेपालमै भ्याक्सिन ल्याबको स्थापना, सङ्घीयताको मूल्य र मान्यताअनुरूप जिल्ला कार्यालयहरू प्रदेशलाई हस्तान्तरण, स्रोत साधनहरूको न्यायोचित वितरण, सार्वजनिक क्षेत्रमा इविडिङ लगायत अनलाइनबाट सार्वजनिक सेवा प्रवाह, लाल आयोगको प्रतिवेदन सार्वजनिकीकरण र अन्यायपूर्वक बन्दी बनाइएका राजवन्दीहरूको रिहा, कृषि बजार, वीमा र कृषकको उत्पादन खरिदको प्रत्याभूति, विपन्न र गरिवहरूको लागि विद्युत महसूल कटौती, पर्यटन लगायत सङ्कटग्रस्त क्षेत्रका लागि राहतको प्याकेज, युवा बेराजगारका लागि शैक्षिक प्रमाणपत्र धितो राखी सहज रूपमा ऋण प्रदान, यातायात लगायतका भौतिक पूर्वाधारको विकास गर्दा गुणस्तरीय होस् भन्नका लागि ५ वर्षसम्म निर्माण व्यवसायीले नै मर्मत सम्भारको व्यवस्था, विकास निर्माणमा साँस्कृतिक सम्पदाहरूको अनतिक्रम्यता र अन्तर्मन्त्रालय समन्वय, हुलाकी सडकको निर्माणमा भइरहेको ढिलासुस्तीको अन्त्यका साथै पूर्वपश्चिम राजमार्गलाई चार लेन र सङ्घीय राजधानीको रिङरोडलाई ८ लेनमा विस्तार गर्ने कार्यलाई प्राथमिकता, चुरे क्षेत्रको संरक्षण, सामुदायिक शिक्षा प्रणालीमा सुधार, मातृभाषामा शिक्षा, विश्वविद्यालयहरूलाई राजनीतिक हस्तक्षेपबाट मुक्ति, महिलामाथिको बलात्कार, हिंसा, एसीड आक्रमण र बेचबिखनजस्ता अपराध गर्नेलाई कडा कारबाही, जातपातजन्य विभेद अन्त्यका लागि प्रभावकारी कदम चाल्ने आदि कुराहरूलाई महत्त्वका साथ कार्यान्वयन गर्ने घोषणा गरेको छ ।

**४.१३ पार्टीको आधिकारिकता विवाद र निर्वाचन आयोगको फैसला**

प्रधानमन्त्री ओलीले २०७७ पुस ५ गते असंवैधानिक रूपमा प्रतिनिधि सभा विघटन गरी प्रतिगामी, अलोकतान्त्रिक र सर्वासत्तावादी कदम चालेपछि त्यसको विरुद्ध हाम्रो पार्टीले सबैभन्दा पहिला त्यसको विरोध, भण्डाफोर र विरोधको कार्यक्रम अगाडी सार्ने काम गरेको थियो । घटनाको तत्काल प्रतिकृयास्वरूप सोही दिन काठमाडौँलगायत विभिन्न जिल्लाहरूमा मसाल जुलुश प्रदर्शन गर्ने कार्य भयो । पुस ७ गते नै प्रतिनिधि सभा विघटनको विरुद्ध आन्दोलन गर्ने विषयलाई एकल कार्यसूची बनाई पार्टीका केन्द्रीय कार्यकारिणी समितिको बैठक बसी कार्यक्रम तय गर्ने र त्यसलाई दुबै अध्यक्षको संयुक्त हस्ताक्षरमा सार्वजनिक गरियो । यो निर्णय सर्वसम्मत रूपमा नै भएको थियो । पार्टीका नेताहरू देशका विभिन्न स्थानहरूमा भएका कार्यक्रमहरूमा प्रमुख वक्ताको रूपमा सहभागी भए । तर त्यसको केही समयपछि नै पार्टीभित्र अल्पमतको रूपमा रहेका महन्थ ठाकुर समुह विस्तारै आन्दोलनको कार्यक्रमहरूबाट विमुख हुन थाले । पार्टीले दुबै अध्यक्षको सहमतीमा राखेको कार्यकारिणी समितिको बैठकहरूलाई छल्ने र आफुखुसी प्रतिगामी शक्तिहरूसँग अवाञ्छित रूपमा साँठगाँठ गर्न थाले । पार्टी निर्णयविपरीत लक्ष्मणलाल कर्ण र सर्वेन्द्रनाथ शुक्ललाई वार्ता कार्यदल भन्दै पठाउने काम जारी राखे । केन्द्रकै पहलमा पार्टीको लुम्बिनी प्रदेशमा प्रदेश समितिको २०७७ चैत्र २६ गते

*क्रमशः...*

## मधेश अपडेट

### सुरक्षा व्यवस्था चुस्तदुरूस्त निर्देशन

जनकपुरधाम । प्रदेश नं. २ का मुख्यमन्त्री मो.लालबाबु राउत गद्दीले प्रदेशको सुरक्षा व्यवस्था चुस्तदुरुस्त बनाउन प्रदेशस्थित सुरक्षा निकायका प्रमुखहरु निर्देशन दिएका छन् । प्रदेशको सुरक्षा व्यवस्था व्यवस्थाबारे जानकारी लिने उद्देश्यका साथ मंगलबार मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा बोलाइएको बैठकमा मुख्यमन्त्री राउतले सो निर्देशन दिएका हुन् । बैठकमा सुरक्षा निकायका प्रमुखहरुले प्रदेशको सुरक्षा व्यवस्थाहरुबारे ब्रिफिङ्ग गर्नुका साथै अगामी योजनाबारे समेत जानकारी गराएका थिए । बैठकमा प्रमुख सचिव हरिप्रसाद मैनाली, मुख्यमन्त्री कार्यालयका सचिवहरुका साथै प्रहरी नायब महानिरीक्षक उमेश रंजितकार, सशस्त्र प्रहरी नायब महानिरीक्षक सि.पी.गौतम, धनुषाका प्रमुख जिल्ला अधिकारी बन्धु प्रसाद बास्तोला, नेपाली सेनाका नि. बाहिनीपति महासेनानी पूर्ण प्रसाद ढकाल सहितको उपस्थिति थियो ।

### पर्सामा थप ९ वटा बीओपी

वीरगञ्ज । सशस्त्र प्रहरीले एक वर्षमा पर्सामा ९ वटा बोर्डर आउट पोष्ट (बीओपी) थपेको छ । योसँगै पर्सामा सशस्त्र प्रहरीको बीओपीको संख्या १८ वटा पुगेको छ । पछि थप गरिएका ९ वटा बोर्डर आउट पोष्टमध्ये एउटा उद्घाटन गर्न बाँकी रहेको सशस्त्र प्रहरीले जनाएको छ । सामान्य बीओपीमा सशस्त्र प्रहरी निरीक्षकको कमाण्डमा २५ देखि ५० जनाको टोली रहन्छन् । तर पर्सामा ५ वटा बीओपीको कमाण्ड सशस्त्र प्रहरी नायब निरीक्षकले नै सम्हालेका छन् । सशस्त्र प्रहरीले सीमा सुरक्षा, सीमा क्षेत्रमा हुने चोरी पैठारी तथा निकासी नियन्त्रण, सीमा अपराध रोकथामलगायत सीमा क्षेत्रमा हुने अवैध गतिविधि रोकथाम तथा नियन्त्रणमा बीओपीलाई परिचालन गर्ने गरेको छ । देशभर सशस्त्र प्रहरीका २ सय २७ वटा बीओपी छन् । सशस्त्र प्रहरी बल १३ नं गणका गणपति सशस्त्र प्रहरी उपरीक्षक राजेन्द्र खड्काका अनुसार वीरगञ्ज-१६ इनर्वामा ०७७ भदौ १९ गते पहिलो बीओपी स्थापना भएको थियो । त्यसयता ९ वटा बीओपी स्थापना भइसकेको छ । क्रमशः छिपहरमाई गाउँपालिका-२ टिहुकी, जिराभवानी गाउँपालिका-१ महादेवपट्टी, ठोरी गाउँपालिका-३ ब्रम्हनगर, वीरगञ्ज-१७ ड्राईपोर्ट, जगरनाथपुर गाउँपालिका-१ पिपडारी, विन्दबासिनी गाउँपालिका-५ प्रसौनीभाठा र ठोरी गाउँपालिका-४ र धोविनी गाउँपालिका-२ आस्वारीमा बीओपी स्थापना भएको सशस्त्र प्रहरीले जनाएको छ ।

### मृतक परिवारलाई एक लाख रूपैयाँ दिइने

नेपालगञ्ज । बाँकेको राप्तीसोनारी गाउँपालिकाले कोरोनाबाट मृत्यु भएका व्यक्तिका परिवारलाई एक लाख रुपैयाँ दिने निर्णय गरेको छ। सोमबार बसेको कार्यपालिका बैठकले कोरोनाबाट मृत्यु भएका परिवारलाई एक लाख रुपैयाँ दिने निर्णय गरेको हो । कोरोनाबाट अकालमै मृत्यु भएका व्यक्तिका परिवारलाई एक लाख रुपैयाँ क्षतिपूर्ति उपलब्ध गराउँदा केही राहत हुने भएकाले पालिकाले उक्त निर्णय गरेको गाउँपालिकाका अध्यक्ष लाहुराम थारुले जानकारी दिए। कोरोनाबाट हालसम्म राप्तीसोनारीमा १३ जनाको मृत्यु भएको छ । बाँकेमा ३ सय २७ जनाको मृत्यु भएको छ । बैठकले ऐलानी जग्गाको अभिलेखीकरण गर्न, जोताहलाई परिचय वितरण गर्ने कामका लागि वडा नं. ३ का अध्यक्ष गंगाराम थारुको संयोजकत्वमा पाँच सदस्यीय समिति गठन गरेको छ। पालिकाले शमशेरगञ्जमा रहेको सर्पदंश उपचार केन्द्रका लागि दुई जना कर्मचारी खटाउने भएको छ। गतवर्ष आईई भएकामध्ये झिझिरी र परुवाबाहेक अरु खोला नालाबाट नदीजन्य पदार्थ बिक्रीका लागि टेण्डर आह्वान गर्ने निर्णय भएको छ।

### मूल्य वृद्धिविरुद्ध युवा संघद्वारा प्रदर्शन

जनकपुरधाम । नेकपा एमाले निकट राष्ट्रिय युवा संघ नेपालले पेट्रोलियम पदार्थको मूल्य वृद्धिविरुद्ध जनकपुरधाममा प्रदर्शन गरेको छ । युवा संघ नेपालका नेता-कार्यकर्ताले शिव चोकमा टायर बालेर प्रदर्शन गरेका हुन्। उनीहरुले प्रधानमन्त्री शेरबहादुर देउवाविरुद्ध नाराबाजी समेत गरेका छन्। नेपाल आयल निगमले निगमले सोमबार राति १२ बजेदेखि लागू हुने गरी डिजेल, पेट्रोल र मट्टितेलमा प्रतिलिटर २ रुपैयाँ र खाना पकाउने ग्यासमा प्रति सिलिण्डर २५ रुपैयाँले वृद्धि गरेको छ। युवा संघले मूल्य वृद्धिले जनता झन् पीडित हुने भएकाले मुल्य वृद्धि तत्काल फिर्ता लिन माग गरेको छ। मुल्य वृद्धि फिर्ता नलिए चरणबद्ध आन्दोलनमा उत्रने चेतावनी दिएको छ।

### प्रहरी अधिकृत सम्मानित

वीरगञ्ज । पर्सा जिल्ला अदालतले इलाका प्रहरी कार्यालय पोखरियाका प्रहरी निरीक्षक दीपक थापालाई सम्मान गरेको छ । जिल्ला न्यायाधीश धर्मराज पौडेलले प्रहरी निरीक्षक थापालाई प्रशंसापत्रसहित सम्मान गरे। अदालतमा कायम रहेको दण्ड जरिवानाको बेरुजु लगत असुल उपर गर्ने कार्यमा पुऱ्याएको योगदानको कदर स्वरुप प्रहरी निरीक्षक थापालाई प्रशंसापत्र प्रदान गरिएको तहसिलदार विनोद पोखरेलले जानकारी दिए। अदालती फैसला कार्यान्वयनमा उत्कृष्ट कार्य सम्पादन गर्ने प्रहरी अधिकृतलाई अदालतले वर्षेनी सम्मान गर्दै आएको छ । प्रहरी निरीक्षक थापाले अन्य प्रहरी अधिकृतले भन्दा बढी दण्ड जरिवाना असुलमा सहयोग पुऱ्याएकोले सम्मान गरिएको पर्सा जिल्ला अदालतले जनाएको छ। प्रशंसापत्र प्रदान गर्दै जिल्ला न्यायाधीश पौडेलले अदालतको फैसला कार्यान्वयन नहुँदा पीडितले न्याय नपाउने बताए। पर्सा जिल्ला अदालतले दिएको विवरण अनुसार आर्थिक वर्ष २०७७/७८ मा प्रहरीको सहयोग तथा अन्य उपायबाट ३४४ जना दोषीलाई पक्राउ गरी ५७ वर्ष ६ महीना १ दिन कैद र १ करोड ४८ लाख ८१ हजार २ सय ३० रुपैयाँ जरिवाना असुल भएको छ।

### राष्ट्रिय टिममा रौतहटकै नौजना खेलाडी

रौतहट। लामो समयदेखि महिला फुटबलमा योगदान दिँदै आएको रौतहट जिल्लाले यसपटक पनि राष्ट्रिय टिममा नौजना खेलाडी योगदान गरेको छ। अखिल नेपाल फुटबल संघ (एन्फा), महिला फुटबल विभागकाअनुसार रौतहटका मात्रै नौजना खेलाडी राष्ट्रिय टिममा परेका हुन। जसअनुसार पुनम जर्घा मगर, रेनुका नगरकोटी, सविता रानामगर, रजनी ठोकर, रस्मी घिसिङ, अन्जना रानामगर, मन्जली योन्जन, अनिता केसी र निसा ठोकर एन्फा राष्ट्रिय टिममा पर्न सफल भएका छन्। स्वर्गीय शेरबहादुर दर्लामीले आफ्नो प्रयासमा सुरु गरेको महिला फुटबलको प्रशिक्षणमा रहेका अधिकांस खेलाडी राष्ट्रिय टिममा परेका हुन्। चन्द्रपुर नगरपालिका-चन्द्रनिगाहपुरका फुटबल प्रशिक्षक नुरराज काफ्लेकाअनुसार राष्ट्रिय टिममा विभिन्न विभागीय टोलीसहित २३ जनाले खेल्न पाउनेमा रौतहटबाट मात्र नौजना छनौट हुनु गर्वको विषय भएको प्रतिक्रिया दिए। पछिल्लोपटक सार्वजनिक सूचीअनुसार राष्ट्रिय टिममा पर्नेहरु सबै रौतहट जिल्लाकै उत्पादन रहेको रौतहट जिल्ला फुटबल संघका अध्यक्ष भगवान दर्लामीले बताए। उनकाअनुसार एन्फाको महिला टिममा मात्रै होइन, अन्य विभागीय टिममा पनि रौतहटका महिला फुटबलरहरुको संख्या बढेको छ। रौतहट सबैभन्दा बढी महिला फुटबलर उत्पादन गर्ने जिल्लाको रुपमा प्रख्यात छ।

### दुई सय ८९ अभियुक्त पक्राउ

कपिलवस्तु। जिल्ला प्रहरी कार्यालय कपिलवस्तुले दुई सय ८९ फरार अभियुक्त पक्राउ गरेको छ। प्रहरीले साउनको अन्तिम सातादेखि फरार अभियुक्त नियन्त्रणमा लिने अभियानकै रुपमा सुरुवात गरेको थियो। अभियानका क्रममा पुराना फाइल निकालेर फरार अभियुक्तको सूची तयार गरी मातहातका इलाका प्रहरी कार्यालयलाई पत्राचार गरिएको थियो। यसक्रममा पक्राउ परेका मध्ये २० वर्षदेखि फरार २१ जना, १५ वर्षदेखि फरार २९ जना र १० वर्षदेखि फरार ९१ जना रहेको जिल्ला प्रहरी कार्यालय कपिलवस्तुका प्रहरी उपरीक्षक दान बहादुर कार्कीले बताए। पक्राउ परेका सबैको ५० वर्ष पाँच महिना १९ दिन कैद असुल उपर गर्न बाँकी रहेको छ। यसैगरी १४ लाख ११ हजार चार सय ६ रुपैयाँ जरिमाना असुल उपर गर्न बाँकी रहेको प्रहरी प्रवक्ता प्रहरी नायव उपरीक्षक धर्मराज भण्डारीले बताए। सबै फरार अभियुक्तलाई दुई महिनाभित्र पक्राउ गर्ने गरी अभियान सञ्चालन गरिएको छ। जिल्लामा एक हजारभन्दा वढी फरार अभियुक्त रहेको प्रहरीसँग तथ्यांक रहेको छ। अभियान अन्तर्गत १४ वर्ष अगाडि कपिलवस्तु जवाभारी २ ( हाल शिवराज ७) महालक्ष्मी सुगर मिल कम्पाउन्डमा गोली हानेर फरार रहेका अभियुक्तलाईसमेत पक्राउ गरेको छ। पक्राउ पर्नेमा विजयनगर गाउँपालिका-३ का ३४ वर्षीय बालजी चौधरी, शिवराज नगरपालिका-१० का शहवाज आलम खाँ पक्राउ परेका छन्। दुवैले मिलेर सुगर मिलमा उखु खरिद गर्दै गर्दा विजयनगर गाउँपालिका-७ का ४८ वर्षीय प्रकाश नारायण श्रेष्ठको गोली हानी हत्या गरेका थिए। यसैगरी ०६५ सालमा शिवराज ५ शिवपुरका विश्वनाथ यादवलाई गोली हानी हत्या गर्ने शिवराज-७ का असलम मुसलमानलाईसमेत पक्राउ गरेको जिल्ला प्रहरी कार्यालय कपिलवस्तुका प्रहरी निरीक्षक जगन्ननाथ मरासीनीले बताए।


- जीवनाशक विषादीहरू निःसन्देह जीवघाती हुन् । होसियारीसँग प्रयोग नगरिएमा मृत्युसम्म हुन सक्छ ।
- रासाययिक विषादी अन्तिम विकल्पको रूपमा लिनुपर्छ ।
- विषादी प्रयोग गर्ने सम्पूर्ण व्यक्तिलाई विषादीबारे विस्तृत जानकारी हुनुपर्छ ।
- व्यक्तिगत सुरक्षाका लागि आवश्यक पोसाक लगाएर मात्र विषादी छर्नुपर्छ ।
- लेवलमा भएका जानकारीहरू तथा निर्देशनहरूअनुसार कार्य गर्दा विषादीबाट हुने असरबाट बच्न सकिन्छ ।
- विषादी छर्ने औजार चुहिने हुनुहुँदैन ।
- विषादी मिसाउँदा वा छर्दा सकभर छालामा सम्पर्क हुन नदिन वा श्वास प्रक्रियाबाट शरीरभित्र जान नदिन प्रयोग गर्नुपर्छ ।
- विषादी मिसाउँदा वा छर्ने बेलामा खान, पिउन वा धुम्रपान गर्न निषेध गर्नुपर्छ ।
- छिमेकीलाई विषादी छरेको जानकारी दिनुपर्छ ।
- केटाकेटीहरूलाई विषादी चलाउन राखेको समयमा नजिक आउन दिनुहुँदैन ।
- विषादी अन्तिम प्रयोग र वाली भित्र्याउने समयावधि जानकारी राख्नुपर्छ ।
- लक्षित गरेका किराहरू तथा प्रयोग हुने बालीहरूबारे जानकारी राख्नुपर्छ ।
- विषादीको म्याद सकिने मिति तथा प्रयोग गर्ने मात्रासम्बन्धी जानकारी हुनुपर्छ ।
- धेरै हावा चलेको वा हुरी लागेको बेलामा विषादी छर्नुहुँदैन ।
- विषादी छरिसकेपछि बाँकी भएको विषादी भण्डारणमा वा सुरक्षित ठाउँमा पुऱ्याउनुपर्छ ।
- खाली विषादीको भाँडा ठीक ठाउँमा नष्ट गर्नुपर्छ ।
- विषादी छरिएको 'रेकर्ड' राख्नुपर्छ । जस्तै विषादीको नाम, मात्रा, छरेको मिति, बालीको अवस्था, छरेको बेलामा मौसम र अन्य विस्तृत जानकारी राख्नुपर्छ ।

प्रदेश सरकार

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय

प्रदेश नं. २, धनुषा, नेपाल

इमेल : malcprovince2@gmail.com

# सर्लाहीका स्थानीय तहमा बेरूजुको चाङ

सर्लाही। सर्लाहीका २० वटै पालिकामा अनियमितताले बर्सेनि बेरुजु रकम बढ्दै गएको छ/। विकास निर्माणको काम समयमै सम्पन्न नगरेकाले अधिकांश स्थानीय तहमा बेरुजु बढेको हो/। त्यस्तै कानुनविपरीत काम हुँदा र लेखापरीक्षणको क्रममा आवश्यक कागजात संलग्न नगर्दा पनि बेरुजु बढेको छ/।

गत आर्थिक वर्षमा यहाँका स्थानीय तहमा रु एक अर्ब चार करोड ६२ लाख ८५ हजार बेरुजु रहेको महालेखा परीक्षकको प्रतिवेदनमा उल्लेख छ/। स्थानीय तहमा नीतिगत र आर्थिक अनियमितताले विकास योजनामा बेरुजु देखिएको कोष तथा लेखा नियन्त्रक कार्यालयले सर्लाहीले जनाएको छ।

कार्यालयका अनुसार सबैभन्दा बढी हरिपुर्वा नगरपालिकामा २४.७१ प्रतिशत र सबैभन्दा कम हरिवन नगरपालिकामा २.७३ प्रतिशत बेरुजु देखिएको छ। त्यसैगरी बरहथवा नगरपालिकामो ९.६५, वाग्मती नगरपालिकामा ५.७५, बलरा नगरपालिकामा १०.७१, ईश्वरपुर नगरपालिकामा १०.२३, गोडैता नगरपालिकामा ९.४९, ब्रह्मपुरी गाउँपालिकामा ४.३९, चक्रघट्टा गाउँपालिकामा ७.९५, चन्द्रनगर गाउँपालिकामा ६.१५, पर्सा गाउँपालिकामा २४.३१, लालबन्दी नगरपालिकामा १०.१०, कौडेना गाउँपालिकामा ६.०१, बसबरीया गाउँपालिकामा १२.५१, कविलासी नगरपालिकामा ८.३३, हरिपुर नगरपालिकामा १४.४० प्रतिशत, विष्णु गाउँपालिकामा २.९२ र मलङ्गवा नगरपालिकामा १०.६० प्रतिशत रकम बेरुजु देखिएको छ। धनकौल गाउँपालिका र रामनगर गाउँपालिकाको प्रतिवेदन महालेखाले सार्वजनिक गरेको छैन।

जिल्लाको कविलासी नगरपालिका, बसवरिया गाउँपालिकाले आव २०७४/०७५ को पेश्की पेश नगरी लेखा परीक्षण गरिएका कारण बेरुजु देखिएको छ। त्यसैगरी बलरा नगरपालिकाले आव २०७४/०७५ को स्रेस्ता पेश नगरेका कारण बेरुजु देखिएको छ। सरकारी कार्यालयतर्फ यो वर्ष रु एक अर्ब १० करोड ६२ लाख २२ हजार बेरुजु देखिएकामा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि रु पाँच करोड ९९ लाख ३७ हजार फछ्र्योट गरेकाले रु एक अर्ब चार करोड ६२ लाख ८५ हजार फछ्र्योट गर्न बाँकी रहेको छ। त्यसमध्ये रु २६ करोड ८२ लाख २३ हजार म्याद नाघेको पेश्की रहेको छ।

स्थानीय तहमा गरेको ऋण लगानीको भाखा नाघेको साँवा रु ५६ अर्ब ७१ करोड ३७ लाख र ब्याज रु ४१ अर्ब ५६ करोड ३३ लाखसमेत गरी कूल रु ९८ अर्ब २८ करोड ७० लाख राजस्व बक्यौता रहेको छ। जिल्लामा यो वर्ष रु १५ खर्ब ३२ अर्ब ९६ करोड विनियोजन भएकामा रु १० खर्ब ९१ अर्ब १३ करोड खर्च भएकामा असार महिनामा रु दुई खर्ब १० अर्ब १९ करोड अर्थात् १९.२६ प्रतिशत रकम खर्च भएको छ। खर्चमध्ये असार २५ देखि असार ३१ गतेसम्म रु एक खर्ब नौ अर्ब ११ करोड अर्थात् कूल खर्चको १० प्रतिशत खर्च भएको छ।

जिल्लाको लालबन्दी नगरपालिकाले दुई वटा ठेक्काबाट प्राप्त मूल्य अभिवृद्धि कर रु १३ लाख ८२ हजार सङ्घीय सञ्चित कोषमा जम्मा गर्नुपर्नेमा नगरेको पाइएको छ। मलङ्गवा नगरपालिकाले मूल्य अभिवृद्धि करमा दाखिला नभएका सात वटा संस्थाबाट १९ वटा कार्यक्रम सञ्चालन गरी रु ६९ लाख ४० हजार भुक्तानी दिएकामा कर प्रयोजनाका लागि दर्ता भएको फर्मसँग फिर्ता माग्नुपर्ने भएको छ। साथै बलरा नगरपालिका र गोडैता नगरपालिकाले रु ४६ लाख एक हजार बीलविजकमा उल्लेख भएभन्दा बढी भुक्तानी दिएको पाइएको छ। यसैगरी वाग्मती नगरपालिकाले उपभोक्तामार्फत ३२ वटा सडकको कालोपत्र गरेको भएपनि मापदण्ड र दर विश्लेषणअनुसार आवश्यक पर्ने निर्माण सामग्रीको प्रयोग नगरेको पाइएको छ। दर विश्लेषणअनुसार काम भएको बिल उपभोक्ताबाट पेश नभएको पाइएको छ। जसमा रु छ करोड ४७ लाख ८० हजार भुक्तानी भएको पाइएको छ।

त्यस्तै प्रदेश २ सरकारको निणर्यबाट सर्पको विष उत्पादन, सङ्कलन, प्रशोधन र वितरण गर्ने परियोजना कार्यान्वयन गर्न आर्थिक मामिला तथा योजना मन्त्रालय, लालबन्दी नगरपालिका र एक गैर सरकारी संस्थाबीच भएको सम्झौताअनुसार रु १७ करोड ९८ लाख ३३ हजार निकासा दिएकामा उक्त संस्थाले रु चार करोड ६२ लाख ३९ हजार मात्र खर्च गरेको छ। खर्च गर्न बाँकी रहेका रकम रु १३ करोड ३५ लाख ९४ हजार २०७७ असारसम्म फिर्ता गर्न निर्देशन दिएको महालेखाको परीक्षकको प्रतिवेदनमा उल्लेख छ। लालबन्दी नगरपालिकाले विभिन्न चार गैर सरकारी संस्थाको भवन निर्माणका लागि रु एक करोड चार लाख ६३ हजार खर्च गरेको र उक्त रकम फिर्ता गर्न महालेखा परीक्षकको प्रतिवेदनमा उल्लेख छ। नगरपालिकाले राजस्व बाँडफाँटबाट नगरका विभिन्न २४ वटा विद्यालयलाई रु ५७ लाख ७३ हजार अनुदान दिएको खुलेको छ। जहाँ स्वीकृत दरबन्दीसमेत नरहेको र विद्यालयको अन्तरिक स्रोतबाट तलब भत्ता बेहोर्ने गरी नियुक्त भएका शिक्षकको तलब भत्ता नगरपालिकाले दिन नमिल्ने प्रतिवेदनमा उल्लेख छ।

सामाजिक सुरक्षाभत्तामा लाभग्राहीलाई भुक्तानी दिँदा सम्बन्धित बैंकलाई दिएको रकमबाट खर्च हुन बाँकी रहेको रकम सम्बन्धित नगरपालिकालाई फिर्ता पठाउनुपर्नेमा हरिवन नगरपालिकाले फिर्ता नलिएको पाइएको छ। त्यसैगरी परिचय प्राप्त गर्नेलाई मात्र सामाजिक सुरक्षा भत्ता वितरण गर्नुपर्नेमा मलङ्गवा नगरपालिकाले प्राप्त नगरेका नागरिकलाई पनि सामाजिक सुरक्षा भत्ता वितरण गरेको पाइएको छ। ईश्वरपुर नगरपालिकाले विभिन्न सात वटा बैंकमा लाभग्राहीको खातामा जम्मा गर्न रु १२ करोड ४७ लाख २४ हजार रकम दिएकामा बैंकबाट चौमासिक विवरण माग नगरेको र खर्च भएको रकमको हिसाबकिताब चुस्तदुरुस्त नराखेको पाइएको छ। रकम भुक्तानी दिँदा जिल्लाको बलरा नगरपालिकाले बिल बिजक विना नै भुक्तानी दिएको पाइएको छ।

जिल्लाको चक्रघट्ट, ब्रह्मपुरी, पर्सा र चन्द्रनगर गाउँपालिकाले बीलविजकभन्दा बढी रु ३६ लाख ८६ हजार उपभोक्ता समितिलाई भुक्तानी गरेको भन्दै असुलउपर गर्नुपर्ने प्रतिवेदनमा उल्लेख गरिएको छ। कौडेना गाउँपालिकाले विद्यालय सञ्चालन नभएको समयकोसमेत दिवा खाजाको रकम निकासा गरेको पाइएको छ। गाउँपालिकाले रु छ करोड तीन लाख ५६ हजार रकम विद्यालय सञ्चालन नभएको समयमा समेत दिवा खाजाको बाहनामा भुक्तानी गरेको छ। महालेखाले विद्यार्थीको हाजिरी सङ्ख्या छानविन गरी बढी दिएको भुक्तानी असुलउपर गर्न भनेको छ। विष्णु गाउँपालिकाले परिचयपत्र नभएकालाई समेत सामाजिक सुरक्षा भत्ता वितरण गरेको पाइएको छ। गाउँपालिकाले रु ८३ लाख ४८ हजार रकम परिचयपत्र नभएका नागरिकलाई सामाजिक सुरक्षा भत्तास्वरुप वितरण गरेको हो।

त्यस्तै गाउँपालिकाले अनुउत्पादक क्षेत्रमा रु तीन करोड ५७ लाख ६६ हजार खर्च गरेको छ। गाउँपालिकाले ग्यास, चुल्हो, स्कुल ब्याग, सुधारिएको चुल्हो, कम्बल र फिल्टरलगायतका सामग्रीमा खर्च गरेको छ। जिल्लाको चक्रघट्टा गाउँपालिकाले सार्वजनिक जग्गामा भवन बनाउने विषयमा मुद्दा परेपछि भवन निर्माणको काम रोके पनि उपभोक्ता समितिलाई आव २०७५/०७६ मा रु ६३ लाख पाँच हजार भुक्तानी गरेको छ। महालेखाले उक्त भुक्तानी असुलउपर गर्न भनेको छ। यस वर्ष कोरोना महामारीका कारण पनि सोचेअनुसार बेरुजु असुल गर्न नसकेको महालेखाको प्रतिवेदनमा उल्लेख छ।

विगत तीन वर्षको लेखापरीक्षण र बेरुजु रकमको तुलना गर्दा आव २०७४/०७५ र २०७५/०७६ मा लेखापरीक्षण अङ्कको तुलनामा क्रमशः ५.२९ र ४.०५ प्रतिशत बेरुजु रहेकामा यस वर्ष २.८५ प्रतिशत कम भएको छ। त्यसैगरी स्थानीय तहतर्फको लेखा परीक्षणमा ५.१५ प्रतिशत अर्थात् रु चार अर्ब २७ करोड ३६ लाख समपरीक्षण भएकामा यस वर्ष रु सात अर्ब ५१ करोड, ३७ लाख समपरीक्षण भएको छ। यस वर्ष विश्वव्यापी महामारीका रुपमा फैलिएको कोरोना भाइरसको सङ्क्रमणका कारण म्याद ननाघेको पेश्कीलाई बेरुजुमा नराखिएको प्रतिवेदनमा उल्लेख गरिएको छ। जसका कारण गत वर्षको तुलनामा यस वर्ष बेरुजु घटेको देखिएको छ।

कागजात र प्रक्रिया नपुगेको बेरुजुको अवस्था धेरै तथा अनियमित र असुल गर्नुपर्ने बेरुजु कम रहेको बताउनुभयो। नपुगेका कागजात पूरा गरेमा र असुल उपर गरेमा बेरुजु रकम घट्ने कोष तथा लेखा नियन्त्रणको कार्यालयले जनाएको छ। समयमै काम हुन नसक्दा र नीतिगत समस्याका कारण पनि बेरुजु रकम बढी देखिएको बताइएको छ। विकास निर्माणको काममा ठेकेदार र उपभोक्ता समितिले गरेको ढिलाइले बेरुजु रकम बढी देखिएको जनप्रतिनिधिको भनाइ छ/। अधिकांश काम आर्थिक वर्षको अन्तिम समयमा गर्ने भएकाले पनि समस्या देखिएको उनीहरूको भनाइ छ। आगामी दिनमा अनियमितता र बेरुजु घटाउनेगरी विकास निर्माण योजना अगाडि बढाउने उनीहरुको भनाइ छ।

## रासायनिक मल उपलब्ध गराउन नेपालद्वारा भारतलाई आग्रह

काठमाडौं। नेपालले भारतसहितका पाँच मुलुकसँग तत्काल प्रयोगका लागि उपलब्ध हुनेगरी एक लाख ५० हजार मेट्रिकटन रासायनिक मल उपलब्ध गराइदिन आग्रह गरेको छ। देशैभर मल अभाव चर्किएपछि कुटनीतिक च्यानलमार्फत भारत, चीन, बंगलादेश, ओमन र जोर्डनसँग मल खरिदको वातावरण बनाइदिन आग्रह गरिएको कृषि तथा पशुपन्छी विकास मन्त्रालयले जनाएको छ। परराष्ट्र मन्त्रालय, ती देशमा रहेका नेपाली नियोग एवं यहाँ रहेका ती देशका राजदूतमार्फत मल उपलब्धताका लागि पहल गरिएको मन्त्रालयको भनाइ छ। मल खरिदका लागि प्रस्ताव गरिएका मध्ये भारत र चीन नै नेपालको पहिलो प्राथमिकता रहेको छ। गत वर्ष नै अघि बढाइएको भारतसँगको जीटूजी ब्युँताएर मल भित्र्याउन पनि पहल भइरहेको मन्त्रालयले जनाएको छ। सत्ता परिवर्तनसँगै सेलाएको भारतसँगको जीटूजीबारे प्रधानमन्त्री तहबाटै परामर्श सुरु भएको र नेपालस्थित भारतीय दूतावासलाई पनि सहजीकरणका लागि आग्रह गरिएको छ।

## भारतद्वारा अक्सिजन प्लान्ट सहयोग

काठमाडौं। भारत सरकारले वि.पी. कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानका लागि उपहारस्वरुप अक्सिजन प्लान्ट हस्तान्तरण गरेको छ। बिहीवार स्वास्थ्य मन्त्रालयमा आयोजित एक कार्यक्रममा नेपालका लागि भारतीय राजदूत विनय मोहन क्वात्राले स्वास्थ्य तथा जनसंख्या राज्यमन्त्री उमेश श्रेष्ठलाई भारतीय जनता र सरकारको तर्फबाट नेपाल सरकारमार्फत् वि.पी. कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान धरानका लागि अक्सिजन प्लान्ट हस्तान्तरण गरेका हुन्। अक्सिजन प्लान्ट ग्रहण गर्दै स्वास्थ्य तथा जनसंख्या राज्यमन्त्री उमेश श्रेष्ठले सहयोग उपलब्ध गराएकोमा आभार व्यक्त गरे। उनले भारत सरकारको यस सहयोगले अक्सिजनको अभावलाई पुर्ति गर्ने बताए। भारत सरकारले कोभिड नियन्त्रणका लागि नेपाल सरकारलाई खोप लगायतका अन्य स्वास्थ्य सामग्रीहरु उपलब्ध गराएको उल्लेख गर्दै आगामी दिनमा पनि कोभिशिल्ड खोप उपलब्ध गराउनेमा विश्वास व्यक्त गरे।

## संक्षिप्त समाचार

### एसीड पीडितलाई पाँच लाखको चेक हस्तान्तरण

जनकपुरधाम। एसीड पीडित आरती साहलाई प्रदेश नं. २ को सरकारले पाँच लाख आर्थिक सहयोग गरेको छ। मुख्यमन्त्री मो.लालबाबु राउत गद्दीले पीडित साह घाइते भएकै बेला घोषणा गरेबमोजिम बिहीबार बिहान पाँच लाखको चेक हस्तान्तरण गरेका हुन्। उक्त अवसरमा सामाजिक विकासमन्त्री नवल किशोर साहको समेत उपस्थिति रहेको थियो।

### संघर्षमा उत्रने उखु किसानहरूको चेतावनी

काठमाडौं। लामो समयदेखि चिनी मिलहरूले उखु किसानको रकम भुक्तानी नगरेकोमा ६ किसान संगठनहरूले किसानहरुलाई एकमुष्ट रकम प्रदान गर्न माग गरेका छन्। संगठनहरुले आइतबार संयुक्त वक्तव्य निकाल्दै किसानहरूले चिनी मिल र अन्य व्यापारीहरूलाई बेचेको उखुको भुक्तानीबापत प्राप्त गर्नुपर्ने सम्पूर्ण रकम (ब्याज तथा हर्जाना समेत) एकमुष्ट रुपमा प्रदान गर्न माग गरेका हुन्। यसका साथै उनीहरुले सरकारको तर्फबाट प्रदान गरिनुपर्ने तोकिएको अनुदान रकम अबिलम्ब भुक्तानी गर्न/गराउन माग गरेका छन्।किसानहरूको रकम तत्काल भुक्तानी नगरिएमा कडा संघर्षमा उत्रने पनि संगठनले चेतावनी दिएको छ।

### बालिकालाई जबरजस्ती करणी गर्ने पक्राउ

रुपन्देही। ५ वर्षीया बालिकालाई जबरजस्ती करणी गरेको अभियोगमा एक युवकलाई प्रहरीले पक्राउ गरेको छ। बुटवल उपमहानगरपालिका-१२ हरियाली बस्ति बस्ने बर्दिया राजापुर नगरपालिका-६ टपरा घर भएका ३३ वर्षीय निर्मल चौधरीलाई शुक्रबार राति प्रहरीले पक्राउ गरेको छ। चौधरीले ती बालिकालाई जबरजस्ती करणी गरेको भन्ने खबर प्राप्त हुनासाथ ईलाका प्रहरी कार्यालय बुटवलबाट खटिएको प्रहरीले उनलाई पक्राउ गरेको हो।

### मोटरसाइकल चोरी गर्ने ३ जना पक्राउ

बाँके। कोहलपुर नगरपालिका-११ स्थित बसपार्कस्थित सडकमा मोटरसाइकल चोरी गरी लैजाँदै गरेको अवस्थामा ३ जनालाई बिहीबार बिहान प्रहरीले पक्राउ गरेको छ। पक्राउ पर्नेहरूमा रुकुम पश्चिम चौरजहारी नगरपालिका-११ बस्ने २० वर्षीय सुन्दर मल्ल र सोही ठाउँ बस्ने २ जना १८ वर्षीय किशोर रहेका छन्। जिल्ला प्रहरी कार्यालय बाँकेबाट खटिएको प्रहरीले उनीहरूलाई चोरी गरेको भे.३ प ६००४ नम्बरको १ थान मोटरसाइकल, मोटरसाइकलको १ थान हेड लाईट, १ थान ट्याङ्की कभर, १ थान स्क्रु ड्राईभर, १ थान रेन्ची, ७ थान मोटरसाइकल स्टिकर, ३ थान मोबाईल सहित फेला पारी पक्राउ गरेको हो। प्रहरीले उनीहरूको साथबाट नियन्त्रित लागूऔषध नाईट्राभेट १३ ट्याब्लेट समेत बरामद गरेको छ। यस सम्बन्धमा प्रहरीले थप अनुसन्धान भईरहेको जिल्ला प्रहरी कार्यालय बाँकेले जनाएको छ।

### ट्रकको ठक्करबाट पैदलयात्रीको मृत्यु

मोरङ। विराटनगर महानगरपालिका-७ आरके मलस्थित सडकमा ना.७ख ३१३ नम्बरको ट्रकको ठक्करबाट पैदलयात्रीको मृत्यु भएको छ। सोही ठाउँ बस्ने ५५ वर्षीय जनक बस्नेतको बिहीबार दिउँसो मृत्यु भएको छ। ठक्करबाट गम्भीर घाइते भएकी उनको गोल्डेन अस्पताल बिराटनगरमा उपचारको क्रममा मृत्यु भएको हो। ट्रक चालकलाई प्रहरीले नियन्त्रणमा लिएको छ।

### करेन्ट लागेर एक युवकको मृत्यु

रुपन्देही। सैनामैना नगरपालिका-१० कोटियाथान डेरा गरी बस्ने पाल्पा चहला घर भएका २१ वर्षीय सन्तोष सूर्यवंशीको करेन्ट लागेर शुक्रबार दिउँसो मृत्यु भएको छ। पानी तान्ने मोटर चलाई नुहाउने क्रममा करेन्ट लागेर घाइते भएका उनको लुम्बिनी प्रादेशिक अस्पताल बुटवलमा उपचारको क्रममा मृत्यु भएको हो।

### जबरजस्ती करणी गरेको अभियोगमा पक्राउ

कैलाली। १७ वर्षीया बालिकालाई जबरजस्ती करणी गरेको अभियोगमा कैलारी गाउँपालिका-७ रामपुर बस्ने २३ वर्षीय अरुण चौधरीलाई प्रहरीले पक्राउ गरेको छ। चौधरीले ती बालिकालाई आफ्नै घरमा लगि जबरजस्ती करणी गरेको भन्ने खबर प्राप्त हुनासाथ सिमा प्रहरी चौकी रामपुरबाट खटिएको प्रहरीले उनलाई पक्राउ गरेको हो।

### लागूऔषधसहित युवक पक्राउ

बाँके। नेपालगंज उपमहानगरपालिका-४ बसपार्कस्थित सडकबाट १ हजार ५ सय १५ ट्याब्लेट नियन्त्रित लागूऔषध नाईट्राजेपामसहित हुम्ला एक युवक पक्राउ परेका छन्। नाम्खा गाउँपालिका-१ घर भएकी ३९ वर्षीया खण्डु तामाङलाई सोमबार बिहान प्रहरीले पक्राउ गरेको छ। जिल्ला प्रहरी कार्यालय बाँकेबाट खटिएको प्रहरीले जाँच गर्ने क्रममा उक्त लागूऔषध सहित फेला पारी उनलाई पक्राउ गरेको हो।

### ट्रकको ठक्करबाट पैदलयात्रीको मृत्यु

कैलाली। गौरीगंगा नगरपालिका-४ राजिपुरस्थित सडकमा ग.१ ख ६४४१ नम्बरको ट्रकको ठक्करबाट पैदलयात्री सोही ठाउँ बस्ने ४० वर्षीय मान सिंह गुर्धामीको मंगलबार बिहान मृत्यु भएको छ। बाटो काट्ने क्रममा उक्त ट्रकको ठक्करबाट गम्भीर घाइते भएका उनको घटनास्थलमै भएको हो। ट्रक चालक उदयपुर हर्देनी गाबिस-३ ठेगाना भएका ३८ वर्षीय डेक राम खत्रीलाई प्रहरीले नियन्त्रणमा लिएको छ।

### जबरजस्ती करणी गर्ने युवक पक्राउ

रुपन्देही। १४ वर्षीया किशोरीलाई जबरजस्ती करणी गरेको अभियोगमा देवदह नगरपालिका-५ नयाँबस्ती बस्ने पाल्पा तानसेन नगरपालिका-७ वतन भएका ३० वर्षीय छविलाल चौहान मगरलाई बुधबार बिहान प्रहरीले पक्राउ गरेको छ। छविलालले ती किशोरीलाई सोमबार बेलुका आफ्नै कोठामा लगेर जबरजस्ती करणी गरेको भन्ने खबर प्राप्त हुनासाथ प्रहरी चौकी खैरेनीबाट खटिएको प्रहरीले उनलाई पक्राउ गरेको हो।

### डुबेर १ जनाको मृत्यु

कैलाली। घोडाघोडी नगरपालिका-१० तिल्केनीपुर बस्ने ६५ वर्षीय दिलिप सिंह बोहराको डुबेर बुधबार राति मृत्यु भएको छ। पहलमानपुर बजारबाट कान्द्रा नदीको किनारा हुँदै घर जाने क्रममा धान रोपेको खेतमा चिप्लिई लड्न गई जमेको पानीमा डुबेर उनको मृत्यु भएको हो।


नोवेल कोरोना भाइरस सामान्य रूघाखोकीभन्दा जटिल संक्रमण हो, हालसम्म यसको उपचारका लागि औषधि पत्ता नलागेकोले यसबाट सतर्क हुनु नै उत्तम उपाय हो।

यसबाट बच्ने उपायहरू :

- कुनै व्यक्ति, वस्तु वा सामान छुनु पहिले वा पछि साबुन पानीले राम्रोसँग हात धुनु।
- अनावश्यक रूपमा घरबाहिर र भीडभाडमा नजाने।
- खोक्दा र हाछ्यूँ गर्दा नाक र मुख कुहिनोले छोप्ने।
- कुनै पनि व्यक्तिसँग ३ फिटको दूरी कायम गर्ने।
- जंगली तथा घरपालुवा पशुपक्षीसँगको असुरक्षित सम्पर्कबाट टाढा बस्ने।
- सकेसम्म पशुजन्य र अस्वस्थ्यकर मासु नखाने।
- ज्वरो, रूघा र खोकी तथा श्वास-प्रश्वासमा समस्या आएमा चिकित्सकसँग परामर्श लिने।
- कसैले गलत सूचना प्रवाह गरेको तथा अत्यावश्यकीय वस्तु, जम्माखोरी, कालोबजारी तथा लुकाई राखेको थाहा भएमा ११३७ मा सम्पर्क गरी जानकारी गराउने।

लालकिशोर साह
नगरप्रमुख
जनकपुरधाम उपमहानगरपालिका, धनुषा, प्रदेश २



नोवेल कोरोना भाइरस सामान्य रूघाखोकीभन्दा जटिल संक्रमण हो, हालसम्म यसको उपचारका लागि औषधि पत्ता नलागेकोले यसबाट सतर्क हुनु नै उत्तम उपाय हो।

यसबाट बच्ने उपायहरू :

- कुनै व्यक्ति, वस्तु वा सामान छुनु पहिले वा पछि साबुन पानीले राम्रोसँग हात धुनु।
- अनावश्यक रूपमा घरबाहिर र भीडभाडमा नजाने।
- खोक्दा र हाछ्यूँ गर्दा नाक र मुख कुहिनोले छोप्ने।
- कुनै पनि व्यक्तिसँग ३ फिटको दूरी कायम गर्ने।
- जंगली तथा घरपालुवा पशुपक्षीसँगको असुरक्षित सम्पर्कबाट टाढा बस्ने।
- सकेसम्म पशुजन्य र अस्वस्थ्यकर मासु नखाने।
- ज्वरो, रूघा र खोकी तथा श्वास-प्रश्वासमा समस्या आएमा चिकित्सकसँग परामर्श लिने।
- कसैले गलत सूचना प्रवाह गरेको तथा अत्यावश्यकीय वस्तु, जम्माखोरी, कालोबजारी तथा लुकाई राखेको थाहा भएमा ११३७ मा सम्पर्क गरी जानकारी गराउने।

हरिप्रसाद मण्डल
नगरप्रमुख
मटिहानी नगरपालिका, महोत्तरी, प्रदेश २

## विश्व परिवेश

# भारत-अमेरिकी साझेदारी अगाडि बढ्न सक्ने

स्वच्छ ऊर्जामा भारत अमेरिकी साझेदारीलाई अगाडि बढाउनका लागि अमेरिकी जलवायु परिवर्तनका लागि विशेष राष्ट्रपति दूत जोन केरी अर्को महिना भारत भ्रमणमा आउनु हुने सम्भावना रहेको छ।
अमेरिकी राष्ट्रपति जो बिडेनले नियुक्त गरेपछि केरीको यो दोस्रो भारत भ्रमण महत्वपूर्ण हुनेछ। उनको यो भ्रमण नोभेम्बरमा हुन लागेको संयुक्त राष्ट्र जलवायु परिवर्तन वार्ता (सीओपी-२६) को अगाडि हुन लागेको हो।
केन्द्रीय पर्यावरण, वन तथा जलवायु परिवर्तन मन्त्री भूपेन्द्र यादवले मंगलबार उनीसँग टेलिफोन वार्ता गर्नुभएको थियो। त्यसपछि भारत सरकारले सेप्टेम्बरमा केरीको सम्भावित भ्रमणको घोषणा गरेको थियो।
छलफलको क्रममा, भारत र संयुक्त राज्य अमेरिका जलवायु कार्यहरुमा रचनात्मक संलग्नता बढाउन सहमत भएका छन्।
एक आधिकारिक बयान अनुसार यादवले भारत अमेरिका सँग स्वच्छ उर्जामा काम गर्न प्रतिबद्ध रहेको बताउनुभएको छ।
दुबै पक्षले भारत अमेरिका जलवायु र स्वच्छ ऊर्जा एजेन्डा २०३० साझेदारी अन्तर्गत जलवायु कार्य र वित्त परिचालन संवाद (सिएएफएमडि) निगरानी, र अन्य सम्बन्धित मुद्दाहरु मा छलफल गरेका थिए।
दुबै पक्ष जलवायु कार्यहरुमा रचनात्मक संलग्नता बढाउन सहमत भएका छन्।
एक आधिकारिक विज्ञप्ति अनुसार, पर्यावरण मन्त्रीले यी मञ्च मार्फत जलवायु कार्यहरु को निम्ति एक साथ काम गर्न अधिक अवसर प्रदान गर्ने बताउनुभएको छ।
केरीले जलवायु र स्वच्छ ऊर्जा एजेन्डा २०३० साझेदारी (एजेन्डा २०३० साझेदारी) अन्तर्गत जलवायु कार्य र वित्त परिचालन संवाद ( सिएएफएमडि) गरिएको बताएका छन्। यस सम्वाद बाट पेरिस सम्झौता का लक्ष्यहरु पूरा गर्न कार्यहरु अघि बढाउन सकिनेछ।

# भारतद्वारा आर्थिक वर्ष २०२१-२२ मा आसियान क्षेत्रमा ४६ अर्ब अमेरिकी डलरको निर्यात लक्ष्य निर्धारण

केन्द्रीय वाणिज्य तथा उद्योग राज्यमन्त्री अनुप्रिया पटेल का अनुसार आर्थिक वर्ष २०२१-२२ मा ४६ अर्ब अमेरिकी डलरको निर्यात लक्ष्य सहित आसियान भारतको लागी एक महत्वपूर्ण क्षेत्र बन्नेछ।
भारतले यस आर्थिक वर्षमा ४ सय अर्ब अमेरिकी डलर बराबरको निर्यात गर्ने लक्ष्य लिएको छ। आसियान मा निर्धारण गरिएको निर्यात लक्ष्य ले भारतको यो उद्देश्य पूरा हुन मद्दत गर्ने छ।
एक आधिकारिक बयान अनुसार, पटेलले भारत र आसियान दुवै क्षेत्र का लागि व्यापार एक महत्वपूर्ण इन्जिन हुने बताएकी छिन्।
पटेल विदेश मन्त्रालय र वाणिज्य विभागको सहयोगमा इन्जिनियरिङ निर्यात प्रवर्द्धन परिषद (इइपिसी) द्वारा आयोजित "भारत-आसियान ईन्जिनियरिङ् साझेदारी शिखर सम्मेलन" को उद्घाटन समारोहमा बोल्दै थिइन्। यस सम्मेलन को मुख्य उद्देश्य इन्जिनियरिङ क्षेत्रमा सहयोग अभिवृद्धि गर्नु थियो।
ईन्जिनियरिंग उत्पादन ले व्यापार निर्यात को एक चौथाई हिस्सा ओगट्ने मन्त्री ले बताइन्। यो क्षेत्र सबै निर्यात क्षेत्रहरु मध्ये सबैभन्दा ठूलो विदेशी मुद्रा कमाउने क्षेत्र मा पर्दछ। विगत केही वर्षहरूमा यस क्षेत्रले उल्लेखनीय प्रदर्शन गरेको छ।
आसियानले भारत को वैश्विक ईन्जिनियरिङ् ढुवानी मा १५ प्रतिशत भन्दा बढी हिस्सा ओगटेको छ। यस क्षेत्र मा २०२१-२२ को लागी १६ अर्ब अमेरिकी डलर निर्यात लक्ष्य निर्धारण गर्न सकिन्छ।
भारत र आसियान दुबै मा कुशल जनसंख्या, बलियो सेवा र विनिर्माण क्षेत्र को एक ठूलो हिस्सा रहेको र यहाँ धेरै पूरक क्षेत्रहरु र उत्पादनहरु रहेको मन्त्रीले बताएकी छिन्।
लगभग ५.८ खर्ब डलर को संयुक्त अर्थव्यवस्था सहित भारत र आसियान बीच व्यापार र लगानी साझेदारी बढाउने महत्वपूर्ण सम्भावना रहेको उनले बताइन्।
सरकारले प्रत्यक्ष विदेशी लगानीको लागी भारतलाई अझ आकर्षक गन्तव्य स्थल बनाउन धेरै उपायहरु गरेको छ। पटेलले भनिन्।
वाणिज्य मन्त्रालयका अनुसार ईयू र उत्तरी अमेरिका पछि आसियान भारतीय इन्जीनियरिंग उत्पादनहरु को तेस्रो ठूलो निर्यात गन्तव्य हो।
आसियान सदस्य राष्ट्रहरु मध्ये, सिंगापुर र मलेशिया भारतीय इन्जीनियरिंग उत्पादनहरु का लागी प्रमुख निर्यात गन्तव्य हुन।

# भारतद्वारा बंगलादेशलाई ४० वटा एम्बुलेन्स हस्तान्तरण

कोविड १९ नियन्त्रण गर्ने साझा प्रयास तथा स्वास्थ्य सहकार्य बढाउने उद्देश्य ले बुधबार भारतले बंगलादेशलाई ४० वटा एम्बुलेन्स हस्तान्तरण गरेको छ।
अगस्ट १७ तारिख मा भारतले बंगलादेशलाई ३१ वटा एम्बुलेन्स हस्तान्तरण गरिसकेको थियो।
बंगलादेश स्थित भारतीय उच्चायोगले बुधबार जारी गरेको एक विज्ञप्तिमा भनिए अनुसार बुधबार पठाएको ४० वटा एम्बुलेन्स पेट्रापोलमा पुगेको छ। बेनापोल भन्सार मा चेकजाँच भएपछि तिनलाई ढाका पठाइनेछ।
यस वर्ष मार्च महिनाको २६-२७ तारिख मा बंगलादेश को भ्रमण को क्रममा प्रधानमन्त्री मोदीले बंगलादेश लाई १ सय ९ वटा जीवन रक्षक एम्बुलेन्स सहयोग गर्ने वाचा गर्नुभएको थियो।
भारतीय उच्चायोगको बयान अनुसार बाँकी ३८ वटा एम्बुलेन्स सेप्टेम्बर महिनाको मध्य सम्म ढाका पुग्नेछ।
यस सहयोग को उद्देश्य बंगलादेश सरकारलाई कोविड १९ महामारी विरुद्ध लड्न सघाउनु रहेको छ।
यस सहायताले भारतको बंगलादेश का भ्रातृ जनता प्रति रहेको सद्भाव को प्रतिनिधित्व गर्दछ। स्वास्थ्य क्षेत्रमा भारत बंगलादेश को दीर्घकालीन साझेदार बन्न इच्छुक रहेको छ।

*– इण्डिया न्यूज नेटवर्क*

# निषेधाज्ञा अवधिमा दिवा खाजाको नाममा करोडौं खर्च

जनकपुरधाम । कोरोना महामारीका कारण नेपालमा लकडाउन लगाइएको समयमा स्थानीय तहले दिवा खाजाको नाममा करोडौँ खर्च गरेको पाइएको छ । महालेखापरीक्षकको कार्यालयले राष्ट्रपति विद्यादेवी भण्डारीलाई बुझाएको प्रतिवेदनमा देशभरका ४१ वटा स्थानीय तहले विद्यालय बन्द रहेको समय दिवा खाजाको नाममा बजेट खर्च गरेको उल्लेख गरेको छ ।
दिवा खाजाको नाउँमा रकम खर्च गर्नेमध्ये अधिकांश प्रदेश २ कै स्थानीय तह रहेको प्रतिवेदनमा उल्लेख गरिएको छ । विद्यालय बन्द भएको अवस्थामा उक्त अवधिको खाजा रकम यकिन गरी असुल गर्नुपर्ने महालेखापरीक्षकको प्रतिवेदनमा उल्लेख गरिएको छ ।
कोरोना संक्रमणका कारण २०७६ चैत ११ गतेबाट लकडाउन भई विद्यालय बन्द रहेको अवस्थामा धनुषाको सबैला नगरपालिकाले १ करोड १३ लाख, गणेशनाथ चारनाथ नगरपालिकाले ८१ लाख, सिरहाको सिरहा नगरपालिकाले १ करोड ३८ लाख, रौतहटको फतुवा विजयपुर नगरपालिकाले ९७ लाख, गरुडा नगरपालिकाले ७७ लाखसमेत गरी २८ नगरपालिकाले ०७७ वैशाख, जेठ र असारमा वास्तविकता यकिन नगरी दोस्रो र तेस्रो चौमासिकको पूरै दिवा खाजा १४ करोड २१ लाख ६८ हजार ५८२ रुपैयाँ विद्यालयलाई निकासा गरेको प्रतिवेदनमा उल्लेख छ ।
त्यस्तै, रौतहटको दुर्गा भगवती गाउँपालिकाले १ करोड २१ लाख ७१ हजार, यमुनामाई गाउँपालिकाले ७४ लाख ९९ हजार, सप्तरीको छिन्नमस्ता गाउँपालिकाले ५९ लाख ८६ हजार, धनुषाको जनकनन्दिनी गाउँपालिकाले ५५ लाख ९६ हजार, सर्लाहीको कौडेना गाउँपालिकाले ५४ लाख ७२ हजार समेत १३ वटा गाउँपालिकाले १६६ वटा विद्यालयलाई २०७७ वैशाख, जेठ र असारमा दोस्रो र तेस्रो चौमासिकको दिवा खाजाको ६ करोड ३ लाख ५६ हजार निकासा गरेको महालेखा परीक्षकको प्रतिवेदनमा उल्लेख गरिएको हो ।
त्यस्तै, रौतहटको एउटा स्थानीय तहले दिवा खाजाका लागि विद्यालयलाई रकम निकासा गर्दा व्यवस्था नै नभएको अवस्थामा अभिभावकलाई नगद वितरण गरेको प्रतिवेदनमा जनाइएको छ । परोहा नगरपालिकाले यस वर्ष अभिभावकलाई नगदै बुझाउने गरी दिवा खाजाबापत १ करोड १७ हजार निकासा गरेको अनियमित देखिएको महालेखापरीक्षकको प्रतिवेदनमा उल्लेख छ । अभिभावकले बुझेको रकमको भरपाई नरहेको प्रतिवेदनमा भनिएको छ ।
कोरोनाका कारण अधिकांश समय विद्यालय बन्द थिए । पछि विद्यालय खुले पनि कम उमेरका विद्यार्थीको कक्षा सञ्चालनमा आउन सकेको थिएन ।




## जिल्ला समाचार

### विद्युत प्राधिकरणबाट तार चोरी गर्ने दुई पक्राउ

धनुषा । मिथिला नगरपालिका-७ ढल्केबरस्थित नेपाल विद्युत प्राधिकरण ढल्केबरबाट तामाको तार चोरी गरेको अभियोगमा २ जनालाई प्रहरीले पक्राउ गरेको छ । पक्राउ पर्नेहरुमा मिथिला नगरपालिका-७ बस्ने महोत्तरी बर्दिवास नगरपालिका-१२ घर भएका ३७ वर्षीय नथु भन्ने मनिराज परियार र मिथिला नगरपालिका-६ बस्ने ढल्केबरस्थित एमके मेटल स्टोरका संचालक ६९ वर्षीय नन्दकिशोर ताम्राकार रहेका छन् । उक्त विद्युत प्राधिकरण प्रसारण निर्देशनालय ढल्केबर सव-स्टेशन परिसरमा ४ सय केभी नेपाल-भारत विद्युत व्यापार आयोजनाको स्टोर गरि राखिएको तामाको अर्थ कन्डक्टरको ड्रमबाट परियारले होक्सो ब्लेडले तार काटि रहेको अवस्थामा फेला पारी ईलाका प्रहरी कार्यालय ठल्केबरबाट खटिएको प्रहरीले पक्राउ गरेको थियो । अनुसन्धान गर्ने क्रममा परियारले तार चोरी गरी एमके मेटल स्टोरमा बिक्री गरेको भनी खुल्नआएपछि उक्त पसल तलासी गर्दा ३ लाख रुपैयाँ मुल्य बराबरको अन्दाजी २ सय ८६ केजी नाङगो तामाको तार फेला पारी ताम्राकार समेतलाई पक्राउ गरेको हो ।

### लिम्बूको हत्या अभियोगमा चार जना पक्राउ

मोरङ । मिक्लाजुङ्ग गाउँपालिका-६ भण्डारी टोल बस्ने ४५ वर्षीय धनराज लिम्बुको हत्या गरेको अभियोगमा ४ जनालाई प्रहरीले पक्राउ गरेको छ । पक्राउ पर्नेहरुमा मिक्लाजुङ्ग गाउँपालिका-६ भण्डारी टोल बस्ने ३३ वर्षीय रविन तामाङ, २५ वर्षीय संजय तामाङ, ३० वर्षीय आईतराज तामाङ र ४० वर्षीय भाग्य बम्जन रहेका छन् । भदौ ३ गते राति रविन तामाङ र उनकै श्रीमतीबीच भएको वादविवाद मिलाउन जाँदा धनराजलाई उनीहरुले लाठी प्रहार गरी गम्भीर घाइते बनाएपश्चात तत्काल स्थानीय अस्पताल हुँदै थप उपचारको लागि बिराटनगर अस्पतालमा लगिएकोमा शनिबार राति उपचारको क्रममा मृत्यु भएको थियो । घटनाको थप अनुसन्धानका क्रममा ईलाका प्रहरी कार्यालय उर्लाबारीबाट खटिएको प्रहरीले उक्त घटनामा संलग्न उनीहरुलाई पक्राउ गरेको हो । उनीहरु उपर जिल्ला अदालत मोरङबाट ज्यान सम्बन्धी कसूरमा ८ दिन म्याद थप गरी आवश्यक अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय मोरङले जनाएको छ ।

### रौतहटमा ओलीभन्दा नेपाल कति बलियो ?

रौतहट । नेकपा एमालेका वरिष्ठ नेता माधवकुमार नेपालले आफ्नो नेतृत्वमा नयाँ दल दर्ताको प्रक्रिया थालेपछि उनको गृहजिल्ला रौतहटमा नेता तथा कार्यकर्ताहरु पनि पक्ष विपक्षमा देखिएका छन् । नेता नेपालले नेकपा (एकीकृत समाजवादी) दल दर्ता प्रक्रिया प्रारम्भ गरेसँगै रौतहटमा केपी ओली र नेपाल पक्षमा नेताहरु विभाजित भएका हुन् । रौतहटमा नेकपा गठन हुनु अघि एमालेमा ८१ सदस्यीय जिल्ला कमिटी रहेको थियो । जसमा नेपाल पक्षमा ५० सदस्य र ओली पक्षमा ३१ सदस्य रहेको एक नेताले बताएका छन । नेकपा एमालेका जिल्ला ईन्चार्ज लालबाबु यादव ओली पक्षमा छन् भने संघीय सांसद कल्याणी कुमारी खड्का र सरला कुमारी यादव नेपाल पक्षमा छन् । यस्तै संघीय सासद् समिना हुसैन र रेखा कुमारी झा ओली पक्षमा छन । त्यस्तै नेकपा एमालेको प्रदेश कमिटी सदस्यमा रौतहटबाट ओली पक्षमा नौ जना र नेपाल सातजना रहेको प्रदेश कमिटी सदस्य उद्धब रेग्मीले जानकारी दिएका छन । पूर्वमन्त्री प्रभु साहको समूहमा ६ जना प्रदेश कमिटी सदस्य रहेका छन् । अध्यक्ष ओली पक्ष प्रदेश कमिटी सदस्यमा उद्धव रेग्मी, अब्दुल कलाम आजाद, दिलिप साह, सचितानन्द साह, जयचन्द्र पटेल, कपिलदेव पटेल, गुलाम सरवर देखिएका छन् । नेपाल पक्षमा महेन्द्र चौलागाई, जयरानी देवी सहनि, कमलेश झा, शम्भु साह, हरिनारायण यादव, गिरिधारी मिश्र रहेको बताइन्छ । संविधान सभा सदस्य रामकुमार भट्टराई, शम्भु साह, लक्ष्मण रेग्मी नेपाल नेतृत्वको समाजवादीको पक्षमा उभिएका छन् ।

### उच्च अदालतकै मत बाझियो

जनकपुरधाम । प्रदेश २ सरकारका दुई मन्त्रालयको क्षेत्राधिकार विवादबारे उच्च अदालत, जनकपुर इजलासको मत बाझिएको छ। प्रदेश २ सरकारको भौतिक पूर्वाधार विकास मन्त्रालय र खानेपानी तथा ऊर्जा विकास मन्त्रालयबीच क्षेत्राधिकारको विवाद बढेपछि उच्च अदालतमा रिट दायर भएको छ। उक्त रिटमाथि भएको सुनवाइमा दुई सदस्यीय इजलासमा न्यायाधीशहरुको मत बाझिएपछि अब पूर्ण इजलासमा यसबारे सुनुवाई हुने भएको छ। न्यायाधीश हरिप्रसाद बगालेले २०७८ जेठ २६ गते कार्यविभाजन नियमावली २०७८ अनुसार मन्त्रालयको जिम्मेवारी बाँडफाँट भइसकेको अवस्थामा कार्य विभाजन विपरीत कार्य नगर्न नगराउन भनी खानेपानी तथा ऊर्जा विकास मन्त्रालयको हकमा अन्तरिम आदेश जारी गरेका छन् भने अर्का न्यायाधीश राज्यलक्ष्मी बज्राचार्यले निवेदकको माग बमोजिम अन्तरिम आदेश जारी गर्न नमिल्ने भनि आफ्नो राय सार्वजनिक गरेकी छन्। उनले न्यायाधीश बगालेको मतसँग आफ्नो मतक्यता नरहेको भन्दै तेस्रो न्यायाधीशको मत बुझ्नु भन्ने रायसमेत आदेशमा लेखेकी छन्। क्षेत्राधिकार विवाद भएका दुवै मन्त्रालय नेपाली काँग्रेसको भागमा परेको हो। भौतिक पूर्वाधार विकास मन्त्री राम सरोज यादव र खानेपानी तथा ऊर्जा विकास मन्त्री ओमप्रकाश शर्माबीच मन्त्रालयको क्षेत्राधिकारको विषयमा विवाद हुँदै आएकोपछि श्यामलाल पासवानले उच्च अदालत जनकपुरमा रिट निवेदन दिएका थिए।

### प्रदेश २ मा रासायनिक मलको अभाव नहुने

पर्सा। प्रदेश २ मा गहुँ बालीका लागि रासायनिक मलको अभाव नहुने भएको छ। कृषि सामग्री कम्पनीको वीरगन्जस्थित क्षेत्रीय कार्यालयका प्रमुख गोरखनाथ केसीले केही परिमाणमा मल मौज्दात रहेको र केही आउने क्रममा रहेकोले धान रोपाइँ गर्दाको जस्तो अवस्था नदोहोरिने प्रतिबद्धता जनाए। गहुँ बाली लगाउने बेला विशेषगरी डीएपी मलको माग बढी हुन्छ। कार्यालयमा अहिले २ हजार १ सय ९४ मेट्रिक टन युरिया, २ हजार ९ सय मेट्रिक टन डीएपी र १ सय ८२ मेट्रिक टन पोटास मल मौज्दात छ। २५ हजार मेट्रिक टन डीएपी र ३० हजार मेट्रिक टन युरिया मल छिट्टै आउने क्रममा रहेकाले गहुँ बालीका लागि मल अभाव नहुने केसीको दाबी छ। अब धान बालीका लागि युरिया मलको आवश्यकता नरहेको उनको भनाइ छ। तर धान गोडमेलपछि पनि मल हाल्नुपर्ने हुनसक्ने भन्दै किसानहरूले त्यतिबेला मलको पर्याप्त व्यवस्था मिलाइदिन आग्रह गरेका छन्। कार्यालयको तथ्यांकअनुसार साउनमा मात्र २ हजार १ सय २८ मेट्रिक टन युरिया, ८ सय १६ मेट्रिक टन डीएपी र ३९ मेट्रिक टन पोटास मल बिक्री भएको छ।गत आर्थिक वर्षमा कम्पनीको वीरगन्ज कार्यालयबाट १० हजार ६६ मेट्रिक टन युरिया, ५ हजार ३ सय २९.६ मेट्रिक टन डीएपी, ४ सय २७.६५ मेट्रिक टन पोटास र ७ सय ८ मेट्रिक टन कृषि चुन बिक्री भएको थियो।

### चार दशकदेखिको सास्ती हट्यो

कपिलवस्तु। वर्षायामसँगै कपिलवस्तुको बुद्धभूमि नगरपालिका ३ मसुरे र अर्घाखाँचीको शितगंगा नगरपालिका ११ का जनताको कष्टकर जीवन सुरु हुन्थ्यो। बुद्धभूमि ३ घोँघवा खोलामा पुल नहुँदा राजमार्ग पुग्ने एउटै बाटो उनीहरुका लागि बन्द हुन्थ्यो। विद्यालय जान, बिरामी हुँदा उपचार गर्न, किनमेल गर्न जान खोलाकै कारण वन्चित हुनु परेको थियो। पुल नहुँदा २ हजार बढी नागरिक ४ दशकदेखि सास्ती खेप्दै आएका थिए। तर संघीय सरकार र बुद्धभूमि नगरपालिकाको सहयोगमा फलामे ट्रसको पुल बनेपछि मसुरे गाउँसँगै शितगंगाका मौवावारी, लुंग्री लगायतका स्थानीयलाई राहत भएको छ। पुल नहुँदा वर्षायाममा खोला तर्दै यात्रा गर्नुपर्ने बाध्यता थियो। बाढी आउँदा खोला तर्न नसकी घरमै फर्किनुपर्ने बाध्यता थियो। विगत ४० वर्षदेखि दुःख झेल्दै आएका स्थानीय गत फागुनदेखि समस्यामुक्त भएको बुद्धभूमि ३ का वडाध्यक्ष गोविन्द प्रसाद आचार्यले बताए। पुलले २०३० साल अगाडिदेखि बस्दै आएको दुई जिल्लाका २ हजार भन्दा धेरै नागरिक लाभान्वित भएका छन्। टाँकु मसुरे ट्रस पुल निर्माण उपभोक्ता समितिमार्फत ३० लाख ६५ हजार २ सय १७ रुपैयाँको लागतमा गत फागुनमा पुल निर्माण सम्पन्न भएको थियो। कोरोनाका कारण पुल निर्माण कार्य १ वर्ष पछाडि धकेलिएको पुल निर्माण समिति सचिव युवराज न्यौपानेले बताए।

### डुबेर बालिकाको मृत्यु

रौतहट। परोहा नगरपालिका-४ पोखरिया टोल बस्ने शेख अतिउल्लाह खानको छोरी ७ वर्षीया समैया खातुनको सोही ठाउँस्थित बकैया खोलाको बाधको छेउमा रहेको खाल्डोमा जमेको पानीमा डुबेर शुक्रबार साँझ मृत्यु भएको छ।

### ६२ वटा सवारी साधन प्रहरी नियन्त्रणमा

कपिलवस्तु। सीमा क्षेत्रमा हुने अपराधमा भारतीय मोटरसाइकलको प्रयोग निरुत्साहीत गर्न जिल्ला प्रहरी कार्यालय कपिलवस्तुले अभिलेखीकरण गर्ने कार्य सुरु गरेको छ। हत्यादेखि, चोरी तस्करी, लागु औषध कारोबारमा अत्यधिक प्रयोग हुन लागेपछि प्रहरीले अभिलेखीकरण गर्ने कार्य सुरु गरेको जिल्ला प्रहरी कार्यालय कपिलवस्तुका प्रहरी उपरीक्षक दानबहादुर कार्कीले बताएका छन्। अभिलेखीकरण नहुँदा अपराधमा प्रयोग भएका भारतीय सवारीसाधन प्रयोगकर्ता पहिचान गर्न असहज भएपछि प्रहरीले नयाँ जुक्ति निकालेको हो। भारतीय सीमा आसपास र राजमार्गदेखि दक्षिणतर्फका बस्तीमा भन्सार गरेका र नगरेका भारतीय मोटरसाइकल, जिप तथा कार नेपालीले प्रयोग गर्दै आएका छन्। विवाहमा दाइजो स्वरुप र भारतमा मूल्य सस्तो पर्ने हुँदा भारतीय आफन्तको नामबाट खरिद गरेर प्रयोग गर्ने गरेका छन्। चोरी भएका नेपाली मोटरसाइकलमा भारतीय नम्बर राखेर अपराधिक कृयाकलापमा संलग्न भएकोसमेत भेटिएको छ। जिल्ला प्रहरी कार्यालय कपिलवस्तुका प्रवक्ता प्रहरी नायव उपरीक्षक धर्मराज भण्डारीकाअनुसार कागजात भएका मोटरसाइकल नियन्त्रण राखेर अन्य मोटरसाइकलको कागजात प्रमाणीकरण गरी अभिलेखीकरण गरिएको बताउँछन्।

## कला/साहित्य

कमल मण्डल



# मैथिली संस्कृति झल्काउँदै 'पहिल प्यार अही ची'




मैथिली गीत संगीत र सिनेमालाई माया गर्ने दर्शक तथा श्रोताहरुका लागि नयाँ स्वादको गीत बजारमा आएको छ। जसमा खेत, खलियान, झोपडी लगायतको मिथिलाको ठेठ झल्किने दृश्यहरु समावेश गरिएको छ।
म्युजिक भिडियो मार्फत भाषा, कला र संस्कृतिलाई जगेर्ना गर्दै विराटनगरबाट छिन्नमस्ता फिल्मस्को ब्यानरबाट बनेको म्यूजिक भिडियो छिन्नमस्ता फिल्मस्कै युट्यूब च्यानलबाट प्रदर्शन गरिएको हो।
मैथिली म्यूजिक भिडियो 'पहिल प्यार अही ची' लाई निर्देशक राजु राजदेव चौधरीले निर्देशन गरेका छन्। जसमा कलाकारको रूपमा प्रदिप साह र मेनुका गिरीलाई हेर्न सकिन्छ। जयराम वि.क. ले लेखेको गीतमा स्वर ज्योती बि.क. र जयरामको रहेको छ, सङ्गीत मनेन्द्र कुमारले दिएका छन् भने यो गीत एम.के स्टूडियोमा रेकर्डिङ्ग गरिएको हो।
त्यसैगरी, ड्रोनमा राजा बाबु, नृत्य निर्देशन रबिन कुमार पाण्डेले गरेका छन्। निरज चौधरीले सम्पादन गरेर प्रदर्शन प्रदर्शनका लागि यूट्यूबमा हालिसकेको निर्देशक राजु चौधरीले बताएका छन्।

# अवसरबारे पूर्वाधार कम्पनीहरूसँग अन्तरक्रिया



काठमाडौं। नेपालमा परियोजना सञ्चालन गर्दा उपलब्ध अवसर सम्बन्धमा भारतीय राजदूतावासले भारतीय उद्योग परिसंघ (सीआईआई) तथा नेपाल सरकार भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयको सम्मुपस्थितिमा पूर्वाधार क्षेत्रसँग सम्बन्धित प्रमुख भारतीय कम्पनीहरुसँग एक भर्चुअल अन्तरक्रिया कार्यक्रमको आयोजना सम्पन्न गरेको छ। भारतीय राजदूतावासका नियोग उप-प्रमुख नामग्य खम्पाले कार्यक्रममा उपस्थित सबै सहभागीहरुलाई सम्बोधन गरेकी थिइन्। त्यस लगत्तै उपस्थित सहभागीहरुलाई भारतीय दूतावासले पूर्वाधार क्षेत्रबारे जानकारी गराएको थियो। उक्त अन्तरक्रिया कार्यक्रममा नेपाल सरकार भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयका सहसचिव केशव कुमार शर्माले सहभागीहरुसँग कुराकानी गर्नुका साथै उनीहरुका जिज्ञासा र प्रश्नहरुको जवाफ पनि दिएका थिए।
उक्त कार्यक्रमको सञ्चालन जीएमआर इनर्जीका प्रमुख कार्यकारी अधिकृत एस एन बर्देले गरेका थिए। कार्यक्रममा बोल्दै नियोग उप-प्रमुख खम्पाले नेपाल भारतको विशेष साझेदार तथा सबैभन्दा महत्वपूर्ण छिमेकी भएको चर्चा गर्दै भारतको एकीकृत दक्षिण एसियाली क्षेत्रको लक्ष्यलाई अघि बढाउन नेपाल प्रमुख सहयोगीको रुपमा रहेको उल्लेख गरिन्। खम्पाले आर्थिक विकासका लागि नेपालले गरेको प्रयासमा पूर्वाधार क्षेत्रको ठूलो भूमिका रहेको चर्चा गरिन्। यस क्षेत्रको बढ्दो अवसरबारे चर्चा गर्दै खम्पाले नेपाललाई प्राथमिकताको सूचीमा राखी यहाँका अवसरबाट लाभ लिन भारतीय कम्पनीहरुलाई सुझाव दिएकी हुन्।
नेपालमा व्यवसाय क्षेत्रमा सहभागीता जनाउन सहसचिव श्री केशव कुमार शर्माले भारतीय कम्पनीहरुलाई स्वागत गर्नुका साथै उनले पूर्वाधार क्षेत्रमा बोलपत्रको मात्रा, दायरा र प्रकृतिबारे जानकारी दिएकी थिइन्। उनले फन्डिङ्ग मोडालिटी, जोइन्ट भेन्चर र अन्य विषयहरुमा सहभागीहरुले उठाएका प्रश्नहरुको जवाफ दिइन्। उनले परियोजनाको मापदण्ड अनुरुप उपयुक्त हुने स्थानीय साझेदारहरुसँग सम्बन्ध विस्तार गर्न सहभागीहरुलाई प्रोत्साहित पनि गरेकी छन्।
गएका केही वर्षहरुमा भारतीय पूर्वाधार कम्पनीहरुले भारत भित्र तथा भारत बाहिर प्रमुख परियोजनाहरुको विकास गर्दै गणस्तरीय निर्माण, समयावाधि भित्रै निर्माण सम्पन्न तथा मूल्य प्रतिस्पर्धाका लागि छुट्टै पहिचान बनाउन सफल भएको छ। भारतीय पूर्वाधार कम्पनीहरुलाई नेपालमा वृद्धि भइरहेका पूर्वाधार क्षेत्रप्रति आकर्षित गरी नेपालका साझेदारहरुसँग हातेमालो गर्दै प्रविधि, सीप र ज्ञान आदानप्रदान गर्ने उद्देश्यका साथ सो अन्तक्रियाको आयोजना गरिएको हो।

## आर्थिक समाचार

### मेरी उनीलाई स्वस्थ नारी पहल

काठमाडौं। ग्लोबल आइएमई बैंक लिमिटेडले महिलालाई सशक्त बनाउने प्रयास स्वरुप आफ्नो संस्थागत सामाजिक उत्तरदायित्वअन्तर्गत नेपाल परिवार नियोजन संघसँगको समन्वयमा मेरी उनीलाई स्वस्थ नारी पहल अभियानको सञ्चालन गरेको छ। यस अन्तगर्त बैंकले सुर्खेत जिल्लाको गुर्वाकोट नगरपालिकास्थित सहारे स्वास्थ्यचौकीमा महिला स्वास्थ्य शिविरको आयोजना गरेको छ। यस अघि बैंकले महिलालाई आर्थिकरुपमा सशक्त बनाउनका लागि मेरी उनीलाई मुद्धती बचत खाता संचालनमा ल्याएको छ। मेरी उनीलाई स्वस्थ नारी पहलअन्तर्गत महिलालाई शारीरिकरुपमा सशक्त बनाउने बैंकको यो अर्को महत्वपूर्ण प्रयास रहेको बैंकले जनाएको छ। स्वास्थ्य शिविर ग्रामीण तथा अर्ध शहरी क्षेत्रका स्वास्थ्य सेवाको पहुँच नभएका महिला तथा बालिकाहरुका निम्ति प्रभावकारी हुने र महिलाहरुमा सकारात्मक प्रभाव पार्ने विश्वास बैंकले लिएको छ। आफ्ना ग्राहकवर्गको सुविधालाई मध्यनजर गरी बैंकले विभिन्न संघ-संस्थासँगको समन्वयमा विपन्न तथा पिछडिएका महिलाहरुको स्वास्थ तथा अन्य सरोकारका विषयसँग सम्बन्धित विभिन्न कार्यक्रमहरु गर्दै आएको छ।

### सहकारी बैंकको सम्पर्क कार्यालय स्थापना

काठमाडौं। प्रस्तावित नेपाल सहकारी बैंक(प्रस्तावित) को सम्पर्क कार्यालय खुलेको छ। नेपाली कांग्रेसको वित्तीय तथा सहकारी संस्था समन्वय विभाग प्रमुख आनन्दप्रसाद ढुंगाना र विभागका सचिव एवं बैकका अध्यक्ष सुरेन्द्र भण्डारीले संयुक्त रुपमा सम्पर्क कार्यालयको उद्घाटन गरेका छन्। प्रस्तावित बैकले मध्य बानेश्वरमा रहेको सम्पर्क कार्यालयलाई ६ महिना पछि करोबार सञ्चालन गर्नेगरी कार्यालय खोल्ने भएको छ। प्रस्तावित बैकका पदाधिकारीले यसअघि सञ्चालनमा आएको राष्ट्रिय सहकारी बैंकले सबै सहकारी क्षेत्रलाई समेट्न नसकेका आरोप लगाउदै सबैको साझा सहकारी बैंकको रुपमा नेपाल सहकारी बैंक सञ्चालन गर्न लागिएको जनाइएको छ। नेपाली काग्रेसका नेता ढुंगानाले अबको ६ महिनाभित्र बैक सञ्चालनमा आउने बताए। उनले पुजी र अर्थतन्त्रलाई चलायमान बनाउन सहकारी बैकको अपरिहार्य रहेको उल्लेख गरे। उनले भने जहा प्रतिस्पर्धा हुन्छ त्यहा प्रगति हुन्छ, सोही आधारमा नेपाल सहकारी बैक  दर्ता प्रकृया अघि बढेको हो।

### ड्राईभ उत्सव अफर

काठमाडौं। ग्लोबल आइएमई बैंक लिमिटेडले यस बर्षको चाडपर्वको मौसमलाई लक्षित गरी अटो एक्प्रेस-ड्राईभ उत्सव योजनाअन्तर्गत ७.२९ प्रतिशत ब्याजदर (प्रिमियम सहित) मा विद्युतीय सवारीकर्जा (Auto Loan) लगायतका विभिन्न सवारीसाधन योजनाहरु सार्वजनिक गरेको छ। यस योजनाअन्तर्गत सेवाग्राहीले ७ वर्षसम्मको अवधिका लागि ८.१९ प्रतिशत ब्याजदर (प्रिमियम सहित) मा अन्य सवारी साधन कर्जाका साथै ८.४९ प्रतिशतको स्थिर ब्याजदरमा ५ वर्ष अबधिको लागिजुनसुकैनिजी सवारी कर्जा प्राप्त गर्न सक्नेछन्। यो योजना निजी प्रयोजनको लागि बिभिन्न नयाँ सवारी साधन खरीदको लागि उपलब्ध हुनेछ। साथै कर्जा आवेदन प्रकृया पूरा भएको २कार्य दिनभित्र कर्जा निर्णय गरिने बैंकले जनाएको छ। बजारमै सस्तो तथा सरल किस्ताबन्दीमा गाडी खरीद गर्ने प्रयोजनको लागि आमग्राहकलाई लक्षित गरी बैंकले यो योजना ल्याएको हो। यो योजना निश्चित अवधिको लागि रहने र बैंकका सबै शाखाबाट उपलब्ध हुने बैंकले जनाएको छ। आफ्ना ग्राहकको सुविधालाई मध्यनजर गर्दै बैंकले यस्ता सरल तथा सहज किसिमका कर्जा योजनाहरु ल्याउने गरेको छ। हाल बैंकले ७.९९ प्रतिशत (प्रिमियम सहित) को ब्याजदरमै घर कर्जा योजना समेत संचालन गरिरहेको छ।

# 'ज्यापु समाज जेष्ठ नागरिक आनन्द निकेतन भवन' उद्घाटन



काठमाडौं। नेपालका सम्माननीय प्रधानमन्त्री शेरबहादुर देउवाले नेपालका लागि भारतीय राजदूत महामहिम विनय मोहन क्वात्राको उपस्थितिमा ललितपुरको बागडोलस्थित ज्यापु समाज जेष्ठ नागरिक आनन्द निकेतन भवनको नवनिर्मित भवनको उद्घाटन गरेका छन्। जेष्ठ नागरिकहरुका लागि यो भवन एक नमुना वृद्धाश्रमको रुपमा रहेको छ र उनीहरुको उचित हेरचाहका लागि आधुनिक, अपाङ्गमैत्री संरचनाहरुको सुविधा रहेको छ। यस भवनमा ११० वटा बेडका साथै स्वास्थ्य परीक्षण कक्ष, भान्छा कोठा, अत्यावश्यक फर्निचर र अन्य उपकरणहरु रहेका छन्। भारत सरकार र नेपाल सरकारबीचको सम्झौता अनुरुप यस भवनको निर्माण भारत सरकारको नेरु ५ करोड आर्थिक सहयोगमा उच्च प्रभाव सामुदायिक विकास परियोजनाको रुपमा गरिएको हो। हामी बीचको विकास सहकार्यमा यस्ता परियोजनाहरुको कार्यान्वयनको ठूलो महत्व रहेको छ। यस्ता परियोजनाहरुको कार्यान्वयनले समुदाय स्तरमा विकास गर्न मद्दत गर्दछ। यस अवसरमा राजदूतले ज्यापु समाजलाई धन्यवाद दिनुका साथै नेपाली समाजमा ज्यापु समाजले पुऱ्याएको योगदानको कदर गरे। दुई देशबीचको विकास सहकार्यको हिस्साको रुपमा भारतले नेपालभर हालसम्म ४५० भन्दा बढी उच्च प्रभाव सामुदायिक विकास परियोजना सम्पन्न गरिसकेको छ।

# 'संस्कृत : पूर्वीय संस्कृतिको स्रोत' अन्तर्राष्ट्रिय सेमिनार

काठमाडौं, ९ भाद्र। श्रावणी पूर्णिमाको शुभ दिन "विश्व संस्कृत दिवस"को अवसरमा, वेदको भाषा संस्कृत को महत्त्वलाई प्रकाशमा ल्याउनका लागि 'संस्कृत : पूर्वीय संस्कृतिको स्रोत' शीर्षकमा एउटा अन्तर्राष्ट्रिय सेमिनारको गरिएको छ। नेपालका लागि भारतका राजदूत विनय मोहन क्वात्राले उद्घाटन गरेका थिए। विद्यमान कोभिड-१९ को परिस्थितिमा यो सेमिनारलाई भौतिक तथा भर्चुवल मोडमा आयोजना गरिएको थियो। समारोहमा वाङ्मय शताब्दी पुरुष र नेपालका विद्वान् श्रीसत्य मोहन जोशी, पद्मश्री पुरस्कार विजेता चमू कृष्ण शास्त्री लगायत भारत, नेपाल, अमेरिका, बेलायत र इटलीका प्रख्यात विद्वानहरूको उपस्थिति थियो। प्रधानमन्त्री शेरबहादुर देउवा र भारतीय सांस्कृतिक सम्बन्ध परिषद् (आईसीसीआर) का अध्यक्ष विनय सहस्रबुद्धेले भिडियो सन्देश मार्फत कार्यक्रमको लागि शुभकामना व्यक्त गरे। सेमिनारमा नेपालका १५ संस्कृत विद्वानहरूले आफ्नो शोध पत्र प्रस्तुत गरे र भारत र विदेशका ३० भन्दा बढि विद्वान् हररूले संस्कृत भाषा, साहित्य, संस्कृति, तंत्र, व्याकरण,आयुर्वेद, ज्योतिष, र योग लगायत विभिन्न बिषयहरूमा आफ्ना लेख र विचार प्रस्तुत गरे। नेपाल प्रज्ञा प्रतिष्ठान , काठमाण्डौ विश्वविद्यालय, पोखरा विश्वविद्यालय र लुम्बिनी बौद्ध विश्वविद्यालयका उपकुलपतिहरूका साथै नेपाल संस्कृत विश्वविद्यालयका शिक्षाध्यक्ष र त्रिभुवन विश्वविद्यालय, लुम्बिनी विश्वविद्यालयका डीनसहित थुप्रै संस्कृत विद्वान् हरूले सेमिनारमा आ-आफ्नो विचार आदान प्रदान गरे। उक्त सेमिनारमा नेपाल, भारत लगायत अन्य मुलुक का ४५ विद्वानहरुले आफ्नो कार्यपत्र प्रस्तुत गर्नु भएको थियो। फेसबूक लाईभको माध्यमबाट पनि हजारौंले यो सेमिनारमा आफ्नो उपस्थिति जनाएका थिए। सेमिनारको उद्घाटन सत्रमा भारतीय राजदूत विनय मोहन क्वात्रा, शताब्दी पुरुष सत्यमोहन जोशी, चमू कृष्ण शास्त्री तथा प्रा. भीम प्रसाद खतिवडाबाट सामुहिक रूपमा "संस्कृतम् भारत-नेपालयोः संपत्तिः- भाग २" शीर्षक महत्त्वपूर्ण पुस्तकको पनि विमोचन गरिएको थियो।

# कांग्रेसले...

पुनः आन्दोलन भएको थियो।
त्यसपछि २०६४ फागुन १६ गते ८ बुँदे सम्झौता भएपछि मात्र आन्दोलन रोकिएको थियो। आठ बुँदे सम्झौतामध्ये कति कार्यान्वयन भयो, कति भएन केही पत्तो छैन। तर आठ बुँदे सम्झौतापछि मधेशी दल विगतमा थुप्रै पटक सरकारमा सहभागिता भए तर आफूले उठाएको माग पूरा गराउन सकेन।
जसको सरकारमा जाँदा उनीहरूले कुनै न कुनै सम्झौता गरेर नै जान्थे। तीन बुँदे, चार बुँदे र आठ बुँदेसम्मको सम्झौता हुँदै गयो तर कार्यान्वयन भयो/भएन कसैलाई चासो भएन।
पहिलो संविधानसभाको चुनावपछि माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड' प्रधानमन्त्री भए। विगतमा भएका आठ बुँदे सम्झौता कार्यान्वयन गर्ने भनी सहमति गर्दै तात्कालीन मधेशी मोर्चा प्रचण्ड नेतृत्वको सरकारमा सहभागि भएका थिए। प्रचण्ड प्रधानमन्त्री पदमा नौ महिनासम्म बसे तर मधेशको कुनै पनि माग पूरा भएन।
त्यसपछि माधव कुमार नेपालको नेतृत्वमा सरकार गठन भयो। त्यो सरकार गठन हुँदा उपेन्द्र यादव नेतृत्वको फोरम नेपालबाट विजयकुमार गच्छदार अलग भएर माधव नेपाल नेतृत्वको सरकारमा सहभागि भए।
त्यो सरकारमा उपेन्द्र यादव सहभागि भएनन् तर राजेन्द्र महतो नेतृत्वको तत्कालीन सद्भावना पार्टी र महन्थ ठाकुर नेतृत्वको तत्कालीन तमलोपा सहभागि भएको थियो। उनीहरू पनि उक्त सरकारमा त्यतिकै सहभागि भएनन। माधव नेपालसँग सम्झौतापत्रमा हस्ताक्षर गरेर नै सरकारमा सहभागि भएका थिए। तर त्यो सम्झौता पनि रद्दीकै टोकरीमा फालियो।
त्यसपछि एमालेकै नेता झलनाथ खनाल नेतृत्वको सरकार गठन भयो। त्यसमा उपेन्द्र यादव नेतृत्वको फोरम नेपाल मात्र सहभागि भएको थियो। अन्य मधेशी दलहरू बाहिरै बसे। उपेन्द्र यादव पनि झलनाथ खनालसँग सहमतिपत्रमा हस्ताक्षर गरेर सरकारमा सहभागि भएका थिए तर त्यो सम्झौता पनि कार्यान्वयन भएन र सरकार ढल्यो।
झलनाथ खनाल नेतृत्वको सरकार ढलेपछि माओवादीका तत्कालीन नेता डा.बाबुराम भट्टराईको नेतृत्वमा सरकार गठन भयो। त्यो सरकार गठन हुने प्रक्रिया शुरू हुनै लाग्दा फोरम नेपालबाट जेपी गुप्ता बाहिरिएका थिए। भट्टराई नेतृत्वको सरकारमा मधेशी मोर्चालाई सहभागि गराउनका लागि जेपी गुप्ता र विजयकुमार गच्छदारले भूमिका खेलेका थिए। र, नेपालको इतिहासमै मधेशबाट सबभन्दा सबैभन्दा बढी मन्त्री बाबुराम नेतृत्वको सरकारमा बनेका थिए। त्यसबेला पनि चार बुँदे सम्झौता गरेर मधेशी मोर्चा सरकारमा गएका थिए।
तर मधेशी मोर्चाका नेताहरू सरकारमा यसरी रमाए कि त्यो चार बुँदे सम्झौता कार्यान्वयन गर्ने तिर ध्यान नै दिएन। त्यो चारबुँदे सम्झौतापत्र पनि त्यतिकै रद्दीको टोकरीमा गयो। संविधान निर्माणका प्रक्रिया शुरू हुँदा आफ्नो अधिकारका कुरा उठाउने, आन्दोलनको चेतावनी दिने, विभिन्न गठबन्धन र समूह बनाउने काम मधेशी दलबाट भए पनि सम्झौता लागू भएन।
तात्कालीन मधेशी मोर्चाले विगतमा भएका सम्झौता अनुसार संविधान निर्माण हुनुपर्ने माग राख्दै आन्दोलनको चेतावनी दिँदै थिए। मधेशको माग समावेश नगरी संविधान निर्माण भयो भने आन्दोलन गर्ने चेतावनी दिँदै थियो। त्यसका लागि मधेशी मोर्चासँग सुशील कोइराला नेतृत्वको सरकारले पटक-पटक वार्ता पनि गऱ्यो।
तर वार्ता कहिल्यै निष्कर्षमा पुगेन। मधेशी मोर्चासँग कुनै सहमति नगर्दै सुशील कोइराला नेतृत्वको सरकारले संविधान निर्माणको प्रक्रिया अगाडि बढायो। अन्ततः फास्टट्र्याकमा संविधान निर्माण भयो।
आफूहरूको माग सम्बोधन नै नगरी संविधान निर्माण हुन लागेको भन्दै मधेशी मोर्चा २०७२ भदौ १ गतेदेखि मधेश आन्दोलनको घोषणा गऱ्यो। आन्दोलन चलिरहेकै बीचमा कोइराला नेतृत्वको सरकारले असोज ३ गते संविधान घोषणा गरे। त्यतिबेलासम्म २० जनाभन्दा बढी आन्दोलनकारीको मृत्यु भइसकेको थियो।
संविधान निर्माणपछि एमालेका अध्यक्ष केपी शर्मा ओली पहिलो पटक प्रधानमन्त्री भए। यद्यपि संविधान निर्माणपछि केपी ओली प्रधानमन्त्री बन्ने पनि काँग्रेस र एमालेबीच भद्र सहमति भएको थियो।
ओली प्रधानमन्त्री बनेपछि आन्दोलन झन् चर्कियो। मधेशी मोर्चाले नाकाबन्दीको सहितको आन्दोलन जारी राख्यो। ओली प्रधानमन्त्री हुँदा मधेशी मोर्चासँग ३६ पटकसम्म संवाद र वार्ता भए पनि निष्कर्षमा पुग्न सकेन।
प्रधानमन्त्रीको रूपमा ओली भारत भ्रमणमा जाँदा नाकाबन्दी पनि हट्यो र सबै आन्दोलन पनि फिर्ता भयो। सोही क्रममा माओवादी केन्द्रका अध्यक्ष प्रचण्डले ओलीको सरकार ढाल्ने निर्णयमा पुगे र त्यसमा साथ मधेशी मोर्चाले दिए। एमालेसँग गठबन्धन तोडेपछि काँग्रेस र मधेशी मोर्चाले प्रचण्डलाई प्रधानमन्त्री बनाए।
प्रचण्डलाई प्रधानमन्त्रीमा सहयोग गर्नका लागि मधेशी मोर्चाले तीन बुँदे सम्झौता गरेको थियो। संविधान संशोधन र आन्दोलनका क्रममा मृत्यु भएकाको क्षतिपूर्ति लगायतका माग थियो। प्रधानमन्त्री प्रचण्डले जसरी पनि संविधान संशोधन गर्ने पटक पटक प्रतिवद्धता जनाएका थिए।
यहाँसम्म कि संविधान संशोधन नभएसम्म स्थानीय तहको चुनाव नहुने पनि उनले भनेका थिए। उनले संशोधन विधेयक संसदमा लगे पनि एमाले र राप्रपाको असहयोगका कारण त्यो पारित हुन सकेन। त्यही बीचमा मधेशी मोर्चामध्ये छ दल मिलेर राजपा नेपाल गठन गरे।
प्रचण्ड नेतृत्वको सरकारसँग पनि मधेशी मोर्चाले दर्जनौ पटक वार्ता र संवाद गरे तर कहिले सहमति बन्न सकेन।
शेरबहादुर देउवालाई प्रधानमन्त्रीमा समर्थन गर्नका लागि मधेशी दलहरूले पुनः तीन बुँदे सम्झौता गरे। प्रधानमन्त्री देउवाले मधेशी दललाई संविधान संशोधन गर्ने आश्वासन पनि दिए। तर यसमा पनि उनी असफल भए र प्रतिनिधिसभा तथा प्रदेशको निर्वाचन सम्पन्न गराएर विदा भए।
यसरी सर्सती हेर्दा विगतमा बनेका सबै सरकारसँग कुनै न कुनै रूपमा सम्झौता र सहमति भएको देखिन्छ तर एउटा पनि कार्यान्वयन भएको पाइदैन।
त्यसपछि ओलीको दोस्रो कार्यकालमा पनि मधेशी दलहरूले लिखित सम्झौता गरे। तर एउटा पनि  लागू भएन। यसले के देखाउँछ सरकारमा जान मात्र मधेशी दल सम्झौता गर्छन र त्यसलाई व्यवहारमा उतार्न चाहँदैनन्।

# ठाकुर...

काँधमा आएको छ। पार्टी सङ्गठन सुदृढीकरण तथा जनजागरण अभियान (सुज) मार्फत् जसपा अब जनतामा पुग्नेछ,- उनले भने। यसैगरी, जनता समाजवादी पार्टीका नेता महेन्द्र राय यादवले जसपाको एकतालाई ऐतिहासिक संज्ञा दिँदै पार्टी विरोधी एकता नचाहने तत्व मात्रै बाहिरिएको टिप्पणी गरे।
'यो देशका उत्पीडितहरुको राजनीतिक र भावनात्मक एकता नै आजको जसपा हो, यादवले भने,- 'अहिले पार्टी छोडेर गएकाहरुले हिजो पनि पार्टी एकताको प्रयासलाई रोकेका थिए। त्यसको प्रमाण म पूर्व राजपा समूहको ६ घटक मध्येको एक जना म साक्षी छु।'
पहिचानसहितको सङ्घीयता स्थापित गर्ने लक्ष्य पूरा गर्ने जिम्मेवारी जसपाको काँधमा आएको भन्दै उनले जनताको अधिकार स्थापित गर्न एकतामार्फत् ऐतिहासिक जिम्मेवारी जनताले हामीलाई दिएको बताए। 'यो एकता बचाउन दृढतापूर्वक लाग्नुपर्छ। केही बेइमानहरु प्रतिगमनको मतियार बनेर गएका छन्। हिमाल, पहाड, मधेस/तराईलाई जोड्ने र राष्ट्रिय एकता मजबूद पार्ने पार्टी जसपा नै हो,- यादवले भने। संविधान संशोधनको लागि र शासकीय स्वरूप र निर्वाचन प्रणाली परिवर्तन गर्न जसपाले अग्रसरता लिएको भन्दै उनले भने,- 'हामी प्रत्यक्ष निर्वाचित राष्ट्रपतिय प्रणालीको पक्षमा छौं। खर्चिलो र भ्रष्टाचारको जड निर्वाचन प्रणाली हटाएर पूर्ण समानुपातिक निर्वाचन प्रणाली कायम गर्ने हाम्रो मुद्दा हो।'
त्यस्तै, जसपा उपाध्यक्ष रकम चेम्जोङले संसद् बिघटन र प्रतिगमनलाई परास्त गर्ने प्रमुख शक्ति जसपा नै रहेको दाबी गरे। 'कांग्रेससहितको तानाशाह र प्रतिगमन विरुद्धको मोर्चाले नै मुलुक र संविधान जोगाएको भन्दै उनले आगामी चुनावबाट ओली र उनी जस्ता प्ररिगामीहरुलाई परास्त गरे मात्र गणतन्त्र, सङ्घीयता, धर्म निरपेक्षता र समानुपातिक समावेशीता स्थापित हुने बताए। कम्तिमा आगामी चुनावसम्म वर्तमान मोर्चा जोगाउनु पर्नेमा जोड दिँदै उनले जसपाले नै त्यो वातावरण निर्माण गर्ने अठोट ब्यक्त गरे।

# महन्थलाई...

मानिएको छ। दलहरूसँग सम्बन्ध बढाउन आएको अभिव्यक्ति दिएका उनले जसपा नेपालका नेताहरुसँग भेट नगर्नुले भाजपाले जसपासँग सम्बन्ध बनाउन नचाहेको हो त भन्ने आशंका स्वाभाविक रुपमा बढेको छ। जसपा एकीकरणपछि यादवले लगातार दिल्लीलाई चिढ्याउने काम गरेको आरोप लाग्दै आएको छ। सरिता गिरीलाई सांसदबाट निकाल्नेदेखि मधेशको माग पूरा गर्न केपी ओली तयार हुँदा त्यसको विपक्षमा लागेको आरोप पनि उनीमाथि छ। त्यस्तै महन्थ र राजेन्द्र महतोलाई साधारण सदस्यबाट समेत निकालेपछि दिल्लीले यो कुरालाई गम्भीरतापूर्वक लिएको बताइन्छ। भट्टराईप्रति भने भाजपा नेताहरु राजनीतिक भन्दा पनि अन्य कारणले रुष्ट छन्। जेएनयुका उत्पादन भए पनि बाबुरामले पछिल्लो समय धर्मलाई लिएर भारतीय जनताको मन दुःखाउने गरेको र उनले भारतीय मिडियामा लेख नै लेखेर हिन्दू धर्मप्रति दुवै देशका जनताविरुद्ध घृणा फैलाउने काम गरेको आरोप बिजेपी नेताहरुको छ।
बाबुरामले फेसबुक र ट्वीटरबाट हिन्दू धर्मलाई घृणा गरेर लेख्दा चौथाइवालेले पटक पटक सामाजिक सन्जालबाटै प्रतिवाद गरेका थिए। जेएनययुको भारतविरोधी 'हिडन एजेण्डा'लाई सघाउन सक्रिय रहने गरेको र भारतको आन्तरिक मामिलाहरुमा समेत कुटनीतिक मर्यादाविपरित टिप्पणी गर्ने गरेको आरोप चौथाइवालेको थियो।
बाबुराम र उपेन्द्रलाई बेवास्ता गरेर उनले उपेन्द्रका कारण मधेशवादी राजनीति कमजोर भएको र उनले आपत पर्दामात्र दिल्लीलाई सम्झिने र अघिपछि कुटनीतिक सीमा नाघेर व्यवहार गर्ने गरेको आरोप छ। त्यस्तै महन्थमाथिको व्यवहार र बाबुरामको हिन्दूविरोधी तथा भाजपाविरुद्ध लक्षित टिप्पणीहरु पनि स्वीकार्य नभएको सन्देश दिल्लीले चौथाइवालेमार्फत दिएको छ। यादव र भट्टराईलाई भारतले पछिल्लो समय त्यति विश्वास गरेको छैन। त्यसैले पनि चौथाइवालाले उनीहरुसँग भेट्न नमानेको हो।
तत्कालीन समाजवादी पार्टी विभाजन हुन लाग्दा भारतलाई भनसुन गरेर राजपा नेपालसँग एकीकरण गर्न सफल भएका यादवले पछिल्लो समय जसपा विभाजन हुँदा भारतलाई नै मुख्य दोषी ठानेका छनन्।दलभित्र विवाद बढ्दा अध्यक्ष यादवले सार्वजनिक रुपमै महन्थ ठाकुरले भारतीय दूतावासको इशारामा पार्टी विभाजन गर्न लागेको भन्दै आएका थिए। दूतावासकै इशारामा तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीलाई महन्थ ठाकुरहरुले साथ दिएको उनको आरोप थियो। जसपा विभाजनसँगै भारत र उपेन्द्र यादवको दुरी बढ्दै गयो।




## मिथिला दर्शन
### टीभी कार्यक्रम हेर्न नभुल्नु होला।

मिथिलाको धर्म, संस्कृति र संस्कारको संरक्षण, सम्बर्द्धन, प्रबर्द्धन र विशेष जानकारी दिनका लागि मैथिली संस्कृतिको साप्ताहिक टी.भी. कार्यक्रम मिथिला दर्शन NEWS 24 टेलिभिजनमार्फत् हरेक बुधबार बिहान ५:३० बजे र कार्यक्रमको पुनः प्रसारण हरेक बिहीबार राति १:३० बजे नियमित रूपमा प्रसारण हुँदै आइरहेको छ।

**विशेष जानकारीका लागि सम्पर्क**

**मोबाइल : ९८४३१४६४८८**

**कार्यक्रममा राय, सल्लाह, सुझाव र प्रतिक्रिया दिनका लागि**

Email : bsmedia65@gmail.com


**मधेशवाणी प्रा.लि.**द्वारा प्रकाशित, सम्पादक : **रामस्** ... कार्यालय : मधेश मिडिया हाउस, अनामनगर, काठमाडौं, फोन नं. ०१-५७०६१४२, ५७०६१४१, फ्याक्स : ०१-५७०६१४१,
Email : madl ... gmail.com, Website : www.madheshvani.com, मुद्रण : **धिम्ले अफसेट प्रेस**, काठमाडौं